# अनुग्रहको संदेश

धन्यवाद, भाई नेभिल। परमप्रभुले तपाईलाई आशिष दिनुभएको होस्। सुभ प्रभात मित्रहरु। यस बिहानी परमप्रभुको सेवाको लागि फेरी पनि यहाँ हुन पाउनु मेरो निम्ति निश्चित रुपमा एउटा सौभाग्य हो। र केवल क्षमाप्रार्थी छु कि मानिसहरुलाई राख्नको निम्ति यो सानो मण्डलीमा हामीसंग कुनै पनि कोठा बाकि छैन। यसले धेरै जनालाई राख्न सक्दैन। तर हामी अत्यन्त खुसी छौ कि हामीलाई धैर्यता पूर्वक प्रतिक्षा गर्नलाई, तपाई यहाँ आउनुभयो र बलिदान गर्न इच्छुक हुनुभयो। र हामी तपाईमा परमप्रभुको वचन ल्याउन पूर्ण कोशिष गर्नेछौ, यसलाई ल्याउन हामीले जाने सम्मको पूर्ण कोशिष गर्नेछौ। र अब म केवल...

2 यी सानी केटि जो भर्खरै भित्र छिर्दैछिन्, र उनको एउटा शिशु छ जसलाई उनले यस बिहानीमा अपर्ण गर्दैछिन्, र तिनीहरुले ढिला गरिरहेको उनले देखेसिन्, उनले केवल पर्खन चाहन्छु भनेकि छिन्। मैले यस महिलालाई पहिले कहिल्यै देखेको छुइन, तर म प्रार्थना गर्छु कि परमेश्वरले उनलाई आशिष दिनुभएको होस् र उनको हृदयमा उहाको महान आशिषहरु दिनुभएको होस्, कारण उनले धैर्यताका साथ प्रतिक्षा गरेकि छिन्।

3 अब, यो वर्षको त्यो समय आउदैछ जब यो शितल हुन शुरू गर्छ र जब हामी मण्डलीमा जम्मा हुन्छौ तब धेरै गर्मी हुनेछैन। र हामी भरोसा गरिरहेका छौ कि परमेश्वरले तपाईहरु सबैलाई प्रशस्त आशिष दिनुहुनेछ।

4 अब मैले बोल्नु भन्दा अगाडि म केहि कुराहरु भन्न चाहन्छु। म यस बिहान यस विषयमा बोल्न जादैछु भनि मैले यहाँ दिएको थिए, यदि प्रभुको इच्छा भए, *भुमरीभित्र हावा* भन्ने विषयमा। तर उहाले मेरो निम्ति बदलाव गर्नुभयो। म के बोल्नेछु भनि मैले तबसम्म कहिल्यै थाहा पाईन, केवल सभामा आउनुभन्दा केहि मिनेट अगाडि मात्रै थाहा हुन्थ्यो। र मैले त्यस विषयमा दोश्रो पटक कोशिष गरे, र मैले परमेश्वरबाट वापस उत्तर पाउन असफल रहे। मलाई थाहा छैन किन हो। म सधै जसो, जस्तो तपाई सबै यहाँ भएका सेवकहरुलाई थाहा छ, कि तपाईहरु के बोल्न जादै हुनुहुन्छ त्यसको लागि तपाईले परमप्रभुमा प्रतिक्षा गर्नु पर्दछ।

5 गत साँझ व्यक्तिगत पंक्तिमा, मलाई—तल अर्कान्सासको कुनै ठाउबाट एउटा कल आएको थियो, केहि मानिसहरु यहाँ माथि सर्न चाहन्छन् यहि आउने हप्तामा, तिनीहरुले भन्दै थिए कि हामीहरुले *सात मोहोरहरु* को विषयमा एउटा सभा शुरू गर्न लागेका छौ भनि तिनीहरुले सुनेका थिए। म भर्खरै *सात मण्डलीका युगहरु* बाट भएको आए, अन्जान व्यक्तिहरुको लागि। र उनको श्रीमान् आउने सोमबार आफ्नो लागि लुइसभिलमा रोजगारको लागि आउदै हुनुहुन्छ, ताकी उहाँले काम गर्न सकून् जब तिनीहरु ती *सात मोहोरहरु* सुन्नको लागि पर्याप्त मात्रामा नजिक भई सुन्नलाई बस्छन्। मैले भने, “त्यो लगभग तिन महिना जत्ति लाग्छ, केटि। हामी संग यहा सभाको प्रचार गर्नको लागि कुनै स्थान छैन, र त्यस्तै अन्य, यसलाई सम्हाल्न यस शहरमा केहि छैन, मानिसलाई बस्नको लागि केहि छैन।”

6 यदि परमेश्वरको इच्छा भए, म कहिले काही त्यो त्यहाँ बाहिर कुनै ठाउमा शिविरको रूपमा लिन मन छ, लगभग तिन महिनाको सभा राखेर ठिक त्यस मोहोरहरुबाट शुरू गर्न चाहन्छु, त्यहाँ बाहिर शिविरमा। त्यसपछि मानिसहरु केवल त्यसैद्वारा रहन सक्छन्।

7 यहाँ भित्र, यो प्रकासको ६ अध्यायदेखि शुरू भएर, १९ औ सम्म जान्छ। ताकि तपाईले सात मोहोरहरु पाउनु हुन्छ, सात विपत्तिहरु, तिन धिक्कारहरु, सिन्धुरे–रङ्गको पशुमा बसेकि स्त्री, र एक लाख चौवालिस हजार। ओ, त्यहाँ केवल यसको कति धेरै कुराहरु छन् जुन सात मोहोरहरु दिनुभन्दा अगाडि ती सबै गाँसीएर जान्छ, सात बिपत्तिहरु आउछ, सात तुरहिहरु बज्छ। र त्यहाँ कति धेरै कुराहरु छन् जुनले ती सबैलाई संगै गाँसेर ल्याउछ, र ती मध्ये हरेक आफैमा एउटा महान् दिनको पाठ हो।

8 अब आउनुहोस् वचनको प्रार्थनाको लागि केहि क्षण हाम्रो शिरहरु झुकाऔ। हामीले प्रार्थना गर्नुभन्दा पहिले, के यहाँ कोहि हुनुहुन्छ जसलाई यस प्रार्थनामा सम्झेको चाहनुहुन्छ, र आफ्नो हातहरु उचालेर आफैलाई चिनाउन चाहनुहुन्छ। र तपाईको हृदयमा, परमेश्वरमा सोच्नुहोस् त्यो कुराको लागि जुन तपाईलाई अहिले आवश्यक छ। र उहाँले त्यो तपाईलाई दिनुहुनेछ भनि म प्रार्थना गर्नेछु।

9 सर्वशक्तिमान र अनुग्रहि परमेश्वर, जो प्रार्थनाको उत्तर दिनुहुने परमेश्वर हुनुहुन्छ, एउटा पिता जसले आफ्नो छोराछोरीहरुको आवश्यकतालाई

जान्नुहुन्छ। तपाईले हामीलाई हामी जन्मनु भन्दा पहिले नै चिन्नुभयो, र तपाईले हाम्रो पाईलाहरु गन्नुभएको छ, हाम्रो शिरमा भएको केशको संख्याको गन्ति गर्नुभएको छ, र हाम्रो शब्दहरु तपाईको तराजुमा मापन गरिएको छ। त्यसैले, परमप्रभु परमेश्वर, यस बिहान यी कुराहरुमा हामीलाई मन लगाउन दिनुहोस, यस गम्भीर दायित्व जुन तपाईको सामू हाम्रो रहेको छ।

10 धेरै ती हातहरु बिहानमा उठेका थिए, यहाँ यस सानो मण्डलीमा, शायद यो तिनीहरुको बिमार शरीरको निम्ति, र गुमाएका प्रियहरुको निम्ति थियो होला। तपाईले तिनीहरुको हृदय जान्नुहुन्छ र तिनीहरुमा भएका सबै थोक जान्नुहुन्छ। किनकि, जब तपाई यस पृथ्वीमा खडा हुनुभएको थियो, मानिसको स्वरूपमा जसलाई येशू भनिन्थ्यो, हाम्रो प्रभु, तपाईले हृदयको गुप्त कुराहरुलाई जान्नुहुन्थ्यो। ती सबै कुरा जुन मानिसहरुले आफ्नो मनमा कल्पना गर्नसक्छन्, तपाईले तिनीहरुलाई ठिक त्यहि भन्न सक्नुहुन्थ्यो कि तिनीहरुले के सोच्दैछन् भनि, "किन तिमीहरु यी कुराहरुको बारेमा हृदयमा सोच्दछौ?" येशूले तिनीहरुको विचार भनिदिनुभयो। र हामी धर्मशास्त्रमा पढछौ कि तपाई हिजो, आज, सधै भरि एक समान हुनुहुन्छ। र यो पनि लेखिएको छ कि, "जहाँ दुई या तिनजना मेरो नाउँमा एकसाथ भेला हुन्छन्, म तिनीहरुको विचमा हुनेछु।" त्यसैले तपाई यस विहानीमा यहाँ हुनुहुन्छ, पवित्र आत्माको रूपमा हुनुहुन्छ, र मानिसहरुको हृदयमा भएको हरेक चाहनालाई जान्नुहुन्छ।

11 म तपाईमा प्रार्थना गर्दछु, पिता परमेश्वर, कि तपाई तिनीहरुमा वापस बोल्नुहुनेछ र भन्नुहुनेछ, "अब सिद्धिएको छ। तिम्रो विन्तीको जवाफ दिईएको छ, र म—म तिमीहरुलाई यस दिनमा निश्चितता पठाउदैछु कि ती सबै थोक जुन तिमीले मागेको छौ त्यो प्रदान गरिएको छ।"

12 परमेश्वर, हामीहरु विशेष गरि तिनीहरुलाई सम्झिन्छौ जो बाचेका छैनन्, र आफ्ना हातहरु उठाएका छन्। यो नै त्यस घडि भएको होस् कि तिनीहरुले ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा प्राप्त गर्न सकेका होऊन्।

13 आजको सभा समापन हुनुभन्दा अघि, त्यहाँ केहि घटना भएको होस्, प्रभु, जसले तपाईको उपस्थिति मानिसहरुमा यति नजिक ल्याएको होस् कि तिनीहरुले जान्न सकेका होउन् कि त्यहि येशू जो गालीलमा हिड्नुभएको थियो आफ्ना मानिसहरुको माझ आज खडा हुनुहुन्छ, तिनीहरु आज

यहाँबाट त्यहि निर्धक्कता साथ जान सकेका होउन् जस्तो तिनीहरुहरु भएका थिए जो त्यस समय इम्माउसबाट आएका थिए। तिनीहरु दिनभरी उहाँसंगै हिडेर जब त्यस बाटो भएर फर्किंदै थिए, उहाँसंग बोल्दै, र उहाँ पनि तिनीहरु संग बोल्दै हुनुहुन्थ्यो, र पनि त्यो उहाँ हुनुहुन्छ भनि थोरै पनि ज्ञान तिनीहरुमा थिएन।

14 ओ परमेश्वर, कति धेरै पटक हामी त्यस्तै नै हुन्छौ। तपाई हामीसंग सूर्य अस्ताउदाको बेलामा बोल्नुहुन्छ, चराहरुको गितहरुमा बोल्नुहुन्छ, पातहरुको सरसराहटमा बोल्नुहुन्छ, फूलहरु खिलने समयमा बोल्नुहुन्छ, मण्डलीको भजनहरुम बोल्नुहुन्छ, र त्यो तपाई हुनुहुन्छ भनि हामीले बुझ्न पनि सक्दैनौ। अस्पतालको बिमारीको कोठाहरुमा, र अन्य धेरै ठाउँहरुमा, तपाई हामीसंग बोल्नुहुन्छ र त्यो तपाई हुनुहुन्छ भनि हामीले विरलै मात्र पत्तो पाउछौ।

15 अब, प्रभु, जसै हामी यस बिहानीमा आफ्ना घरतर्फ फर्कन्छौ, तिनीहरुले जस्तै गरि हामीले पनि, तपाईलाई चिन्न सकौ, तपाईले त्यस पुराना दिनहरुमा गर्नुभए झैँ आज हाम्रो माझमा पनि केहि कार्य गर्नुहोस्। तिनीहरुले त्यो कुरा जान्दछन् जुन तपाईले तिनीहरुको अगाडि गर्नुभएको थियो। तपाईले तपाईको क्रूसमा टाँगिनुभन्दा पहिले गर्नुभयो, र तिनीहरुले जाने कि त्यो बौरी उठाईएको प्रभु हुनुहुन्छ। तिनीहरु आफ्ना समूह फर्केर गए, रमाहट गर्दै र परमेश्वरको प्रशंसा गर्दै, किनकि तिनीहरुले जान्दथे कि उहाँ जीवित हुनुहुन्छ भनि। र तिनीहरुले भने, “उहाँ हामी संग बाटोमा बातचित गर्नुहुँदा, र हामीलाई धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा के हाम्रो हृदय प्रज्वलित भएको थिएन र?” प्रभु, तपाई त्यहाँ प्रकट हुनुभएको र तपाईको क्रूसमा टाँगिनुभन्दा अगाडि गर्नुभएको कार्य त्यहाँ गर्नुभएको ले, तपाईको पुनरुत्थान साबित गर्नुभयो, कि तपाई उही नै येशू हुनुहुन्छ, जुनले तपाईसंगको तिनीहरुको हरेक संबाद स्मरण गर्ने बनायो। तपाई हामीहरु संग पुरा हप्तासम्म बोल्नुभयो। अब हाम्रो माझमा प्रकट हुनुहोस् र ती आवश्यक परेको हरेक हृदयमा आफैलाई चिनाउनुहोस्। किनकि हामी येशूको नाममा, र उहाँको खातिर माग्दछौ। “आमेन।”

16 [एकजना बहिनीले अन्य भाषामा बोल्न शुरू गर्नुहुन्छ। टेपमा रहेको रिक्त स्थान। एउटा भाईले त्यसलाई उल्था गर्नुहुन्छ—सम्पा।]

17 अब हामी मण्डली प्रार्थना गर्नेछौ:

हे हाम्रा स्वर्गमा बस्नुहुने पिता, तपाईको नाउँ पवित्र गरियोस्।
तपाईको राज्य आओस्। स्वर्गमा झैँ तपाईको इछ्या पृथ्वीमा पनि पूरा होस्।
हामीलाई हाम्रो दिनभरिको रोटि आज दिनुहोस्।
र हाम्रा अपराधहरु बाट हामीलाई क्षमा दिनुहोस्, जसरी हामीले पनि आफ्ना अपराधीहरुलाई पनि क्षमा दिएका छौ।
र हामीलाई परिक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट हामीलाई बचाउनुहोस्; किनकि राज्य, र पराक्रम, र महिमा, सधैको निम्ति तपाई कै हो। आमेन।

18 कि यदि मेरो कलम एउटा मूर्तिकारको उपकरण र मेरो कागज पत्थर भईदिएको भए, र यी शब्दहरु जुन म अहिले भन्दछु, यो यसमा उत्किर्ण होस् ताकी यो सबै मानिसहरु माझ पुग्न सकेको होस्।

19 परमेश्वरको पवित्र आत्माले उहाँको मानिसहरुको माझमा काम गर्ने अनौठो तरिकाहरु छन्। धेरै पटक आश्चर्य कर्महरु र वरदान र बोलावटहरुको माध्यम द्वारा कार्य गर्नुहुन्छ, जुन पश्चाताप बिना नै हुने गर्छ, जुन परमेश्वरले यी कुरा आफ्ना मानिसहरुमा अनुग्रहद्वारा दिनुहुन्छ।

20 म अब घरमा छु, एक तरिकाको छोटो छुट्टि जस्तोमा छु। म सामान्यतः यो समय घरको लागि लिने गर्छु, वर्षको यस समय लिने गर्छु, किनकि मलाई विश्राम लिन मन लाग्छ जब म लोखर्के सिकारमा जाने गर्छु। र यस हप्तामा म मेरा साथीहरु संग लोखर्के सिकारको लागि तल केन्टकीमा रहेको थिए, जुन मलाई अति मन पर्ने स्थल हो। केहि तरिकाले म निरुत्साहित भएको थिए, यस कारणले होइन किनकि मैले लोखर्के भेट्न सकिन, तर मैले यसै पनि निरुत्साहित महसूस गरे। म भित्र केहि कुराले म घर फर्कनु पर्छ भनिरहेको थियो। र म घर फर्किदै गर्दा कारमा नै सुते।

21 गत साल, जस्तो तपाईहरु सबैलाई थाहा छ, जुन प्रकाशनमा पनि छ र गवाहि र टेपमा पनि छ। म यहाँ इन्डियानामा एउटा ठाउँमा बसिरहेको थिए जहाँ परमप्रभु परमेश्वर तल आउनुभयो र मसंग बोल्नुभयो, कि, मेरो दोस्रो सेवकाई, जुन आउने निकट भविष्यमा हुन जादैछ। र त्यहाँ बोलिएको वचनद्वारा तिन ओटा लोखर्के अस्तित्वमा आयो। मलाई पक्का छ

कि तपाईहरु सबैलाई यो कहानी थाहा छ। कुनै प्रकारले, तल सडकमा भएर जाँदै गर्दा म...जबकि मैले बाकि रहेका केटाहरुलाई सिकार खेल्न जान दिएको थिए, म—मलाई यो ठाउँमा फेरी जानको लागि अनौठो खालको भाव आईरहेको थियो। यो दिउसोको उज्यालो समयभन्दा अगाडिको झरी थियो, र मलाई थाहा सम्म पनि थिएन कि तिनीहरुले सिकार खेल्न पाउने पनि छन् कि छैनन् भन्ने, तर म त्यहाँ मैदान जानेछु। *सिकार* को अर्थ हो "प्रार्थना गर्नको निम्ति आफैलाई एकान्तमा राख्नु।" र मैले कार रोके र बाहिर निस्किए र सडक पार हिडेर गए र त्यहाँ झाडी तिर गए, र ठिक दिउसोको उज्यालो हुनुभन्दा अगाडिको समय थियो, यो एक प्रकारले खैरो, बिहानी।

22 म त्यहाँ रोकिए र सानो शब्दको प्रार्थना गरे, जस्तो मैले सामान्य रुपमा गर्ने गर्छु, र पितालाई प्रार्थनामा भन्दै थिए, कि, "मेरो आवश्यकता जे थियो त्यो, प्रदान गरिदिन को निम्ति भन्दै थिए।" म कुनै पनि कुरा खेर फाल्नेमा विश्वास राख्दिन, या नाश गर्नेमा; मैले एउटा निशानाको अभ्यासको लागि कहिल्यै पनि कुनै चरा या अन्य कुरा मरेको छैन। जे मैले सिकार गर्छु, त्यो म खान्छु, या त्यो कसैलाई दिन्छु जसले खान्छ। म कुनै पनि कुरा खेर फाल्नुमा विश्वास गर्दिन। म त्यस्ता कार्य गर्ने कुरामा विश्वास गर्दिन, किनभने त्यो सहि होइन।

23 त्यसपछि जसै म फर्किए र मैदानको छेउमा रहेको परिचित मार्गबाट भएर जानलाई शुरू गरे जुन एल–आकारको काठहरु राखेको ठाउँबाट पारी छ, र केहि अनौठो कुरा हुन पुग्यो। मेरो सबै अनुभवहरुमा, यस्तो खालको कुनै कुरा कहिल्यै भोगेको थिईन। म उभेको ठाउँ बात मेरो बाँया पट्टिमा रहेको पहाडको टुप्पोमा मैले हेरे, र त्यहाँ, पहाडको टुप्पोबाट, तिन ओटा इन्द्रेणीहरु आईरहेको जस्तो थियो। र तिनीहरु लगभग तिस फूट माथि आईरहेको थियो। पहिलो त, मैले हेरे र प्रकाश देखे र त्यसपश्चात म पछाडि फर्किए, किनभने मैले त्यो सूर्य उदाएको होला भनि सोचेको थिए। दोस्रो पटक मैले सोचे, यो त सूर्य तर्फ थिएन, यो त दक्षिण तर्फ थियो। र अर्को कुरा, त्यो सुगम, बादल लागेको, पानि परेको, जताततै पानि परेको अवस्था थियो। त्यो अगस्ट २५ तारिक थियो, गत शुक्रबार बिहान, र तपाईलाई थाहा छ त्यो बेला कस्तो पानि परेको थियो। र सबैतिर सुगम बादल थियो।

24 र मैले फेरी हेरे। र त्यहाँ त्यो, झन् अग्लो र अग्लो हुदै थियो, तिन ओटा इन्द्रेणीहरु। मैले मेरो टोपी खोले। मैले मेरो बन्दुक तल राखे। मैले मेरो हात उचाल्दै त्यस तर्फ हिड्न शुरू गरे। केहि कुराले मलाई यस्तो भनिरहेको जस्तो थियो कि, “यो धेरै नै नजिक भयो।” म तल बस्न लागिरहेको थिए र मैले लगाईरहेको जुत्ता खोल्न लागेको थिए, यो हेर्नको लागि कि कतै म अझै नजिक जान सक्छु कि। तर म त्यसको थोरै गजसम्म जान सके र मैले त्यसको रङ्ग देखे, चारै तिर ढूडी छाईरहेको थियो। म केहि क्षणको लागि स्थिर भएर उभिरहे। त्यो ठिक त्यो सानो पहाडको टुप्पोबाट आईरहेको थियो। र मैले हेरे, जसै तिन ओटा (एउटा दायाँ तर्फ, एउटा बाँया तर्फ, र एउटा बिचमा) एउटा कचौरा जस्तो गरी तल आईरहेको थियो। त्यो यति वास्तविक थियो, त्यो जीवित, त्यो चहलपहल गरिरहेको थियो र आफ्नो गति बनाई रहेको थियो। र म त्यहाँ उभिरहे जबकि यो खैरो बिहानी नै थियो।

25 म फर्के र फेरी हेरे, र म ठूलो स्वरले चिच्याए, “ओ परमेश्वर, तपाईको दासले के जानेको तपाई चाहनुहुन्छ?”

26 ठिक त्यसबेला परमप्रभुको आत्मा आउनुभयो र भन्नुभयो, “नया करारको येशू नै पुरानो करारको यहोवा हुनुहुन्छ, उहाँले केवल आत्माबाट मानवमा आफ्नो मुखौटा बदल्नुभएको हो।” निश्चय नै, उहाको बारेमा मैले दिएको संदेशलाई त्यो पुष्टि गर्ने खालको थियो। मलाई यो थाहा दिदै हुनुहुन्थ्यो, निश्चय भयो कि यी एकतिस वर्ष व्यर्थमा गएको छैन।

27 जसै म नजिक जान शुरू गरे, त्यो टाढा जान थाल्यो, र यो कचौरा जस्तो आकारमा तल तिर गयो, र त्यस पछि विलिन भयो। म नजिक तिर गए। म त्यो भन्दा नजिक जान डराएको थिए, किनभने म त्यहाँ पुग्नुभन्दा पहिले उहाँले मलाई रोक्नुभयो।

28 म फर्के र मैले त्यो ज्योतिलाई ध्यान दिए, जुन तरिकामा त्यो मेरो लागि चम्किरहेको थियो, त्यो ठिक त्यस रुखको रेखामा थियो जुन ठाउँमा म गएको साल बसेको थिए, जहाँ लोखर्के देखा परेको थियो। केहि त्यस्तै पैतिस या चालिस मिनेट पश्चात, म तल जंगलहरु भएर र खोला पारी गए, त्यो रुख निर नपुगुन्जेल सम्म गए जसले चारओटा दिशाहरुलाई छुट्टाउथ्यो (पूर्व, उत्तर, पश्चिम, दक्षिण), रुखको चार भागहरु, जुन बाहिर निस्किदै थियो। र म त्यो रुखको भागमा चढे, र त्यहि बसे जहाँ त्यसबेला पहिले मलाई उहाँले धर्मशास्त्रको वचन भन्नुभएको, “यदि तैले

यस पहाडलाई, ‘हटिजा’ भन्छस् भने।” र जसै म त्यहाँ केहि बेर उभिए, अझै पनि इन्द्रेणीको बारेमा सोचेको चाहि थिईन, त्यस कुरा मेरो दिमागबाट हराईसकेको थियो। म त्यहाँ उभिए। यो वर्ष चाहि लोखर्के सिकारको लागि एकदमै खराब वर्ष थियो, सबैकुरा ढिलो भएको छ, कुनै लोखर्के छैन।

29 मैले सोचे, “ठिक यहि नै हो जहाँ परमेश्वरले मलाई गत वर्ष लोखर्के दिनुभएको थियो, जुनलाई बोलेर अस्तित्वमा ल्याईएको थियो।” मैले मेरो टोपी फेरी पनि खोले, र मैले भने, “परमप्रभु परमेश्वर, तपाई अझै पनि उहि येशू हुनुहुन्छ। तपाई अझै पनि परमेश्वर हुनुहुन्छ।”

30 र केहि कुराले मलाई भन्यो, “यसपाली तलाई कतिओटा चाहिन्छ?”

31 मैले भने, “ठिक त्यति नै जति मैले पहिले गरेको थियो, सिमित।” र त्यसपछि मैले भने, “आजको दस बज्नुभन्दा पहिले मलाई यति सिमितमा चाहिन्छ।” र त्यो जस्तो अनौठो देखिन्छ, ठिक तब म खराब मच्छरहरु धेरै हुने इलाकानिर थिए, जहाँ त्यो मच्छरहरुबाट पिडित थियो, र एक तरिकाको दलदली भूमि थियो, र एउटा ठूलो मच्छर ठिक मेरो आँखानिर टोक्न आयो, र मैले भने, “यस दिनमा मलाई यी मध्ये एउटाले पनि सताउने छैन,” म संग कुनै मच्छर मार्ने औषध या त्यस्तो केहि कुरा साथमा थिएन। र, मैले त्यो जान्नुभन्दा पहिले, मैले भने, “तिन मिनेट भित्रमा सूर्य उदाउनेछ।”

32 र तबसम्म मैले यो भन्दा बढि केहि पनि भनेको थिईन, ठिक मेरो पछाडि, ठिक एक वर्ष पहिलेको जस्तै एउटा जवान, रातो खालको लोखर्के लगभग सत्तरी गजको दूरीमा रुखको हागोमा उफ्रेर आयो र भुक्न थाल्यो। म चारैतिर फर्किए। त्यत्तिको लामो दूरीमा, मैले विरलै मात्र, शक्तिशाली सुक्ष्मदर्शी यन्त्रले, त्यसको आँखा देख्न सक्थे। केहि नसोची मैले केवल गोलि हाने, मेरो लक्ष्य त्यो लोखर्के भन्दा बाहेक अरु केहि मा थिएन। र गोलि ठिक आँखानिर लाग्यो जस्तो यो पहिलेको समयमा पनि भएको थियो।

33 जंगलको तल भएर म गए। र ठिक दस बज्न तिन मिनेट बाकि रहदा, मैले मेरो तेस्रो लोखर्केलाई गोलि हाने, ठिक त्यस्तै भयो जुन यो गएको वर्ष भएको थियो, ठिक उस्तै नै भयो। दस बज्न भन्दा तिन मिनेट पहिले। परमेश्वर, जो मेरो एकमात्र न्यायधिश हुनुहुन्छ, मलाई दिनभरिमा एउटा पनि मच्छरले टोकेन, ठिक त्यहाँ जहाँ मच्छरहरु धेरै टनमा थियो, मलाई लाग्छ,

यदि तिनीहरुलाई तौल्न सकिने भए त्यति नै थियो। र मैले त्यस्तो खालको एउटा पनि कहिल्यै देखेको या सुनेको पनि छैन। मैले तिनीहरुको लागि सुनिरहेको थिए। र मैले एउटा गुनगुनाएको आवाज सुने, मैले सोचे, “त्यहाँ कतै कोहि छ,” र मैले सुने र त्यो एउटा ट्रक थियो, टाढा राजमार्गमा। र त्यो समयको ठ्याक्कै तिन मिनेट पश्चात, घाम लाग्यो र एकदम राम्रो र उज्यालो भयो।

34 त्यसपछि म फर्केर आफ्नो ठाउँमा आए। र मैले सोचिरहेको थिए, जब मैले “सिमित” शब्द प्रयोग गरेको थिए, त्यसको अर्थ *पाँचओटा लोखर्के* थियो, जुन चाहि इन्डियानामा सिमित थियो। तर मलाई याद छ गत वर्ष, जब उहाले मलाई सोध्नुभएको थियो मलाई खानाको लागि कति चाहिन्छ, मैले भनेको थिए, “तिन ओटा,” र मैले केवल तिनओटा पाएको थिए। त्यसैले म हिजो फेरी फर्केर गए, त्यहि ठाउँमा फेरी गएको थिए, र केहि कुराले भन्यो, “त्यहाँ नजा। बाटो काटेर जा।”

35 र ठिक दस बजे, विल्कुल दसको सुइमा, मेरो घडिमा दस बजिरहेको थियो, मैले इन्डियानाको सिमित मा नै गोलि हाने, पाँचौ लोखर्केलाई मारे। म तपाईले ध्यान दिएको चाहन्छु कि त्यहाँ तिन ओटा इन्द्रेणीहरु थियो, र त्यहाँ तिनओटा कुरा भनिएको थियो, तिन ओटा लोखर्के पाएको थियो। त्यहा तिनओटा कुराहरु थियो: दस बजेसम्म तिन ओटा लोखर्के थियो, कुनै मच्छर थिएन, घाम तिस मिनेटमा उदाएको थियो। र त्यहाँ साक्षी दिनको लागि तिन कुरा थियो: भाई ब्यांक्स वूड, मेरो छोरा बिल्ली पल, र उसको छोरा डेभिड थियो यसलाई साक्षी दिनको लागि।

36 जब मैले ती इन्द्रेणीहरु देखेको थिए, ठिक त्यत्तिकै चौडा थियो जस्तो त्यो प्रकाशमाया घेरा छ, त्यो परमप्रभुको दुत, तर त्यहाँ तिनओटा थियो जुन एउटै तर्फ आएको थियो। ओ, यस कुराले मेरो हृदयलाई कति धेरै मद्धत गर्यो, यो जान्नको लागि कि, येशू केवल एउटा मानिस मात्रै हुनुहुन्न जस्तो मानिसहरुले उहाँ हुनुहुन्छ भनि सोच्छन्, केवल भविष्यवक्ता मात्रै, जस्तो यस आधुनिक ज्ञानले येशू केवल एउटा भविष्यवक्ता मात्र हुनुहुन्छ भनि सोच्छन्, उहाँ पुरानो करारको यहोवा हुनुहुन्छ जो देह बनाईनु भयो र हामी माझ वास गर्नुभयो। र, त्यहाँ, त्यस कुराले मलाई निश्चयनै आनन्दित बनायो। त्यसपछि, त्यस विषयमा सोच्दै गर्दा, कि परमेश्वरले कतिधेरै मानिसहरुलाई खोज्नुहुन्छ।

37 त्यहाँ एउटा मानिसहरु को समूह छन्, जसले आफैलाई “एक परमेश्वरवादि” या “येशू मात्रै” भन्न रुचाउछन्। म तिनीहरुको सिद्धान्तसंग सहमत छुइन। न त म ती त्रिएक समूहसंग सहमत—सहमत छु जसले भन्छन् कि त्यहाँ तिनओटा अलग अलग परमेश्वरहरु छन्, त्रिएकका चरम। तर म विश्वास गर्छु कि ती तिन, पिता, पुत्र, र पवित्र आत्मा, एक हुन्, कि ती एउटै परमेश्वरको तिन कार्यभारहरु हुन्। उहाँ पितृभावमा जिउनुभयो, आगोको खम्बाको रूपमा, उहाँ पुत्रभावमा पनि जिउनुभयो, येशू ख्रीष्टको रूपमा; र अहिले उहाँ पवित्र आत्मा भई जिउनुहुन्छ, उहाँको मण्डलीमा। उहि प्रभु येशू जो शरीरमा आउनुभयो र हामी माझ वास गर्नुभयो, उहाँ नै यस दिनमा, हामीसंग हुनुहुन्छ पवित्र आत्माको रूपमा।

38 सबै अनुभवहरु मध्ये! जब म पहिले फर्किए र त्यसलाई देखे, सोचिरहेको थिए कि त्यो घाम हुनसक्छ जुन कहिँ एउटा—एउटा बादल बाट भएर निस्केको हुनसक्छ, तर त्यो घाम उदाउनुभन्दा अगाडिको समय थियो। त्यसपछि जब म फेरी पछाडि फर्केर हेरे, र त्यो एउटा ज्योति होइन भनि देखे, त्यो इन्द्रेणी थियो। र जब मैले हेरे र त्यो देखे, म पूर्णरुपले स्तब्ध भए।

39 त्यहि बेलामा कसैले मलाई भन्यो, “के तिमीलाई ठुलो स्वरले कराउँ जस्तो लागेन?” अँह, मलाई कराउन मन लागेको थिएन। ती अनुभवहरुले कहिल्यै पनि तपाईलाई चिच्याऊ जस्तो बनाउदै, त्यसले स्तब्ध बनाउछ, जुन ठाउँमा तपाईलाई थाहा हुन्छ कि त्यहाँ केहि छ जसले तपाईलाई केहि भन्छ, विल्कुल एक प्रकारको सन्तुष्ट महसूस गराउछ।

40 अब ती कुराहरु सत्य हुन्। मलाई थाहा छ कि हामी संग त्यस्ता कुराहरु छन् जसले भन्छ, कि धेरै पटक केहि मानिसहरुले भन्छन्, “ओ, म त्यस्तो खालको कुराहरुमा विश्वास गर्दिन।” म त्यस्तो कुराहरुको प्रमाण लेख दिनसक्दिन, मलाई थाहा छैन। म केवल त्यसको प्रमाण लेख दिनसक्छ जुन मलाई सत्य छ भनि थाहा छ। र शक्तिशाली परमेश्वर, जसले यो बाईबल लेख्नुभयो, र म उहाँको दास हुँ, उहाँलाई थाहा छ कि त्यो सत्य हो।

41 यसको बारेमा सोच्नुहोस्, कि यो दिन जुन हामी जिईरहेका छौ, विल्कुल प्रभुको आउने दिनभन्दा अगी जिईरहेकाछौ, येशूले भन्नुभयो, “त्यहाँ माथि आकाशमा र पृथ्वीमा चिन्हहरु हुनेछ, महा दृश्यहरु, उडिरहेको वस्तुहरु, मिसाईलहरु, विपत्तिको समय, जाति जाति विच

संकट, र पृथ्वीमा डर लाग्दा दृश्यहरु हुनेछ।” र ती कुराहरु देख्नको लागि हामीहरु त्यस दिनमा जिईरहेका छौ।

42 अब, संदेशको लागि यस बिहानीमा जुन मैले चुनेको छु, तपाईहरुले मसंगै धर्मशास्त्रमा खोल्नुहोस्, जकरियामा। यो मेरो...जकरिया, ४ औ अध्याय।

43 तपाईहरुलाई यी कुराहरु भन्ने मेरो चाहना थियो। धेरै पटक घटनाहरु भएका हुन्छन् जसको बारेमा मैले बोलेको—बोलेको हुदिन, त्यो कुरा भनेको हुदिन। तर मण्डलीलाई नभनी बस्नको लागि यो मेरो निम्ति अत्यन्त उत्कृष्ट छ। यो भनिनु नै पर्छ! र, परमेश्वर जसको अगाडिमा खडा हुन्छु, यो कुरा सत्य हो। मलाई थाहा छ कि त्यहाँ परमेश्वर हुनुहुन्छ, र म जान्दछु कि येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ, इम्मानुएल, उहाँको मानिसहरु विच पवित्र आत्माको रूपमा आज वास गर्दै हुनुहुन्छ। र म जान्दछु कि प्रभुको आउने दिन नजिकिदै छ, जब चिन्हहरु र आश्चर्यको कुराहरु देखा पर्दैछ।

44 हामी हालसालै सातओटा मण्डलीको युगबाट पढेर आएका थियौ, र यो सिकेर हामी जान्दछौ कि हामीहरु अन्तिम र लाउडिकीया मण्डलीको युगमा छौ, जब मण्डली असावधान, चिसो, संगठित, र संस्थागत हुन्छ; संस्थाहरु त्यसमाथि हावी हुन्छ र त्यसलाई खान्छ। तर एउटा प्रतिज्ञा जसले त्यहाँ एउटा सानो भाग रहन्छ भनेको छ। त्यहाँ एउटा मण्डली हुनेछ जुन सबै ठाउँ तिर छरिएर रहेको हुन्छ, तर परमेश्वरले संगै भेला गराउनुहुनेछ र त्यसलाई महिमामा र्याप्चर गराउनुहुन्छ; कुनै ठाउँमा रहेको थोरै पवित्र पारिएको समूह, परमप्रभुलाई पर्खिरहेको।

45 वितेको केहि दिन अगाडि जब मैले *दानिएलको सत्तरी हप्ताहरु* भन्दै थिए, ठिक यहि पुल्पिटमा उभिरहेको थिए, केहि कुराले मलाई हान्यो, म त्यसबाट कहिल्यै पनि टाढा हुनसकेको थिईन। त्यस घडि हेर्नको लागि जसमा हामी जिईरहेका छौ! म कहिँ जान चाहन्छु र केहि गर्न चाहन्छु, त्यो कुरा मेरो दिमागबाट टाडा राख्न चाहन्छु। म संग मेरा धेरै प्रियहरु छन् जो बचाईएका छैनन्। यो जान्न चाहन्छु कि, मैले तिनीहरुलाई बचाउनको निम्ति के गर्नसक्छु? त्यहाँ के छ जुन मैले गर्न सक्छु? मैले सुसमाचार प्रचार गरेको छु। परमेश्वरले महान् चिन्हहरु र आश्चर्यको कामहरु गर्नुभएको छ जुन संसारको, परमप्रभुको दिन पछि पहिले कहिल्यै पनि भएको थिएन, उहाँले यस्तो इतिहासको समयमा पहिले कहिल्यै पनि गर्नुभएको थिएन।

र यी कार्यहरु सारा संसारमा गएको छ। र अझै पनि संसार निरन्तर रूपमा विग्रदै नै गईरहेको छ। तर त्यसपछि मैले यो सम्झनुपर्छ कि हामीहरु लाउडिकीयाको मण्डली युगमा जिईरहेका छौ, जहाँ तिनीहरु अझै खराब हुदै जान्छन्, र तिनीहरु यस्तै नै हुनेछन् भनिएको छ।

46 त्यसपछि यस बिहानीमा मैले यो छुने, जबकि संदेश यदि धेरै आक्रमणमा परेको छ, अर्को कुरा जुन मैले अनुग्रहको बारेमा प्रचार गरिसके पछि पाएको छु। म जकरियाको ४ औ अध्याय पढ्दै गर्दा म यस बिहान त्यस विषयमा बोल्न चाहन्छु, यसको केहि भाग पढ्नेछु।

*जसरी कोहि मानिसलाई निद्राबाट* जगाईन्छ *तब मसित कुरा गर्ने ती स्वर्गदूतले आएर मलाई त्यसरी जगाए।*

*र तिनले मलाई सोधे, "तिमी के देख्छौ?" मैले जवाफ दिएँ, "जम्मै सुनको एउटा समादान म देख्दछु। त्यसको टुप्पामा एउटा बटुको छ। त्यसमाथि, सात ओटा बत्ती छन्, र टुप्पामा भएको प्रत्येक बत्तीमा सात ओटा नाली गाँसिएका छन्।*

*त्यसको छेउमा दुई ओटा जैतूनका रूखहरु, एउटा बटुकाको दाहिनेपट्टि र अर्को त्यसको देब्रेपट्टि छन्।"*

*तब मसित कुरा गर्ने ती स्वर्गदूतलाई मैले सोधे, "हे मेरा प्रभु, यी के हुन्?"*

*र मसंग बोल्ने दुतले जवाफ दिए, "यी के हुन् भनी तिमी जान्दैनौ?" मैले जवाफ दिएँ, "अँहँ, जान्दिन मेरा प्रभु।"*

*यसैले तिनले मलाई भने, यरुबाबेलको निम्ति परमप्रभुको यो वचन छ: न त बलले न शक्तिले, तर मेरो आत्माले, सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ।*

47 के तपाईले देख्नुभयो? संदेश कुनै महान् बल या शक्तिले आउदिन, तर परमेश्वरको आत्माले आउदछ! अन्तिम पढ, ७ औ पद।

*ए शक्तिशालि पर्वत, तँ के होस् र? यरुबाबेलको सामुन्ने तँ मैदान हुनेछस्। अनि उहाँले शिर-ढुंगालाई परमेश्वरले यसलाई आशिष दिऊन्! भन्ने* जयजयकार, *चिच्याहट साथ निकाल्नु हुनेछ। अनुग्रह, यसमा अनुग्रह भएको होस्।*

48 हामीहरु सबैजना यस पवित्रशास्त्र संग परिचित छौ, जसले बाईबल पढ्नुहुन्छ। हामी जान्दछौ कि यो मन्दिरको पुनर्स्थापनाको समयको दौरानमा थियो। र जेरूबाबेल मानिसहरुको विचमा एउटा महान् राजकुमार थिए, जसले भवनको जग बसालेका थिए। अब, तपाई, हामीले यो विचार गर्दै गर्दा तपाईले आफ्नो आत्मिक विचार, अभिषेकको वस्त्र, यस बिहानीमा लगाएको म चाहन्छु। र यस महान् राजकुमारले परमप्रभुको घरलाई पुनर्निमाण गर्ने अठोटमा थिए। र त्यसपछि, जब उनले गरे, उनले जगको लागि ढुङ्गो हाले।

49 र जसै हामी अगाडितिर पढ्दै जान्छु, परमेश्वरले भन्नुभएको हामीले भेट्टाउछौ, "जेरुबाबेलले आफ्नो हातले जग बसालेका थिए, उनले शिर–ढुङ्गो पनि ल्याउनेछन्।" तपाईले यो ध्यान दिएको म चाहन्छु, उहाँले कहिल्यै पनि यो भन्नुभएन कि उनले "कुने–ढुङ्गो" ल्याउनेछन्। उनले "शिर–ढुङ्गो" ल्याउनेछन्।

50 र हामी जान्दछौ कि धर्मशास्त्रले भन्छ कि येशू नै मूख्य कुने–ढुङ्गो हुनुहुन्छ, र र उहाँ शिर–ढुङ्गो पनि हुनहुन्छ। अब हामीले केहि मिनेटको लागि सोच्यौ भने, कि, सातौ मण्डलीको संदेशवाहकले "पिताहरु तर्फ छोराहरुको विश्वास फर्काएर पुनर्स्थापन गर्नपर्ने हो।" अर्को शब्दमा भन्दा, आत्माको शक्तिमा मण्डलीलाई फेरी पुनर्निर्माण गर्नु हो। "न त बलले न शक्तिले, तर मेरो आत्माले," सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ। संस्थाबाट होइन, संगठनबाट होइन, तर पवित्र आत्माद्वारा, परमेश्वरले मण्डलीलाई अन्तिम दिनमा ल्याउनुहुनेछ।

51 यारूबाबेल, यहोशूसंगको राजकुमार, उनी नै थिए जसले शिर–ढुङ्गो ल्याउनेवाला थिए। उनले जग बसालेका थिए, उनले मानिसहरुलाई फर्काएर जगमा लागेका थिए, एउटा चित्रणमा।

52 जुन, हामीहरु सबैले जान्दछौ कि यी समादानहरुले दुवै यहूदी र मण्डलीलाई जनाउदछ। तिनीहरु "जैतूनको हाँगाहरु," थिए, बाईबलले यहाँ यस्तै भएको छ। र जैतूनको हाँगा, हामीहरु जंगली हाँगाहरु हौँ जुन घरेलु जैतूनको रूखमा जोडिएका थियौ; हामी अन्यजातिहरु! र यी दुई वटा हाँगाहरुबाट धुपौरोको पाईप आउछ, जुन सात ओटा सुनको समादानमा जान्छ, जुनले सात ओटा मण्डलीको युगलाई ज्योति दिन्छ।

53 अब याद गर्नुहोस्, पाठको हाम्रो शिक्षामा जुनबाट भएर हामी भर्खरै गएका छौ, जहाँ हामीले दुईओटा महान पिरामिडहरु लिएका थियौ र त्यो केहि बेरको अध्ययन गर्यौं, जुन हनोकले बनाएको हुनुपर्छ। र शिर–ढुङ्गो पिरामिडमा कहिल्यै पनि राखिएन। म त्यहाँ पुगेको छु। यसको वास्तुकला आजको दिनसम्म पनि कसैले स्थान लिन सक्दैन। हामीसंग कुनै यन्त्र जसले एउटा पिरामिड बनाउन सक्छ, कुनै शक्ति (आणविक शक्ति बाहेक) जसले पिरामिड बनाउन सकोस्, किनकि यो अत्यन्त विशालकाय छ। ढुंगाहरु जुन टनको पनि टन र त्यसको पनि टनको वजन हुन्छ, त्यो माथि हावामा खडा हुन्छ, त्यसलाई संगै राखेर कि यहासम्म कि एउटा पातलो धारिलो पट्टिले पनि काट्न सक्दैन...र तिनीहरु सिमेन्टले भरिएको पनि छैन, तिनीहरु केवल काटेको छ ताकी तिनीहरु एक देखि अर्कोसंग जोडिएर रहिरहन सकोस्।

54 त्यहि तरिकामा हुन पर्छ येशू ख्रीष्टको शरीर पनि, पवित्र आत्माले यति मिलाएर काटेको होस्, परमेश्वरको महान यन्त्र र उपकरणले, कि हामीहरु एउटै व्यक्तिको रूपमा जोडिन सकौ। हामीहरु विभाजित छैनौ। हामीहरु एउटा व्यक्ति हुनुपर्दछ! र यसले यो देखाउछ कि कुनै पनि यन्त्रले त्यस तरिकामा गर्न सक्दैन। यो गर्नको लागि परमेश्वर चाहिन्छ। कुनै संस्थाको यन्त्र विद्या, कुनै समिति स्थान, जति सुकै तिनीहरुको अभिप्राय राम्रो किन नहोस्, यी मध्ये कुनै पनि कुराले कहिल्यै पनि यो गर्न सक्दैन। तिनीहरुले यो कहिल्यै गर्न सक्दैनन्, किनभने यो गर्नको लागि परमेश्वर नै चाहिन्छ, पवित्र आत्मा।

55 मलाई लाग्दैन कि मेरो खोल्टिमा कुनै पैसा छ। तर त्यहाँ...हो, मसंग छ, म संग डलर पैसा छ। मलाई माफ गर्नुहोला। यो डलर पैसाको पछाडि तपाईले संयुक्त राज्यको मोहोर देख्नसक्नुहुन्छ, म बाट तपाई तिर हेर्दा बाँया पट्टिमा देख्न सकिन्छ। म बाट यो बाँयापट्टिमा छ; तपाईको, यो दाँयामा रैछ। यो चिल हो। र त्यसैमा निशान प्रतिमा र त्यस्तै अन्य छन्। तर यहाँनिर *यता* पट्टि, मेरो दाँया पट्टि, तपाईले पिरामिड देख्नसक्नुहुन्छ। र तपाईले ध्यान दिनुहोस, पिरामिडको माथि पती शिर्ष–ढुंगा छ, र त्यसको तल लेखिएको छ, “महान् मोहोर।” हाम्रो मुद्रामा समेत, जुन हामीले पहिचान गर्नुपर्छ। कुनै पनि काफिरले इसाई धर्ममा मोहोर लाउँन सक्दैन। तपाईले हरेक पत्रको मिति हेर्नुहुन्छ, हाम्रो प्रभुको जन्मको मिति पाउनुहुन्छ। सबै पात्रोले, सबै

थोकले उहाँको बारेमा बोल्दछ। र हाम्रो मुद्रामा समेत, शिर–ढुङ्गो छ जुन ख्रीष्ट हुनुहुन्छ! किन तिनीहरुले पिरामिडमा शिर–ढुङ्गो राखेनन्? किनकि शिर–ढुङ्गोलाई इन्कार गरिएको थियो अब उहाँ आउनुभएको थियो।

56 तर अब, भविष्यवाणीको अनुसार, त्यहाँ शिर–ढुङ्गो आउनेछ। र तपाईले यो ध्यान दिएको म चाहन्छु कि, जब शिर–ढुङ्गो आउदछ, त्यो राजकुमार जसले यो संदेश कराउनेवाला छ उसले कराउनेछ "अनुग्रह! अनुग्रह!" किनकि हामीहरु अनुग्रहबाट बचाईएका हौ, यो कामद्वारा होइन, त्यसैले कुनै मानिसले घमण्ड गर्ने ठाउँ छैन। र अनुग्रहको संदेश मानिसको पाउ मुनि तबसम्म राखिएको थियो जबसम्म त्यो एउटा अपमान बनेन। ती मध्ये कोहि अनन्त सुरक्षाको पछि भाग्छ, कोहि कोहि सबै कुराको पछि भाग्छ। तर, सत्य अनुग्रहको संदेश सदा एक समान रहिरहन्छ, र त्यहि नै हो जहाँ शैतानले यसलाई मण्डलीबाट निकालेर फाल्न खोज्दछ। तर यो परमेश्वरको अनुग्रह हो जसद्वारा हामीहरु सबै बचाईएका छौ।

57 त्यसैले येशू ख्रीष्टको दिव्यतामा, यदि परमप्रभु परमेश्वर त्यसमा आउन सक्नुभएको भए र त्यो नै सत्य हो भने पुष्टि गर्नु भएको भए, र त्यो मात्रै होइन, तर उहाँको वचनद्वारा यो सत्य हो भनि पुष्टि गर्नुहुदछ, र चिन्ह र आश्चर्य कामद्वारा यो सत्य हो भनि पुष्टि गर्नुहुदँछ। त्यसपछि, अनुग्रह पनि सत्य हो। त्यसो हो भने कसरी कोहि व्यक्तिले आलोचना गरि अनुग्रहलाई गलत ठहराउने हेतुले "हामीहरू कामद्वारा बचाईएका छौ?" भन्न सक्छ। हामीहरु अनुग्रहद्वारा बचाईएका हौ, जुन विश्वासद्वारा हो, कुनै कामबाट होइन। कामले त तपाई बचाईनुभएको छ भने दर्शाउने मात्रै गर्छ। तर तपाईलाई बचाउने चाहि परमेश्वरको अनुग्रह हो। अनुग्रहले तपाईलाई बचाउछ। अनुग्रह नै हो जुन परमेश्वरले तपाईलाई गर्नुहुन्छ। काम चाहि त्यो हो जुन तपाईले परमेश्वरको निम्ति गर्नुहुन्छ, यो त्यस कुराको आभारिपन दर्शाउनको निम्ति हो जुन कुरा परमेश्वरले तपाईको निम्ति गर्नुभयो। तर अमुग्रहद्वारा तपाई बचाईनु भएको छ!

58 केहि मानिसहरुले सोच्छन्, "किनकि म मण्डली गएको छु, मेरो नाम पुस्तकमा राखेको छु, त्यत्ति गरे पुग्छ।" केहि मानिसले सोच्छन्, "किनकि म कराउछु, त्यत्ति मात्रै गरे मलाई पुग्छ।" अरुले सोच्छन्, "म अन्यभाषामा बोल्छु, त्यत्ति गरे पुग्छ।" कसैले सोच्छन्, "मसंग विरामीलाई निको पार्न सक्ने शक्ति छ, त्यति नै हो मैले गर्न पर्ने।" यो त्यस्तो होइन! यो परमेश्वरको

अनुग्रह जसले तपाईलाई बचाउछ, परमेश्वरको अद्भूत अनुग्रह। म कुनै पनि योग्यतामा भरोसा गर्न सक्दिन। कसैले भन्छन्, “अँ, त्यहाँ एउटा महान व्यक्ति छ। त्यो व्यक्तिले, उनी खडा भएर *यसो* गरेको मैले सुनेको छु, उनले खडा भएर *त्यसो* गरेको मैले सुनेको छु।

59 पावलले भनेका थिए, पहिलो कोरिन्थी १३ मा, “मैले मानिसहरु र स्वर्गदूतहरूको भाषामा बोले तापनि, म सबै रहस्य र सबै ज्ञानहरु बुझ्न सकूँला, म संग वरदानहरु होला, र गरिबहरुलाई खानको निम्ती म सबै कुरा बाड्ुला, र पहाडहरु हटाउनसक्ने सम्मको सबै विश्वास होला, र सबै कुरा बुझ्नसक्ने ज्ञान म संग होला, तर म संग प्रेम छैन भने म व्यर्थ हुन्छु, प्रेम अनुग्रह हो।” परमेश्वरले नै यो गर्नुपर्दछ। तपाईले यो सबै गर्नसक्नुहोला र अझै पनि तपाई नबचाईएको हुनसक्नुहुन्छ। यो अनुग्रह हो जसले तपाईलाई बचाउछ, मानवजातिमा परमेश्वरको अनुग्रह।

60 उहाँको बारेमा सोच्नु! शुक्रबार बिहान त्यो देखा परेपछि तुरुन्तै मैले त्यस अनुग्रहको बारेमा सोच्दै थिए, ठिक दिन शुरू हुदै गर्दा, माथि त्यस मैदानमा जहान मैले काठहरु राखेको थिए, पछि, र मेरो आँखा बाट आँशु आयो। “ओ, परमेश्वर, तपाईको अनुग्रहले मलाई बचाउनको लागि रोक्नुभयो। तपाईले म जस्तो गरीब, अशिक्षित दरिद्र माथि कसरी दया गर्नसक्नुहुन्छ? तपाई कसरी हाम्रो तुच्छ सानो मण्डलीमा आउनसक्नुहुन्छ, जहाँ शान्ति, र जीवनको तुच्छ हिडाईका मानिसहरु, गरीबकहाँ तल आउन सक्नुहुन्छ, जसको यस संसारमा केहि पनि छैन, तर अझै पनि तपाईको अनुग्रह हामीहरुको हृदयमा पवित्र आत्माद्वारा फैलिएको छ, तपाईले नै हाम्रो विमारहरु निको पार्नुहुन्छ र हाम्रो पापबाट बचाउनुहुन्छ, हाम्रा पापहरुबात बचाउनुहुन्छ, र हामीलाई तपाईको मानिसहरु बनाएर हामीमा काम गर्नुहुन्छ?”

61 त्युसपछि मैले दाउदको बारेमा सोचे, उनले जब परमप्रभुको निम्ति मन्दिर बनाउनको लागि संकल्प लिएर, उनले भने, “म त देवदारुले बनाएको महलमा बस्दैछु, तर मेरो परमेश्वरको करारको संदूक भने भेडाको छाला मुनि र एउटा पालमा राखीएको छ।”

62 परमेश्वरले अगमवक्तालाई भन्नुभयो, “गएर मेरो दास दाऊदलाई भन्, मैले त्यसलाई गोठालोबाट, त्यसको पिताको भेडालाई चराउने कामबाट

निकालेर, 'त्यसलाई पृथ्वीको महान् मानिसको जस्तै एउटा महान् नाउ दिए।'"

63 मैले परमेश्वरको अनुग्रहको बारेमा सोचे, उहाँले कसरी यस्तो गर्न सक्नुहुन्छ, पूर्ण तरिकाले बचाउन सक्नुहुन्छ! र त्यसपछि म जस्तो एउटा गरीब र दरिद्रलाई लिएर, मलाई सुसमाचार प्रचार गर्ने र अरु बाचेको हेर्ने अवसर दिनुभयो, तिनीहरु निको भएको हेर्ने मौका दिनुभयो; टुक्रेका परिवारहरु, फेरी पुनः स्थापित भएको हेर्न; भत्किएका जीवनहरु फेरी असल बनाईएको हेर्ने मौका दिनुभयो। र मलाई अनुग्रह दिनुभयो! मैले सोचे, "ओ, यो अद्भूत अनुग्रह हो!" त्यसपछि तल मैदानमा आऔ, तल लोखर्के सिकारी तल काठहरु मा, र उहाँले आफैलाई *इन्द्रेणीको* रुपमा प्रकट गर्नुभयो, जसको अर्थको एउटा "करार," एउटा संदेश सहित जुन उहाँले प्रचार गर्नको निम्ति मलाई दिनुभयो, र त्यहाँ एउटा करारमा यसलाई राख्नुभयो, कि उहाँ त्यसको पछाडि हुनुहुन्थ्यो! र उहा त्यसको पछाडि हुनुहुनेछ, किनभने संदेश येशू ख्रीष्ट र उहाको महिमाको हो।

64 उहाँले मलाई सारा संसार भरी गैर, संसारको चारैतर्फ, जातिहरुको माझमा, लाखौ मानिसहरु माझ, लाखौ मानिसहरु परमप्रभुमा आएको र उहाँलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गरेको हेर्ने मौका पाए, उहाँको भलाईले भरपूर भएको र उहाँको शक्तिद्वारा पवित्र पारिएको, उहाँको महान सर्वोपरि शक्तिले तिनीहरु निको पारिएको हेर्ने मौका दिनुभयो। तब म अगमवक्ता जस्तै गरी चिच्याएर भन्नसक्छु, "न शक्तिले, न त बलले, तर परमेश्वरको आत्माले।" न कुनै शिक्षाले, न धर्मज्ञानले, तर परमेश्वरको आत्माले मानिसहरुलाई बचाउनुहुन्छ। परमेश्वरको आत्माद्वारा उहाँले मानिसहरुलाई निको पार्नुहुन्छ. यो परमेश्वरको आत्मा हो जसले मानिसहरुमा संदेश दिनुहुन्छ। यो परमेश्वरको आत्मा हो जसले वचनलाई पुष्टि गर्दछ।

65 हामी माझमा आज धर्मशास्त्रीहरु छन्, हामीसंग दिव्यताको डाक्टरहरु छन्, हामीसंग सारा संसारमा महान् मानिसहरु छन्, जो होसियार, बुद्धिमान र शिक्षित छन्। तर उहाँको वचन बोल्नको निम्ति परमेश्वरमा विस्वास गर्ने सरलता चाहिन्छ, यो देखाउनको निम्ति कि येशू ख्रीष्ट हिजो, आज र सधैभरी एक समान हुनुहुन्छ। येशू ख्रीष्टलाई वर्तमान कालमा ल्याउनको निम्ति परमेश्वरमा समर्पण भएको एउटा विनम्र हृदय चाहिन्छ। आमेन!

यदि यसलाई धर्मविद्याले हुन्थ्यो भने, प्रेस्बिटेरियन, मेथोडिष्ट, ब्याप्टिष्ट, क्याथोलिक, र ती अन्य हरु; हामीसंग एउटा मौका पनि हुनेथिएन, हामी गरिब र अशिक्षित मानिसहरु। तर यो ज्ञानबाट हुने होइन। "न त बलले, न शक्तिले, तर मेरो आत्माले," परमप्रभु भन्नुहुन्छ, "म यो रहस्य खोल्नेछु।" र, "र यसले कराउनेछ, अनुग्रह, अनुग्रह, चिच्याहटरु र रमाहटमा।" त्यहि नै आज भएको छ, परमेश्वरको मानिसहरुको निम्ति उहाँको अद्भूत अनुग्रह। उहाँले अशिक्षित, अज्ञानीलाई लिनुहुन्छ, र देखाउनुहुन्छ कि येशू समान हुनुहुन्छ।

66 जब उहाँ आउनुभयो, उहाँ कहिल्यै पनि महान् धर्म ज्ञानीहरु आउनु हुदैन। न त उहाँ कैयाफा कहाँ जानुभयो, जो मूख्य पूजाहारी हुन्; केवल उनीबाट दण्डित हुनलाई बाहेक।

67 तर उहाँले माझिलाई लिनुभयो, ती मानिसहरु जो गरीब थिए र साधारण जीवन जिउदथे। र त्यहाँ उहाले आफैलाई प्रकट गर्नुभयो, र भन्नुभयो, "मेरो पछि लाग, र म तिमीहरुलाई मानिसहरुको मछुवारा बनाउने छु," यो देखाउनुभयो कि उहाँको अनुग्रह अझै पनि यहूदिबाट तल अन्यजातिहरुमा पुग्न सक्दछ। यो अन्तिम दिनहरुमा उहाँको नाउँको खातिर उहाँको मानिसहरुलाई बोलाउनुको निम्ति, जसै हामी यसबात भएर हालसालै गएका छौ। अद्भूत अनुग्रह, कति मिठो ध्वनि!

68 अनुग्रह प्राचिन हो। अनुग्रह उत्तिकै प्राचिन छ जति संसार छ। अनुग्रह मानव जातिको निम्ति पहिलो पटक तब देखाईयो जब हामी मानवजातिको प्रारम्भ भयो। जब मानव जाति पहिलो पटक अदनको बगैँचामा सृष्टि गरियो, त्यस अध्यारो बिहानीमा जब त्यो सानी केटि जसले अलग्याउने सिमा पार गरिन्, र परमेश्वरको आज्ञाको विरुद्धमा गईन् र त्यहि काम गर्न आफ्नो श्रीमानलाई लोभ्याईन्, त्यस पछि व्यवस्था तोडियो। कानूनको एउटा दण्ड हुनुनै पर्दछ नभए त्यो कानून नै रहदैन। र कानून यो थियो, "जुन दिन तिमीहरुले यो खानेछौ, त्यहि दिन तिमीहरु निश्चय नै मर्नेछौ।"

69 याद गर्नुहोस्, पहिल्लो इन्साफको सिंहासन पृथ्वीमा भएको थियो, र त्यो अदनको बगैँचामा भएको थियो। र अन्तिम इन्साफको सिंहासन पनि पृथ्वीमा नै हुनेछ, अन्तिम समयहरुमा, सेतो सिंहासन को दिन।

70 तर जब यहोवा तल आउनुभयो, म कल्पना गर्नसक्छु कि त्यहाँ चम्किनको लागि एउटा तारा पनि थिएन, त्यी सानो बगैँचामा पनि यति

अन्धकार थियो त्यो एकपटक, किनभने पापले त्यो सबै खोसेको थियो, तिनीहरु मध्येबाट ज्योती निकालिदिएको थियो।

71 त्यहि नै आज मण्डलीसंग भएको छ। त्यहि नै कुरा आजका मानिसहरुमा छ। पापले जीवित परमेश्वरको ज्योति निकाली दिएको छ, यो देखाउनको लागि कि ख्रीष्ट हिजो, आज, र सधैं भरि एक समान हुनुहुन्छ, र सम्पूर्णलाई बचाउनको, र गरीब र विमारी व्यक्तिलाई निको पार्नको निम्ति जिउनुहुन्छ।

72 ओ, त्यस विहानी कति भयानक थियो, अन्धकार बगैँचामा झुण्डिरहेको थियो! त्यो कालोवस्त्रको कोहोराको म कल्पना गर्दछु। म कल्पना गर्छु कि कुनै पात कहिल्यै हल्लेन। त्यहाँ कुनै हावाको बहाव थिएन। त्यो अन्धकार र भयानक थियो, किनभने पापले सबै निकालिदिएको थियो।

73 त्यहाँ यहोवा एउटा मेघगर्जनको रूपमा तल, बगैँचाको बाटो भएर, "आदम, तँ कहाँ छस्?" भन्दै आउनुभयो। त्यहि नै बेला थियो जब आदमले आफू नाङ्गो भएको र परमेश्वरको अगाडि पाप गरेको भनि थाहा पाएका थिए। उनले आफैलाई लुकाए र आफ्नो लागि एउटा धर्म बनाउने कोशिष गरे, तर त्यसले केहि काम गरेन। परमेश्वरले कुनै भेडालाई मार्नुभयो, त्यसको छाला लिनुभयो, र यो देखाउनुभयो कि पाप ढाक्नको लागि केहि कुरा मर्नुपर्दछ।

74 मण्डलीमा जोडिनुले कहिल्यै पनि पाप ढाक्ने छैन। कुनै आँशु बिनाको स्वीकारले कहिल्यै पाप ढाक्ने छैन। यसलाई अपसोस र पश्चाताप चाहिन्छ, र पाप ढाक्नको निम्ति परमेश्वरको अनुग्रह चाहिन्छ; किनकि येशू ख्रीष्टको रगत, उहाँ जो पाप ढाक्नको निम्ति कलवरीको क्रूसमा मर्नुभयो।

75 त्यस बिहानी त्यहाँ बगैँचामा, जब पाप अत्यन्त कालो थियो, यहोवा भित्र आउनुभयो। त्यहाँ उहाँको जोडि दण्डित भएर उभिरहेका थिए। त्यहाँ त्यस उप्रान्त कुनै मानव जाति हुनेथिएन, तिनीहरु मर्न पर्ने थियो; मानवजातिमा मृत्यु पस्यो, संसारलाई फर्काएर जंगली पशुको हातमा दिदियो र त्यहाँ कुनै मानवजाति हुनेथिएन। तर घडिको सबै भन्दा कालो समयमा, त्यो समय जब कुनै आशा बाकि थिएन, अनुग्रह पोखिदै आयो, भन्नुभयो, "म तिमीहरुलाई एउटा मुक्तिदाता दिनेछु, एउटा मसिह।" ओ, यो अचम्मको कुरा हो कसरी परमेश्वरले यो गर्न सक्नुहुन्छ! परमेश्वरको अद्भूत अनुग्रह अदनको बगैँचामा, जसले तिनीहरुलाई एउटा धार्मिकको बारेमा

प्रतिज्ञा दियो जो एउटा स्त्रीबाट आउनसक्दथ्यो। “स्त्रीको सन्तानले सर्पको सन्तानको शिर कुच्याउने छ,” त्यस अपराधी, “त्यसको सन्तानले स्त्रीको सन्तानको कुर्कुच्चो डस्नेछ,” यो देखाउनको निम्ति कि त्यहाँ मण्डलीमा कष्ट हुनेछ। तर उहाँले एउटा विजयको प्रतिज्ञा गर्नुभयो! के कुराले हामीलाई एउटा मुक्तिदाता प्रदान गर्यो? अनुग्रहले!

76 अनुग्रहको योग्यता दर्शाउन तिनीहरुले के देखाउन सक्छ? यो गर्नको निम्ति तिनीहरुले के देखाउनसक्छ? एउटा सेनाको अभिव्यक्ति, मलाई माफ गर्नुहोस्, म केवल यहाँ मेरो पुल्पिटबाट मेरो आशय अर्थ्याउन खोज्दैछु, “दोष लगाउदै।” आदमले भने, “तपाईले दिनुभएको स्त्रीले यसो गरिन्।” स्त्रीले भनिन्, “सर्पले मलाई छल गर्यो।” एउटाले अर्कोलाई दोष दिए। तिनीहरुको निम्ति त्यहाँ कुनै आशा बाकि थिएन।

77 तर परमेश्वरले अनुग्रह प्रदान गर्नुभयो, र यो तेजमा आयो! र उहाँले भन्नुभयो, “तर कुनै पनि तरिकाले म एउटा बाटो बनाउनेछु। जस्तो भएपनि म तँलाई बचाउनेछु। तैले गलत गरेको छस्, तैले मेरो व्यवस्था अवज्ञा गरेको छस्। र मेरो व्यवस्था रहने नै छ, तर मेरो व्यवस्थाबाट फैसला निस्पादित गरिनुपर्दछ। तसर्थ त्यहाँ मृत्यु हुनेछ, किनभने मैले ‘मृत्यु’ भनेको थिए।”

78 अब, मेरा इसाई मित्रहरु। र यी टेपहरु जुन यहाँ बनाईरहेको छ यो संसारभरि जानेछ। तपाईहरुलाई म केहि कुरा सोध्न चाहन्छु, तपाईहरु जसले परमेश्वरलाई तिनओटा परमेश्वरहरु बनाउने कोशिष गर्नुहुन्छ, या तपाईहरु जसले उहाँलाई एउटा बनाउने कोशिष गर्नुहुन्छ, जस्तो कि तपाई औला छ। उहाँ व्यक्तिमा एक हुनुहुन्छ!

79 एउटा स्वर्गदूतलाई मर्ने बनाउन परमेश्वरको निम्ति सहि हुदैन थियो। उहाँ सहि खालको न्यायकर्ता हुनुहुने थिएन यदि उहाँले एउटा मानिसको निम्ति स्वर्गदूतलाई मर्ने बनाउनुभयो भने। त्यसले अझै पनि यसलाई ठिक पार्नसक्दैन, किनभने उहाँको महान व्यवस्थाले मृत्युको माग गर्छ, केहि कुरा मर्नु नै पर्थ्यो, र स्वर्गदूत मर्न सक्दैन। न त उहाँले यो भन्न सक्नुहुन्थ्यो, “हव्वा, तैले आदमलाई यसो गर्ने बनाएको हुनाले, म तँलाई मर्ने बनाउनेछु, आदमलाई जिउन दिनेछु,” किनभने आदम पनि त्यसको भागिदार थियो।

80 जस्तो कसैले भनेको थियो, “पिलातास न्यायोचित थियो, किनकि उसले आफ्नो हात धोएको थियो।” तपाईले आफ्नो हातबाट परमेश्वरको रगत धुन सक्नुहुन्न। तपाईले यो भवनलाई यस बिहानीमा छोडेर स्वर्गमा

जान सक्नुहुन्न, यदि तपाई आफ्नो पापमा नै मर्नुभयो भने। यो तपाईको हातमा छ। त्यसैले, यो सहि होइन।

81 त्यहाँ केवल एउटा मात्रै न्यायोचित तरिका थियो। त्यहाँ केवल एउटा मात्रै बाटो थियो जुन गर्न सकिन्थ्यो, परमेश्वरको महान व्यवस्था, माग पूरा गरिन पर्थ्यो। उहाँ आफैले त्यो पुराउन पर्ने थियो। उहाँले गर्न पर्नेथियो। परमेश्वर आत्मा हुनुहुन्छ र उहाँ मर्न सक्नुहुन्न। त्यसैले परमेश्वर मानिस बनाईन पर्नेथियो, र उहाँ मानव शरीरमा मर्नुभयो, एउटा मानिसको शरीरमा जसलाई “येशू ख्रीष्ट,” भनिन्थ्यो, र उहाँ नै प्रतिज्ञाको मसिह हुनुहुन्थ्यो जसले अनुग्रह ल्याउनुभयो। त्यहाँ जहाँ तपाईले परमेश्वर र ख्रीष्टलाई एकै व्यक्तिमा देख्नुहुन्छ, परमेश्वर ख्रीष्टमा वास गर्दै हुनुहुन्थ्यो। “म र मेरो पिता एकै हौ, मेरो पिता म मा वास गर्नुहुन्छ; म होइन जसले यो वचन बोल्दछु, तर मेरो पिता हुनुहुन्छ जो ममा वास गर्नुहुन्छ।” परमेश्वर ख्रीष्ट भित्र हुनुहुन्थ्यो! निश्चित रूपमा।

82 अनुग्रह अदनको बगैँचामा प्रतिज्ञा गरियो, र अनुग्रह आयो, आदम र हव्वामा अनुग्रह आयो। जाने कुनै ठाउँ थिएन, कुन बाटो तर्फ लाग्ने सो बाटो थिएन र पनि अनुग्रहले आफ्नो बाटो बनायो।

83 म यो भन्न चाहन्छु मेरो पापी मित्रहरु। तपाई यहाँ यस बिहानीमा एउटा व्यश्यावृत्तिमा हुनुहुन्छ होला, तपाई यस बिहानीमा एउटा स्त्रीको पछि लाग्ने व्यक्ति हुनुहुन्छ होला, तपाई यहाँ एउटा जडिया या जुवाडेको रुपमा हुनुहुन्छ होला, या एउटा हत्यारा हुनुहुन्छ होला। टप यहाँ एउटा अशुद्ध लोग्नेको रूपमा या अशुद्ध स्वास्नीको रुप्मा हुनुहुन्छ होला। तपाई पापीहरु मध्येको घृणित हुनुहुन्छ होला। तपाई भन्नुहुन्छ, “म उद्धारको चरणबाट बाहिर गाईसकेको छु।” होइन, होइन, नभए तपाई आज बिहानीमा मण्डलीमा हुनुहुन्न थियो। यदि तपाईले यसलाई स्वीकार गर्नुभयो भने तपाईको यस अन्धकारको घडिमा पनि अनुग्रहले तपाईतिर आफ्नो बाटो बनाउनेछ। आदमले स्वीकार गर्नको लागि इछ्या गर्नु पर्ने थियो, त्यहि नै तपाईले पनि गर्नु पर्दछ। स्वीकार गर्नुहोस्।

84 परमेश्वरको अनुग्रह नोआको समयमा पनि आएको थियो। नोआ, विल्कुल एउटा सामान्य मानिस थियो, उनी र उनको परिवार। तर किनभने नोआले परमेश्वरको डर मान्थ्यो, उनले परमेश्वरलाई विश्वास गरे! तपाईले परमेश्वरलाई विश्वास नगरी डर मान्न सक्नुहुन्न। तपाईले कसरी विश्वासै

नगरेको कुनै कुराको डर मान्न सक्नुहुन्छ? तपाईले परमेश्वरको डर मान्नु पर्दछ। सोलोमनले भनेका थिए, “परमेश्वरमा डर नै विवेकको शूरुवात हो।” अब, केवल परमेश्वरमा डराउनुले, तपाईमा विवेकको शुरूवात हुनथाल्छ। र परमेश्वरको डर नै, नोआले परमप्रभुको डर माने र उनले परमप्रभुमा विश्वास गरे। र त्यहि नै हो जे परमेश्वरले आदर गर्नुहुन्छ, उहाँमा भएको तपाईको विश्वास। त्यो सहि हो। त्यसपछि जब परमेश्वरको डर नोआमा आयो, परमेश्वरले उनलाई अनुग्रहद्वारा बोलाउनुभयो, र उनलाई र उनको परिवारलाई बचाउनुभयो किनाभाए त्यो अनुग्रह थियो जसले बचायो। यो कारणले होइन कि नोआ ती सबैको तुलनामा एउटा महान ठूलो सुन्दर व्यक्ति थिए, यो कारणले होइन कि नोआ त्यस देशमा भएको सबैभन्दा राम्रो मण्डलीमा गएको थियो, यो कारण पनि होइन कि उनी सबै भन्दा राम्रो संस्थाको व्यक्ति थियो, यो कारणले होइन कि उनले वस्त्र राम्रोसंग लाउनसक्थ्यो, यो कारणले होइन कि उनीसंग धेरै पैसा थियो, यो कारणले होइन कि उनी कुनै विशेष व्यक्ति थिए। तर परमेश्वरको अनुग्रहको कारणले भाको थियो, परमेश्वरले नोआलाई बचाउनुभयो। अनुग्रहले नोआलाई बचायो (उनको कामको कारणले होइन; तर उहाँको अनुग्रहले) र उनको परिवार पनि बचाईयो।

85 हामीहरु अर्को पात्र हेर्नेछौ जहा परमेश्वरको अनुग्रह विस्तारित गर्केको थियो, धेरै छन्, हामी केवल केहिको बारेमा बोल्नेछौ। अब्राहाम। अब्राहाम, कुनै खास मानिस होइनन्, बाबेलको धरहराबात तल आएका थिए, शायद मुर्तिपुजकहरूको झुण्डबाट (उनको पिता) भएर आएका थिए, तल सिनारको भूमिमा आएका थिए, उर् को शहरमा बस्नको निम्ति आएका थिए। र जब उनी त्यहाँ थिए, परमेश्वरले उनीसंग अनुग्रहद्वारा बोल्नुभयो। यो कारणले होइन कि उनी भिन्न थिए, उनी एउटा राम्रो मानिस भएको कारणले थिएन; तर, अनुग्रहद्वारा, परमेश्वरले उनलाई बोलाउनुभयो। बाईबलले यस कुरालाई स्पष्ट रूपमा खुलस्त पर्दछ। ओ, अब्राहाम, कसरी अब्राहामले परमेश्वरको धैर्यतालाई जाँच गरेका थिए! उनलाई भन्नुभयो, “अब्राहाम, यहि भूमिमा बस, यस भूमिबाट तँ बाहिर नजानु।” तर जसै भोकमरी आउछ, अब्राहाम तँ त्यहाँबाट जानु।

86 अब्राहामले हाम्रो बारेमा बोलेका थिए। परमेश्वरले—परमेश्वरले अब्राहामलाई अनुग्रहद्वारा लिनुभयो, र उनलाई बचाउनुभयो। र त्यहि नै

तरिकाले उहाँले तपाईलाई पनि लिनुहुन्छ, अनुग्रहद्धारा। र हामीले कसरी उहाँको धैर्यतालाई जाँच गर्छौं? आज हामी माथि छौ, भोलि हामी तल हुन्छौ। एक दिन हामी विश्वास गर्छौं, अर्को दिन हामी अचम्मित रहन्छौ। आज हामी एउटा मेथोडिष्ट हुन्छौ, अर्को हामी एउटा ब्याप्टिष्ट हुन्छौ। आज हामी दिव्य चंगाईमा विश्वास गर्छौं, भोलि पेट दुखाई आउछ र त्यसबेला हामीलाई थाहा पनि हुदैन कतै हामी विश्वास पनि गर्छौं या गर्दैनौ। तरै पनि यी सबै बावजूद पनि, परमेश्वरले हामीलाई स्थिर रहेको चाहनुहुन्छ। तर उहाँले जसरी पनि हामीलाई बचाउनुहुन्छ। यदि यो परमेश्वरको अनुग्रह थिएन भने, हामीहरु सबै मर्नेथियौ। निश्चय पनि। परमेश्वरले हामीलाई उहाँको अनुग्रहद्धारा बचाउनुहुन्छ।

87 अब्राहाम त्यहि भूमिमा बस्न पर्ने थियो, तर उनी तल काल्दी कहाँ गए, या, काल्दी होइन, तर फलिस्तीहरु कहाँ गए। त्यहाँ अस्थाई निवासको निम्ति गए, भोकमरीबाट जोगिनको निम्ति। उनको देशमा धेरै कुराहरुमा गाह्रो थियो, त्यसैले उनी त्यहाँ यात्रा गर्नलाई तिनीहरुसंग गए। उनले ठिक त्यहि गरे जे कुरा परमेश्वरले नगर्न भनि भन्नुभएको थियो, तरै पनि परमेश्वरको अनुग्रह उनमा देखा पर्यो, फारोलाई टाडा...या—या उनको स्वास्नीलाई राजाले लिनबाट बचाउनुभयो। परमेश्वरको अनुग्रह। जब अब्राहामले भने, “उनी मेरी बहिनी हुन्,” यस विषयमा झुटो बोले, तरै पनि परमेश्वरको अनुग्रहले उनलाई साथ दियो किनकि उनले पश्चाताप गरेका थिए। उनी पश्चाताप गर्नको लागि तयारी थिए।

88 र जो कोहि पनि जो पश्चाताप गर्न तयार छन्, परमेश्वरको अनुग्रह अझै पनि तपाईको निम्ति जानु हुन्छ। परमेश्वरको अनुग्रहले तपाईलाई खोजिरहेको छ। त्यसैले, तपाई जो विश्वासमा पछि हट्नुभएको छ यो तपाईको लागि पनि हो, परमेश्वरको अनुग्रहले तपाईलाई अझै पनि खोजिरहेको छ। यदि तपाईले केवल पश्चाताप गर्नुभयो भने, परमेश्वरको अनुग्रह पर्याप्त छ।

89 उहाँले असल बुढो अब्राहामलाई लिनुभयो, र उनलाई फर्काएर ल्याउनुभयो! र याद गर्नुहोस्, अब्राहाम उनको कामले बचाईएका होइनन्, उनी अनुग्रहद्धारा बचाईएका हुन्। अब्राहाम विश्वासद्धारा बचाईएका हुन्, जुन अनुग्रह हो। र परमेश्वरले अब्राहामलाई उहाँको अनुग्रहको कारणले बचाउनु भएको थियो, उनको व्यवहारको कारणले होइन। उहाँले उनलाई उहाँको

अनुग्रहको कारणले बचाउनुभयो। ओ, कति असल! उनी अनुग्रहद्वारा बचाईए।

90 आउनुहोस् इस्राएललाई लिऔं। म संग यहाँ पदहरु छन् जुन मैले लेखेर राखेको छु। मैले यो लेख्छु र मैले यसलाई केवल मेरो मनमा राख्न सक्छु। यदि तपाईले यो राख्न चाहनुहुन्छ भने, सम्झिनको लागि यो अति राम्रो छ यदि तपाई चाहनुहुन्छ भने, व्यवस्था ७:७। परमेश्वरले अब्राहामलाई उहाको प्रतिज्ञा दिनुभयो, या अब्राहाम होइन, मलाई क्षमा गर्नुहोला, उहाँले इस्राएललाई दिनुभयो। र तिनीहरुलाई भन्नुभयो, "यदि तिमीहरुले आफैलाई मुर्तिपूजकसंग शामिल गराएनौ! यदि तिमीहरुले यी कुराहरु गरेनौ भने! यदि तिमीहरु यी पागन विधिहरुबाट टाडा बस्यौ भने! यदि तिमीहरुले यी सबै कुराहरु गर्यौ भने, तिमीहरुलाई एउटा असल भूमिमा ल्याउनेछु, म तिमीहरुको हेरचाह गर्नेछु, म तिमीहरुलाई खुवाउनेछु, म तिमीहरुलाई अगुवाई गर्नेछु। म यी कुराहरु गर्नेछु यदि तिमीहरुले फलानो–फलानो कार्यहरु गर्यौ भने, यदि तिमीहरुले मलाई प्रेम गर्यौ भने, यदि तिमीहरुले मेरो आज्ञा पालान गर्यौ भने, व्यवस्थाहरु, र आज्ञाहरु। म यी सबै कुराहरु गर्नेछु यदि तिमीहरुले केवल यी कुराहरु गर्यौ भने, र मेरो आज्ञाहरु पालन गर्यौ र मलाई प्रेम गर्यौ भने।"

91 एउटा श्रीमानले एउटा श्रीमतीलाई लिएको जस्तै, र भन्छ, "यदि तिमी असल स्त्री भयौ भने, यदि तिमीहरुले घरको हेरचाह गर्यौ भने, यदि तिमी म संग सच्चा रह्यौ भने, यदि तिमीले मेरो लुगाहरु सफा राख्यौ; यदि हाम्रो बालबच्चा भयो, यदि तिमी तिनीहरुको आमा भयो; यदि तिमीले यी कुराहरु गर्यौ भने, तिम्रो लागि जीवन चलाउन, म मेरो हातमा रगत आउन्जेल पनि काम गर्नेछु, यदि तिमीले यो गर्यौ भने।" तर त्यसपछि, सोच्नुहोस्, के हुन्छ यदि त्यो स्त्री गलत भईदियो भने, अल्छि जीवन जिउने, कुनै काम नै गर्दैन, केहि पनि गर्दैन? तब त्यस परिवारलाई संगै राख्न अनुग्रह आवश्यक पर्छ।

92 ओ परमेश्वर! उहाँको परिवार संगै राख्नको लागि यहोवाको अनुग्रह आवश्यक पर्यो। र त्यो मात्रै एउटा तरिकाले आज हामी यहोवाको परिवार भएका छो, कारण येशू ख्रीष्टको अनुग्रह हो; नभए त हामीहरु सबै मर्ने थियो। तर यो अनुग्रहले हो, ओ, अनुग्रह!

93 अब, तर तिनीहरुले यो पालन गरेनन्। तर, तिनीहरु कहिल्यै पनि पूर्ण प्रतिज्ञामा आएनन्; त्यो पुस्ता आएनन्। होइन, जसको लागि यो

प्रतिज्ञा गरिएको थियो, तिनीहरु उजाडस्थानमा नष्ट भए। तर परमेश्वरले तिनीहरुलाई खुवाउनुभयो, परमेश्वरले तिनीहरुको हेरचाह गर्नुभयो, परमेश्वरले तिनीहरुलाई प्रेम गर्नुभयो, उहाँ तिनीहरुसंग हिड्नुभयो। किन? उहाँको अनुग्रहले यो गर्यो, उहाँको अनुग्रह कारण उहाँको प्रतिज्ञा थियो, तब उहाँको प्रतिज्ञा, अनुग्रह जुन उहाँको प्रतिज्ञा संगै गयो। तर तिनीहरु कहिल्यै पनि प्रतिज्ञाको भूमिको पूर्ण मान्यतामा आएनन्।

94 न त यो मण्डली आफ्नो पूर्णता मा आयो। परमेश्वरको अनुग्रहले हामीलाई समाईराखेको छ। तर उहाँले त्यो मण्डली पाउन चाहनुहुन्छ जसले उहाँको आज्ञा मान्दछ, ती मानिस जसले उहाँको वचनलाई लिन्छ र आफ्नो संस्थाको पर्वाह नगरी “यो सत्य हो,” भन्दछ। उहाँले एउटा यस्तो मानिस चाहनुहुन्छ जसले यो भन्दैन कि, “अँ, तिमी जत्तिको राम्रो छौ म पनि त्यत्तिकै राम्रो छु। म प्रेस्बिटेरियन हुँ, म मेथोडिष्ट हुँ, म क्याथोलिक हुँ, म त्यत्तिकै राम्रो छु जत्ति तिमी राम्रो छौ।” त्यो अनुग्रह होइन; त्यसले यो देखाउछ कि त्यसमा केहि गलत छ।

95 तर एउटा व्यक्ति, यी सबको बाबजूद, जसले परमेश्वरको वचन पढ्दछ र देख्छ कि तपाई नया गरी जन्मनु पर्दछ र पवित्र आत्माबाट भरिनुपर्दछ, तिनीहरुले त्यो विश्वास गर्दछ, तिनीहरुले यसलाई वचनबाट लिदछ। तिनीहरुले वचनलाई ठिक त्यहि तरिकामा लिनेछ जस्तो वचनले भन्दछ।

96 जस्तो बप्तिष्माहरु र छिर्काउमा छ; बप्तिष्मा सहि हो। त्यहाँ बाईबल कहिल्यै पनि कोहि पनि छिर्काउ बप्तिस्मा गरेको छैन, त्यस्तो कुनै कुरा धर्मशास्त्रमा छैन। न त त्यहाँ कहिल्यै बाईबलमा “पिता, पुत्र, पवित्र आत्मा,” को नाउँमा बप्तिष्मा दिईएको छ। त्यहाँ सबैजना येशू ख्रीष्टको नाउँमा बप्तिष्मा भएको थियो। त्यसैले त्यहाँ एक जना पनि छैन, न त एउटै पनि इतिहासको कण नै पाइन्छ...यदि कसैले कुनै पनि ठाउँमा देखाउन सक्छन्, इतिहासको कुनै पनि ठाउँमा, जहाँ कुनै पनि मानिस बाईबलमा त्यसरी बप्तिष्मा भएको होस्, या अन्तिम चेलाको मृत्यु *को* तीनसय वर्षसम्म भएको होस्, क्याथोलिक मण्डली देखा नपरेसम्म, यदि कसैले कहिँ देखाउन सक्छ कि कुनै व्यक्ति कहिल्यै छिर्काउ या बप्तिष्मा “पिता, पुत्र, पवित्र आत्मा.” को नाउँमा भएको होस्, क्याथोलिक मण्डली नआउन्जेलसम्म, तपाई मकहा आएरयो भन्नको निम्ति प्राण बाटै दायित्व बोध हुनुहुन्छ। यो त्यहाँ छैन। तर हामीले के गर्छौं?

97 हामीले *मण्डलीको युगहरु* भएर गएका छौ र जहाँ तिनीहरुले त्यो गर्नुपर्दछ। त्यसैले, तपाईले देख्नसक्नुहुन्छ, परमेश्वरले त्यस व्यक्ति चाहनुहुन्छ जसले उहाँलाई पालन गर्छ। यदि यो धर्मशास्त्रमा छैन, त्यसो हो भने यो एउटा मानिस होइन...यो मानवले बनाएको सिद्धान्त हो र बाईबलको सिद्धान्त होइन। बुझ्नुभयो? त्यसैले मण्डली जस्तो सुकै होस्, जति नै गलत तपाई भन्नु बहेको किन नहोस्, यसले के नै फरक पार्छ र? यो त अब तपाई कति सहि हुन सक्नुहुन्छ भन्ने कुरा हो! परमेश्वरको अनुग्रहले तपाईलाई देखाएको छ, त्यसपछि यसमा रहेर हिड्नुहोस्। परमेश्वरको अनुग्रह!

98 याद गर्नुहोस् मोसालाई, त्यस महान् अगुवा। परमेश्वरले उनलाई मार्न पर्ने थियो जब उनी आफैलाई महिमित पार्नको लागि त्यस चट्टानलाई हिर्काउन तल गएका थिए, र भनेका थिए, "देख्न सक्छौ मैले के गर्न सक्छु?" अर्को शब्दमा भन्दा, "तिमीहरु विद्रोहि, यस चट्टानबाट हामीले तिमीहरुलाई पानि निकाल्न पर्ने?" र उनले त्यसलाई हिर्काए र पानि आएन; उनले फेरी हाने। उनले के गरे? उनले ख्रीष्टको कमजोरीको गवाही दिए, किनकि ख्रीष्ट नै चट्टान हुनुहुन्थ्यो। त्यहि नै शिर–ढुङ्गो हो। यसलाई हिर्काउनको सट्टा, या बोल्नको सट्टामा...

99 यो एकपटक हिर्काईएको थियो। याद गर्नुहोस्, परमेश्वरले त्यहाँ प्रस्थानमा मोसालाई भन्नुभएको थियो, "बाहिर जा र म तेरो अगाडि—अगाडि खडा हुनेछु, त्यस चट्टानमा, र तैले त्यस चट्टानलाई हिर्काउनु।" र उनले चट्टानलाई हिर्काए र त्यसले पानि दियो। परमेश्वरले भन्नुभयो, "अर्को पटक, गएर चट्टानलाई बोल् र यसले आफ्नो पानि दिनेछ।"

100 तर मोसाले उनीसंग थोरै अधिकार, थोरै शक्ति छ भनि देखाउन चाहे, त्यसैले उनले भने, "म तिमीहरुलाई यस चट्टानबात पानि निकाल्नेछु।" परमेश्वरले उनलाई पार्नुहुन्थ्यो होला, त्यसको लागि। परमेश्वरले उनलाई अलग्याउनु हुन्थ्यो होला, कि उनले परमेश्वरको व्यवस्था ठिक त्यहि निर उलंघन गरे, किनकि उनले ख्रीष्टको कमजोरीको बारेमा बोले, उहाँ दोस्रो पटक हिर्काईनु पर्ने भयो। क्रिष्ट केवल एकपटक मारिनुभयो। अब हामी चट्टानमा बोल्छौ, र यसले आफ्नो पानि ल्याउदछ।

101 तर त्यो के थियो? आउनुहोस् यो बुढो मानिसलाई हेरौ, उनी एक सय विस वर्षका छन्।

102 धेरै समय भएको छैन कसैले मलाई भएको थियो, “परमेश्वर अन्यायी परमेश्वर हुनुहुन्छ,” भन्नुभयो, “किनकि उहाँले मोसालाई निरास पार्नुभयो। उनले चालिस वर्षसम्म ती हिब्रूहरुसंग उजाडस्थान रहिसके पछि, उहाँले उनलाई निरास पार्नुभयो र उनलाई यहाँसम्म कि प्रतिज्ञाको देशमा समेत जान दिनुभएन।”

103 मैले भने, “ओ, वाहियात!” होइन, उहाँले मोसालाई निरास पार्नुभएन। उनी प्रतिज्ञाको देशमा गए। करिब साथ सय वर्ष पछि, उनी रूपान्तरणको डाँडाको टुप्पोमा द्केहा परेका थिए, उत्ति कै जीवित जत्तिको उनी पहिले थिए, उभिरहेको, येशू कलवरीमा जानुभन्दा अघि उहाँ संग बोलिरहेको, उनी र एलिया, संगै उभिरहेका थिए, र बोलिरहेका पनि थिए। मोसा र एलिया येशू, पत्रुस, याकूब र यूहन्ना कहाँ रूपान्तरणको डाँडामा देखा परे। उनी मृत थिएनन्। उनी जीवित थिए। परमेश्वरले उनलाई निरास पार्नुभएन। उनी फलिस्तीमा थिए।

104 अब हेर्नुहोस्, उनि मर्नुभन्दा अगाडि, उनी नेबोको डाँडा चढे, त्यस बिहान जव उनले थाहा पाएका थिएन कि उनी जाँदैछन्। उनले हारुनको कपडा निकाले पछि, उनको कपडा अरुलाई लगाईदिए पछि। आफ्नै पोशाक निकाले, यहोशूलाई लगाईदिए, उनलाई तिनीहरुसंगै बस्न भै आज्ञा गरे! र जब उनी नेबोको डाँडा छन्द थाले, तराइको उपत्यका घाटीबाट भएर गए, यो जानेर कि उनी त्यहाँ माथि मर्नलाई जादैछन्, र नेबो डाँडा चढे, पिस्गा सम्म गए, र जब उनी त्यहाँ माथि उभिरहेका थिए, परमेश्वरले भन्नुभयो, “पारी त्यस देशमा हेर्। तैले त्यो हेरेको म चाहन्छु। मोसा, तँ त्यहाँ जान सक्थिस्। तर तलाई थाहा छ तैले तल त्यस दिमा चट्टानसंग के गरिस्? तैले आफैलाई महिमित पारिस्।” मलाई लाग्छ त्यहि नै कुरा हो जुन हामी अधिकांश मानिसमा आज समस्याको रुपमा आउछ। “तल चट्टानको अगाडि गएर, तैले आफैलाई गौरवशालि बनाईस्।” तर ध्यान दिनुहोस् जब उनी मर्नलाई तयार भए, त्यहाँ चट्टान उभिरहेको थियो। उनले पिस्गामा रहेको त्यहि चट्टान माथि टेके होला, र परमेश्वरले उनलाई दफ्नाउनुभयो। तर उनी फेरी बौरी उठेको हुनुपर्छ, कुनै ठाउँमा, किनाभे उनी जीवित थिए। उनी ख्रीष्टको एउटा चित्रण थिए। त्यहाँ उनी थिए, रूपान्तरणको डाँडामा उभिरहेको, सयौ वर्ष पश्चात, पारी फलिस्तीमा। बुझ्नुभयो, परमेश्वरको अनुग्रहले चट्टान प्रदान गर्नुभयो। ओ, प्रभु!

105 जब अब्राहामको बारेमा सोच्छु, ती सबै गल्ति जुन उनले गरे, र मोसा र उनको गल्तिहरु, तर जब अब्राहामको टिप्पणी लेखियो, जब दिव्य टिप्पणी लेखिएको थियो, जब पावलले अब्राहामको टिप्पणी लेखे, उनले कहिल्यै पनि अब्राहामको अविश्वासको बारेमा एउटा पनि कुरा लेखेनन्। होइन, होइन, कहिल्यै पनि उनमा यसको हिसाब गरिएन। उनले भनेका थिए, "परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए।"

106 मेरो विनम्र प्रार्थना यो छ, यहाँ यस बिहानीमा रहेको परमेश्वरको अनुग्रहको अगाडि, म आशा गर्छुको मेरो त्यसरी नै लेखिएको छ, कि उहाँले मेरो गल्तिहरु हेर्नुहुनेछैन। त्यो जब मेरो टिप्पणी लेखिएको थियो, मेरो मृत्युलेख, कि यो यस्तो पढिनेवाला छैन कि मैले गल्तिहरु गरे र खराब काम गरे, तर उहाँले केवल ती कामहरु हेर्नुहुनेछ जुन मैले उहाँको निम्ति गर्न खोजे। हुनसकोस् कि ती कुराहरु केवल...त्यसले के गर्छ? उहाँले परमेश्वरको अनुग्रह लिनुहुनेछ जुनमा मैले विश्वास गरेको थिए। र त्यसैमा नै म पूर्ण भरोसा राखिरहेको छु। किनकि म मेरो आफ्नै योग्यताले कहिँ पनि जान सक्दिन, तर म परमेश्वरको अनुग्रहमा भर परेको छु। हो, यो अनुग्रह हो जसमा म निर्भर भएको छु।

107 त्यहाँ निर एउटा चट्टान थियो जब मोसा मर्नको लागि तयार भएका थिए।

108 हामीले दाऊदको बारेमा के भन्न सक्छौ? परमेश्वरको अनुग्रह! त्यस महान् योद्धा जोसंग परमेश्वर आफैले...उहाले भन्नुभयो, "उनी मेरो हृदयको एउटा मानिस हो।" त्यस महान् योद्धा, दाऊद, उनले कसरी ती काम गर्न सक्थे जुन उनले गरेका थिए, उरियाह लाई लिएर, उनको सेनालाई, जबकि ऊ संग अन्यजाति सेनाहरु अत्यन्त थोरै मात्रै थिए? यो सानो कथालाई केहि बेरको लागि ध्यान दिएर सुन्नुहोस्। जब तिनीहरुको सेना त्यहाँ निर थिए, र उरियाह एक जना थिए, जो दाऊदको पक्षमा खडा भएका थिए। उरियाह एक धर्मान्तरित थिए, उनी एउटा हित्ती थिए, यहूदी धर्ममा धर्मान्तरित थिए। र ती मानिसहरुले दाऊद अत्यन्त प्रेम गर्थे! तिनीहरुले अभिषेक उनी माथि थियो भनि देखेका थिए, यद्धपि उनी एउटा—एउटा भगौडा व्यक्ति थिए। उनलाई उनको आफ्नै देशबाट देश निकाला गरिएको थियो, त्यसकारणले फलिस्तीहरु संग बस्न परेको थियो। साउलले उनलाई

खोजिरहेका थिए। तर पनि ती मानिसहरु, तिनीहरुले उनी माथि अभिषेक देखेका थिए! तिनीहरुले थाहा पाएका थिए कि उनी शक्तिमा आउदै थिए। परमेश्वरको महिमा भएको होस्!

109 म आज एउटा भगौडा हुनुमा धेरै खुसी छु, किनभने मैले देखेको छु कि ख्रीष्ट राजा हुनलाई आउदै हुनुहुन्छ। तपाईले सबै केनेडी र जो कोहि पनि चुनावमा ल्याउन सक्नुहुन्छ। तर ख्रीष्ट राजा हुनुहुनेछ! अभिषेक उहाँ माथि छ, उहाँको आगमनको उहाँको संदेशमा छ। र उहाँ राजा हुनुहुनेछ!

110 तिनीहरुले के गरे? एकदिन उनी त्यहाँ बेथलेहेमको ढोकानिर पानीको तिर्खाले उभेर बसिरहेका थिए, जहाँ उनले पहिले भेडाहरु चराउन जाने गर्थे। र तपाईलाई थाहा छ? ती मध्ये दुईजना मानिसले तरवारहरु निकाले र मानिसलाई पन्ध्र मिलसम्म काट्दै गए, केवल उनको लागि एक बाल्टी पानीको लागि। किनभने, उनको सानो चाहनाको तिनीहरुको लागि एउटा आदेश हुन्थ्यो। त्यसको बारेमा सोच्नुहोस्। र तिनीहरुले ती मानिसलाई काट्दै गए, त्यहाँ पहाडको टुप्पोसम्म गए जहाँ तिनीहरुले भने अनुसार उनी उभिरहेका थिए, त्यो करिब पन्ध्र मिल थियो। तिनीहरु त्यसबाट भएर गए। र सबै मानिसहरु उठ्थे, जब सम्म तिनीहरुले उनलाई मार्दैन थिए तिनीहरु उनी संग द्वन्द्व गर्थे। त्यसबाट भएर गए! र यो बाल्टी लिए र एउटा बाल्टी पानि लिए, ठिक शत्रुहरुको रेखाबाट, दुईजना मानिस, तिनीहरुको राजाको लागि, तिनीहरुको भाईको लागि, पिउने पानि ल्याउनको लागि। जबकि उनीसंग माथी त्यहाँ पिउन लाई पानि थियो, तर उनले *त्यो* पानि चाहेका थिए।

111 ओ परमेश्वर, मलाई वचनको तरवार लिन दिनुहोस् र सबै संस्थाहरुलाई काट्दै जान सकूँ, येशू ख्रीष्टको नाउँको बप्तिष्मा ल्याउनको लागि, र पुनरुत्थानको र पवित्र आत्माको शक्ति मानिसहरुमा फर्काएर ल्याउनको लागि, यसको वावजूद पनि...किनभने उहाँ शक्तिमा आउदै हुनुहुन्छ। उहाँ शक्तिमा आउदै हुनुहुन्छ, उहाँ एक्लै खडा हुनुहुनेछ। तर यो प्रत्येक संस्थालाई काटेर जान्छ, सबै सिद्धान्तहरुलाई काटेर जान्छ, मानिसले बनेको सबै सिद्धान्तहरु, जबसम्म तपाईले बरालिएको एउटा भेडालाई मुक्तिदाता कहाँ फर्काएर ल्याउन सक्नुहुन्न, कसैलाई, बाईबलको सिद्धान्त वापस फर्काएर ल्याउनुहोस्, त्यस येशूको जो हिजो, आज, र सधैभरि एकसमान छ। परमेश्वरको अनुग्रह!

112 दाऊदलाई हेर्नुहोस्। उनले कसरी यो गर्न सक्थे...एकजना खाडलमा गए र एउटा सिंहलाई मारे। कसरी दाऊदले उरियाहको श्रीमती लिन सक्छ, सुन्दरी बेथेशेवा, जब कि ऊ संग आफ्नै पाँच सय जना थिए? तर उनले नुहाईरहेको बेलामा देखे। र त्यहाँनिर थियो लापारवाही। अब, उनले नुहाई रहेको बेलामा आफ्नो केवल आफ्नो पर्दा तल झार्न भुलेकी थिईन्, र जानेकी थिईन् राजाले त्यहाँ यात्रा गर्थे, त्यस ठाउँबाट भएर, तल पर्खालको पारि पट्टिबाट।

113 त्यहि नै मामिला हो। मलाई लाग्दैन स्त्रीहरु आज त्यति लापरवाही या, तिनीहरु सहज रूपमा नग्न भई हिड्छन्, त्यहि नै हो, सडकमा त्यसरी हिड्छन्, पुरानो छोटो वस्त्रमा। यो शर्मनाक कुरा हो! अनि त्यसपछि सोच्छन् किन पुरुषहरुले सिट्टी बजाउछन् र जिस्काउछन् भनि। किन, तिनीहरुले त्यस्तो नै आफैलाई सिट्टी मारोस् र त्यस्तै होस् भनि गर्छन्। तिनीहरुलाई त्यो थाहा छ, तिनीहरुसंग त्यो जान्नको लागि पर्याप्त मात्रामा विवेक छ। तिनीहरुले त्यसो केवल यस कारणले गर्छन् किनकि तिनीहरुले त्यहि चाहन्छन्। यो तिनीहरुको हृदयमा नै छ। तपाईले तिनीहरुलाई भन्नुहोस् कि तिनीहरु अनैतिक छन्, तिनीहरुले त्यस कुरामा प्रतिवाद गर्न सक्लान्। तर तिनीहरु अनैतिक नहोलान्, तिनीहरु लिली फूल जत्तिकै शुद्ध होलान् कुरा कामुकतामा आउदा। तर, याद गर्नुहोस्, त्यहाँ तिनीहरुमा एउटा आत्मा छ, त्यो शैतानबाट अभिषेक भएको, कुनै पुरुषको प्राण नरकमा पठाउदै गर्छ। याद गर्नुहोस्, बाईबलले भनेको छ, "कसैले कुनै स्त्रीलाई कामुकताको दृष्टिले हेर्यो भयो, त्यसले आफ्नो हृदय त्यस स्त्रीसंग व्यविचार गरिसकेको हुन्छ।" र याद गर्नुहोस्, दिदिबहिनीहरु, तपाईले व्यविचार गरेकोले त्यस दिन जवाफ दिनुहुनेछ यद्धपि तपाईले आफ्नो जीवनमा त्यो वास्तवमै कहिल्यै नगरेको भए तापनि तर त्यस पापी जसले तपाईले लगाएको वस्त्र पहिरन तरिकामा हेर्छ, त्यो व्यविचार गरेकोले दोषी ठहरिदछ। तपाईले इन्साफको दिनमा व्यविचार गरेको हुनाले जवाफ दिनुहुनेछ। जब उहाँले भन्नुहुन्छ...

114 उहाँले यहाँ भन्नुभएको छ, उहाँले आफ्नो पुस्तकमा लेख्नुभएको छ, "व्यविचार गरेकोले।"

"को संग?"

"श्रीमती जोन डोसंग"

“तब, श्रीमती जोन डो, त्यसको बारेमा के हो?”

115 “म साँचै भन्छु म...तपाईलाई मेरो लेखा थाहा छ, म आफ्नै श्रीमान संग बाहेक कहिल्यै पनि कुनै अन्य पुरुषसंग बसिन।”

116 “तर तिमीले आफैलाई यसरी वस्त्र लगाउने बनायौ कि त्यस व्यक्तिले व्यविचार गर्यो। र तिमी यस संग व्यविचार गरेकोमा दोषी छौ। त्यहि नै बेला जसले यस पुरुषले यसो गर्यो। तपाई नै दोषी हौ, तिमीनै हौ जसले आफैलाई प्रस्तूत गर्यौं।”

117 बेथशेवाले त्यसरी नै गल्ति गरिन् जसरी हव्वाले गरिन्, तर त्यसमा आदम शामिल भए। मलाई लाग्छ हामीहरु पनि सधै स्त्रीकै बारेमा कराईरहेका हुन्छौ। तपाई परमेश्वरका छोराहरु, पुरुषहरु। मलाई थाहा छ कि तपाईहरु बलियो झुण्ड हुनुहुन्छ, त्यो सहि हो, बलियो लिङ्ग। तपाईहरु महिलाहरुको माथि हुनुहुन्छ, त्यो सत्य हो, त्यसैले त्यसरी नै व्यवहार गर्नुहोस्। उनीहरुमा धेरै बल नदेखाउनुहोस्, केहि सानी केटिलाई लिएर तिनीहरुको जीवन वर्वाद नपारिदिनुहोस्। तर परमेश्वरको एउटा छोरा बन्नुहोस्, उनलाई भन्नुहोस् कि उनी गलतमा छिन्, र परमेश्वरको एउटा छोरा जस्तो गरी खडा हुनुहोस्। उनी तपाईको बहिनी हुन्। हो, श्रीमान्। हामीले के गर्ने कोशिष गर्छौ, के परमेश्वरको छोरा भनाउदाहरुले आज, जो मण्डलीमा छन्, तिनीहरुले सक्नेसम्मको हरेक साना केटिहरुलाई बाहिर लान खोज्छन्। याद गर्नुहोस्, त्यहाँ कुनै अनैतिक महिला हुनुहुन्छ भने त्यहाँ कुनै विवाहित पुरुषले उनलाई वर्वाद गरेको पनि हुनसक्छ। त्यसैले, कुनै कालो भाडाले अर्को भाडालाई कालो भन्न सक्दैन, त्यसैले याद गर्नुहोस्। यो सबैको कारण पाप हो। र हामी सबै मृत्युमा फालिएका छौ, र त्यसको लागि मर्नुपर्दछ।

118 जब दाऊद त्यो दुष्ट काम गरे, उनको आफ्नै इन्साफले पनि उनलाई मार्न पर्ने थियो। जब त्यो अगमवक्ता त्यहाँ माथि आए, उनले सोचेका थिए कि यो लुकिएको थियो। जब त्यो अगमवक्ता त्यहाँ माथि आए र उनको अगाडि उभिए, र उनले भने, “दाऊद, के सबै कुरा ठिकै चल्दैछ?”

उनले भने, “सबै कुरा ठिकै छ।”

119 दाऊद, उनको आफ्नो उच्च वस्त्रमा र उनको ठूलो श्रीपेचमा, र उनी संग बाहिर योआब थिए, उनको महान् प्रधान सेनापति, र बाहिर लडाई चलिरहेको थियो। उनले सबै शत्रूहरुलाई सिमा रेखाबात टाढा राखिरहेका

थिए, सबैकुरा ठिकै चल्दैथियो। उनको बेथशेवासंग एउटा बच्चा हुदै थियो। र सोजो उरियाह बाहिर गएका थिए, र योआबलाई उनको छेउमा रहनलाई भनेका थिए, तबसम्म बस्नलाई भनेका थिए जबसम्म उनी मरिएनन्। र—र—र त्यस केटा सुर्यास्त सम्ममा आफ्नो हातमा युद्धको चक्कू सहित, उनको ढालमा रगत सहित मरिसकेको थियो, जहाँ उनी इस्राएलको निम्ति खडा भएका, तसर्थ उनी तिनीहरुको धर्ममा धर्मान्तरित थिए। त्यसपछि जब योआब फर्केर आए र उनलाई त्यो—त्यो दाऊद मर्यो भनि सुनाए... कि—कि उरियाह मारिए भनि सुनाए, दाऊदले सोचे, "अब सबैकुरा ठिक छ। मैले उसको श्रीमती पाए, र सबै कुरा राम्रै भयो। एउटा बच्चा पाए।" तर बच्चा असाध्यै विमार भए। बच्चा मर्न थाल्यो। र उनले बच्चाको जीवन बचाउन सबै प्रयासहरु गरे, शायद सबै चिकित्सक आए होलान्। कुनै लाभ भएन। अन्ततः बच्चा मर्यो। तिनीहरुले बच्चा मर्यो भन्ने खबर दाऊदलाई दिन डराएका थिए। र बच्चा मर्यो। र उनले सोच्यो कि सबै कुरा लुकेको छ। त्यसैले उनले बेथशेवालाई सान्त्वना दिए। ती सबै अन्य श्रीमतीहरुको वावजूद पनि तिनले उनलाई आफ्नो पत्नीको रूपमा लिईसकेका थिए।

120 यो बुढो अगमवक्ता, वृद्ध तालु शिर भएको उनी भित्र आए, बुढो नातान, उजाडस्थानबाट आएका थिए, तल बसेम भने, "दाऊद, सबैकुरा कस्तो भईरहेको छ?"

121 उनले भने, "राम्रो छ! राम्रो छ! परमेश्वरको वृद्ध अगमवक्ता, सधै जीवित हुनुहुन्छ! हाल्लेलुयाह!" ओ, उनी केवल...उनले सोचेका थिए कि सबै कुरा राम्रै थियो, उनले सोचेको थियो कि उनले त्यो लुकाउन सक्छन्।

122 तर तपाईले परमेश्वरबाट लुकाउन सक्नुहुन्न! तपाईले अहिले के सोच्दै हुनुहुन्छ सो जान्नुहुन्छ। उहाँलाई तपाईको सोचहरु थाहा छ, किनकि उहाँ परमेश्वर हुनुहुन्छ। पवित्र आत्मा जो आज यस भवनमा हुनुहुन्छ, उहाँले तपाईको विचारहरु जान्नुहुन्छ, तपाईको हुनुहुन्छ, तपाई कहाँबाट आउनुभयो, तपाईले के गर्नुभयो छ सो जान्नुहुन्छ, किनकि येशू ख्रीष्ट हिजो, आज, र सधैभरि एक समान हुनुहुन्छ।

123 परमेश्वरले यो कुरा त्यस अगमवक्तालाई खोलिदिनुभयो। उनले भने, "दाऊद, त्यहाँ सडकको *यस* तर्फि एउटा धनी मानिस बस्थ्यो, उ संग धेरै भेडाहरु थिए, ओ, त्यो व्यक्ति अत्यन्त धनी थियो। र सडकको *यस* तर्फ चाहि अर्को एउटा मानिस बस्थ्यो, त्यो मानिस गरीब थियो, उनी संग

एउटा मात्रै भेडा थियो। उनले त्यस भेडालाई एउटा छोरीलाई जस्तै गरी राखेको थियो। उनले आफैले खाएको भाडाबाट त्यसलाई खुवाऊथ्यो। उ त्यहि भेडासंग सुत्थ्यो। सबै कुरा...त्यस उनको लागि एउटा छोरी जस्तै थियो। र एकदिन एउटा पाहुना आयो, धनी मानिसले आफ्नो भेडाहरु मध्ये एउटालाई लिएर पाहुनाको निम्ति एउटा भोज गर्नको साट्टो, त्यसो गर्नको साट्टो, त्यो गरीब मान्छेको मा गएर गरीबको भेडा लिएर आयो, र जबरजस्ती, भेडा लियो र त्यसलाई मार्यो, र एउटा भोज तयार गर्यो।

124 अब, त्यो दाऊदको आवेग थियो। उनीसंग पाँच सय ओटा श्रीमतीहरु थिए, तर जब तिनले उरियाहको श्रीमतीलाई देखे, उनले आफ्नो पाँचसय ओटा श्रीमतीहरु मध्ये एउटालाई नलिएर, उनको कामुकतालाई तृप्त पार्न, तिनी गए, यो अर्को मानिसको श्रीमती लिए, त्यसपछि उरियाहलाई मारे जब उनी एउटा आमा बनिन्। दाऊदलाई थाहा थिएन तिनले के गर्दैथिए भनेर, किन, दाऊद इन्साफ उच्चारण गर्न तयार थिए। त्यहि नै तरिकामा हामीहरु छौ। हामीले जहिले पनि मानिसहरुलाई न्याय गर्न खोज्छौ, तर जब यो हामीमा आउछ, ओ, त्यो फरक हुन्छ।

125 दाऊदले भने, “त्यस मानिस मारीनु पर्छ।”

126 त्यस बुढो अगमवक्ता, ती आँखा खुम्चाएर। उनले भने, “दाऊद, निश्चय नै तिमी मर्ने छैनौ!” हेर्नुहोस् अनुग्रहले त्यहाँ झट्टै कार्य गर्न आइपुग्यो। आत्माले अगमवक्तालाई हान्यो, दाऊदको जीवन बचायो। अनुग्रह, “निश्चय नै तिमी मर्ने छैनौ, तर तरवारले तिम्रो घरको पिछा तबसम्म छोड्नेछैन जब सम्म तिम्रो हृदय शुद्ध हुदैन। किनकि त्यो धनी मानिस तिमी नै हौ।” ओ, यो त्यसपछि फरक भयो, होइन र?

127 दाऊदलाई के ले बचायो, जबकि उनको आफ्नै न्यायले भनेको थियो कि, “त्यस मानिस मर्नेछ, त्यसले यसको पूर्ण ज्याला तिर्नेछ, र त्यसले आफ्नो ज्यान दिएर यो तिर्नेछ”?

128 अनि अगमवक्ताले भने, “निश्चय (अनुग्रह) नै तिमी मर्नेछैनौ। तिमी मर्नेछैनौ। अनुग्रहले तिमीलाई बचाएको छ।” त्यो दाऊदको लागि अनुग्रह थियो जसले उनलाई बचायो। ओ, प्रभु!

129 यदि त्यो अनुग्रह थिएन भने, हामी सबै कहाँ हुनेथियौ होला? के त्यो सहि हो? पक्कै पनि।

130 सार्वभौम अनुग्रह सार्वभौम परमेश्वरबाट। सार्वभौम अनुग्रह सार्वभौम परमेश्वरबाट। सार्वभौम, यसले के गर्न सक्छ? सार्वभौमले जे चाहन्छ त्यो गर्नसक्छ। अब यसलाई सुन्नुहोस्। सार्वभौम अनुग्रह केवल उहाँले दिनसक्नुहुन्छ जो सार्वभौम हुनुहुन्छ। र परमेश्वर सार्वभौम हुनुहुन्छ, त्यसैले उहाँले सार्वभौम अनुग्रह दिनसक्नुहुन्छ। तसर्थ सार्वभौम भएको ले, अनुग्रहले कसैलाई सोध्न पर्दैन, यसले त्यसो गर्न पर्दैन। यसले जे चाहन्छ त्यहि गर्दछ। के यो अद्भूत छैन? यसले कसैलाई सोध्न पर्दैन, "के म *यो* गर्न सक्छु? या कि म *यो* गरूँ? के म? मैले गरूँ? मैले गर्न पर्ला?" यसले यस्तो गर्दैन। यसले आफैले गर्छ। अनुग्रह सार्वभौम छ, अन्ततः उहाले घृणित पापीलाई पनि बचाउन सक्नुहुन्छ, उहाँले सबै भन्दा तुच्छलाई बचाउन सक्नुहुन्छ, उहाँले सबै भन्दा अशुद्धलाई बचाउन सक्नुहुन्छ, उहाँले सबै भन्दा अनैतिकलाई बचाउन सक्नुहुन्छ, उहाँले सबैभन्दा विरामीलाई पनि निको पार्न सक्नुहुन्छ। हाल्लेलुयाह!

131 उहाँले म जस्तो एउटा दरिद्रलाई पनि बचाउन सक्नुहुन्छ। र उहाँले त्यो गर्नु पनि भयो। यो के हो? अनुग्रह! विलियम ब्रन्हाम, एउटा जडियाको छोरा। त्यस कुराले कुनै फरक ल्याउदैन, परमेश्वरको अनुग्रहले मलाई बचाउनुभयो!

132 "म, म कुनै एउटा स्त्रीको छोरी जो असल थिएन।" त्यसले कुनै फरक पार्दैन, परमेश्वरको अनुग्रहले तपाईलाई बचाउनुभयो। यो सार्वभौम छ, कसैलाई केहि सोध्न पर्दैन यसले। आमेन! म त्यस कुरामा अत्यन्त खुसी छु। हल्लेलुयाह!

133 घृणित पापीलाई लिएर हिऊ जस्तो सेतो बनाउन सक्नुहुन्छ, यसको बारेमा कसैलाई सोध्न परेन। ओ, यसले आफै गर्न सक्छ किनकि यो सार्वभौम छ। सुन्नुहोस्, चाडो अब।

134 त्यो क्रूस प्रमाणित गरियो, जब त्यहाँ घृणित चोर थियो, त्यो मर्न योग्य थियो। परमेश्वर उहाँको विचार भन्दा टाढा कहिल्यै पनि आउनुभएन। उहाँले कहिल्यै पनि यसको बारेमा केहि पनि सोच्नुभएन। त्यहाँ क्रूसमा जब, ती रगताम्य ओठहरुबाट, ती विलापहरुको बिचमा त्यहाँ एउटा ध्वनि आउछ, "प्रभु, म प्रति दया देखाउनुहोस्!"

135 र त्यहाँ अर्को एउटा रगत, आँशु, वेदना, सहित पछाडिबाट आउछ, अनुग्रहले आफ्नो पकड राक्छ र भन्छ, "आज नै तिमी मसंग स्वर्गमा

हुनेछौ।" अनुग्रहले त्यो गर्यो। कसरी त्यस चोर'ले आफैलाई सहायता गर्न सक्छ र? आदमले आफैलाई सहायता गर्न नसके सरह थियो, हव्वाले आफैलाई सहायता गर्न नसके सरह थियो, तपाईले आफैलाई सहायता गर्न नसके जस्तै हो, मैले आफैलाई सहायता गर्न नसकेको जस्तै नै हो, हामीले आफैलाई दूध जस्तो सेतो बाटोमा हाम्रो जुत्ताको पट्टिले हल्लाउन नसके जस्तै हो। हामीले यो गर्न सक्दैनौ। तर परमेश्वरको अनुग्रहले यसको लागि केहि गर्न सक्दछ, र यसले यो गरेको छ। परमेश्वरको अनुग्रह, परमेश्वरको अनुग्रहको सार्वभौमता, त्यस मर्दै गरेको चोरमा आयो, "आज नै तिमी म संग स्वर्गमा हुनेछौ।" ओ, यसको बारेमा सोच्नुहोस्! त्यो अद्भूत छ।

136 यसको बारेमा सोच्नुहोस्: प्रेम र अनुग्रह दिदीबहिनी हुन्, जुडुवा दिदिबहिनी। तपाईमा प्रेम नभईकन अनुग्रह कहिल्यै पनि हुन सक्दैन। तिनीहरु हरु जुडुवा दिदिबहिनी हुन्। त्यो एकदम सहि हो। तपाईमा अनुग्रह हुनुभन्दा पहिले, तपाईमा प्रेम हुनुपर्दछ। तपाईले कसैलाई वास्तवमै एउटा कृपा देखाउनुहुन्छ भने, तपाईले तिनीहरुलाई प्रेम गर्नुहुन्छ; सहि होस् या गलत होस्, तपाईले तिनीहरुलाई प्रेम गरेको हुनुपर्दछ, नभए तपाईले कृपा गर्नसक्नुहुन्न। बुझ्नुभयो? त्यसैले प्रेम र अनुगढ़ा एउटै कुरा हो। तिनीहरु केवल जुडुवा दिदिबहिनी हुन्, त्यहि नै हो, प्रेम र अनुग्रह। तिनीहरु, हामी...हामीले अर्को नभईकन एउटालाई देख्न सक्दैनौ। "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले एक मात्र आफ्नो पूत्रलाई दिनुभयो," उहाँले आफ्नो अनुग्रह बगाउनुभयो, र पवित्र आत्माद्वारा हाम्रो हृदयहरुमा ल्याउनुभयो। बुझ्नुभयो? त्यहाँ तपाईले एउटा बिना अर्कोले गर्न सक्ने केहि पनि छैन। अनुग्रह, परमेश्वर अनुग्रहले नै हामीलाई बचाएको छ।

137 अब हामीले पाउछौ, कि अनुग्रह, ठिक त्यो मार्दै गरेको चोरल् जस्तै, यसले कविहरुलाई प्रेरित गर्यो जब तिनीहरुले यो देखे। एउटा कविले भनेका छन्:

त्यस मर्दै गरेको चोरले यो देख्दा रमायो
उनको दिनको फुहारा
त्यहाँ म होला, उनी जत्तिकै घृणित,
मेरा सबै पापहरु धोईयो।

विश्वासद्वारा त्यस धारालाई मैले देखेको दिन देखि
तपाईको बगेको धाऊको आपूर्ति,

उद्धार गर्ने प्रेम नै मेरो मूल विषय भएको छ,
र म मर्ने दिन सम्मै पनि यहि नै रहनेछु।

तब एउटा महान्, मिठो गितमा,
तपाईको उद्धार गर्ने शक्तिको वारेमा गाउनेछु,
जब यो कमजोर ओठ, लटपटाउने जिब्रो
शान्तको साथ कब्रमा आराम गर्नेछु।

अनुग्रह, अद्भूत अनुग्रह! हाल्लेलूयाह! एक जनाले लेखेका छन्:

ओ, परेम्श्वरको प्रेम, कति धनी र शुद्ध छ!
कति अथाह र बलवान!
यो सदाको निम्ति रहनेछ,
सन्तहरु र स्वर्गदूतहरुको गित।

यदि हामीले मशीले सागर भर्थ्यौं भने,
र चर्मपत्रको आकाश बनाईएको थियो भने,
र पृथ्वीमा हरेक डाली एउटा पंख हुन्थ्यो,
र हरेक मानिस व्यापारले एक लेखक हुन्थे;
माथिको परमेश्वरको प्रेम लेख्नको लागि,
सागरलाई सुखाई दिन्थे;
या त चर्मपत्रले सबै अटाउथ्यो भने,
तर्सर्थ आकाश बाट आकाश तन्किने थियो।

138 त्यहि नै हो, अनुग्रह, परमेश्वरको अनुग्रह। परमेश्वरको अनुग्रहले छायाँलाई ल्याएको छ...परमेश्वरले हाम्रो जीवनमा उहाँको प्रेम द्वारा हामीमा अनुग्रह ल्याउनुभयो। यहाँ केहि कुरा छ जुन अनुग्रहले गर्न सक्दैन; अनुग्रह कसैले ल्याउन सक्दैन, अनुग्रह विक्री गर्न सकिदैन। यो अनुग्रह हो! यो एउटा सार्वभौम हुनुहुने बाट आउदछ। हो, श्रीमान। तपाईले यसको लागि मोल–तौल गर्न सक्नुहुन्न। तपाईले भन्न सक्नुहुन्छ, "परमेश्वर, म *फलानो–फलानो* गर्नेछु यदि तपाईले *फलानो–फलानो गर्नुभयो* भने।" तपाईले त्यसो गर्न सक्नुहुन्न। परमेश्वरले त्यसो गर्नुहुदैन। तपाईले परमेश्वरबाट केहि पनि झिक्न सक्नुहुन्न।परमेश्वरले तपाईलाई यो उहाँको अनुग्रहद्वारा दिनुहुन्छ। ओ, ओ, ओ, प्रभु!

139 "यसकारण मानिसको इच्छा वा प्रयासमाथि यो निर्भर गर्दैन तर परमेश्वरको कृपामाथि निर्भर गर्दछ।" त्यो सहि हो।

140 मानिसहरु सामने पर्दछन्। र केहि मानिसहरु मकहाँ आउछन्...मलाई लाग्छ मैले ती केटाहरु मध्ये एकजनालाई यस भवनमा बिहान देखेको थिए। एउटा मेथोडिष्ट केटा भित्र आयो, र पवित्र आत्मा प्राप्त गर्यो, त्यहाँ माथिबाट...र ती केटाहरु मकहाँ आए, र भने, "अब, भाई ब्रन्हाम, हामीहरु बाचिसकेका छौ र पवित्र आत्मा प्राप्त गरेका छौ, के हामीहरु बरदानको खोजिगर्न तर्फ लागौ?"

मैले भने, "होइन, त्यसो नगर। त्यसो नगर।"

141 परमेश्वरले उहाँको वरदानहरु सार्वभौम रूपमा दिनुहुन्छ। वरदान र बोलावट पश्चताप बिना नै प्राप्त हुन्छ। पहिलो कुरा तपाई जान्नुहुन्छ, तपाई केहि कुरा खोज्दै जानुहुन्छ, "परमेश्वर, तपाई मलाई एउटा प्रचारक बनाउनुहोस्, तपाईले मलाई केवल *यो* गर्नुहोस्," र तपाई के बन्न जानुहुन्छ? एउटा ठूलो स्वार्थी व्यक्ति बन्नुहुन्छ, त्यही नै हो। तपाई कुनै मानिसको धर्मशिक्षामा र कुनै संस्थामा जानुहुन्छ, र तपाईले आफैलाई खडा गराउनुहुन्छ र सड्नुहुन्छ। बोलावटको कार्य परमेश्वरलाई गर्न दिनुहोस्। परमेश्वरले तपाईलाई बोलाउनुहुन्छ, परमेश्वरले तपाईलाई पवित्र पार्नुहुन्छ, परमेश्वरले तपाईलाई दिन पर्ने आवश्यक कुरा तपाईलाई दिनुहुन्छ। हो, श्रीमान्।

142 तपाईले अनुग्रहको लागि मोल–तौल गर्नसक्नुहुन्न। होइन, श्रीमान। तपाईले, त्यो बेच्न सक्नुहुना, यो मोल–तौल गर्न सकिदैन, न त यो ल्याउन नै सकिन्छ, यसको व्यापार गर्न सकिदैन। तपाईले यो भन्न सक्नुहुन्न, "अँ, अब, प्रभु, म गैर यो महान् ठूलो ब्याप्टिष्ट मण्डलीमा गएर शामिल हुन्छु, या यो ठूलो मेथोडिष्ट मण्डलीमा शामिल हुन्छु, या यो ठूलो पेन्टीकोष्टल मण्डली, या यो ठूलो नाजरिन मण्डली। यदि तपाईले केवल मेरो लागि *यसो* गर्नुभयो भने म *यो* गर्नेछु।" यसको लागि मोल–तौल गर्न सकिदैन। होइन, श्रीमान्।

143 "पिताले मलाई दिनुभएको सबैकुरा म कहाँ आउनेछन्। कुनै पनि मानिस मेरो पिताले पहिले नबोलाएसम्म आउनेछैनन्।"

144 तपाई केवल त्यस ठूलो मण्डलीको एउटा सदस्य मात्र हुनुहुनेछ, त्यहि नै हो, तपाई बचाईनुहुनेछैन। अनुग्रहले तपाईलाई बचाउनुपर्छ। हाम्रो प्रतिभाले गर्नेछैन, र हाम्रो प्रतिभाहरु हाम्रो—हाम्रो...हाम्रो प्रतिभा जुन हामीसंग छ, हामीले अनुग्रह प्रतिभाहरुबाट कमाउन सक्दैनौ।

145 यदि परमेश्वरले मलाई एउटा प्रचारक बनाउनुभयो भने, त्यसले यो देखाउदैन कि उहाँको अनुग्रह म संग थियो। होइन, होइन। यो उहाँको अनुग्रहले मात्रैले हो मलाई बचाएको। मैले सुसमाचार प्रचार गरेको कारणले म बचाईएको होइन। तपाईले अन्य भाषाहरुमा बोल्नुहुन्छ त्यस कारणले तपाई बचाईएको होइन। ओ, होइन। तपाईले प्रचार गरेको कारणले होइन। तपाईले प्रचार गरेकै कारणले तपाई बचाईएको सम्म हुदैन। तपाईले अन्य भाषामा बोलेकै कारणले तपाई बचाईएको होइन। तपाईले यी मध्ये कुनै काम गरेको कारणले तपाई बचाईनुभएको होइन। पहिलो कोरिन्थी १३ ले साबित गर्छ, "मैले मानिसहरु र स्वर्गदूतहरुको भाषामा बोले तापनि, मैले परमेश्वरको सबै रहस्यहरु (एउटा प्रचारक) बुझे तापनि मैले *यी* सबै कुराहरु गरे तापनि, र पहाड हटाउनसक्ने विश्वास भए तापनि, ममा अनुग्रह छैन भने म केहि पनि होइन, जुन प्रेम हो।" प्रेम अनुग्रह हो। परमेश्वरको अनुग्रह जसले सबै कुरा गर्छ।

146 कोहि मानिसहरु, तपाई संग केहि यी रक–एण्ड–रोल का राजाहरु जस्तो प्रतिभाहरु छन्। त्यसले मलाई केवल दिक्क बनाउछ पेटमा, मलाई थाहा छैन, मेरो आत्मिक खुराकमा। म तपाईलाई भन्छु, जब म यी रक–एण्ड–रोल शनिबारको राति हेर्छु र गएको देख्छु, र रातभरि नाच हेर्छु, र अर्को विहान श्रोताहरुको अगाडि सामना गर्नको लागि एउटा लामो पवित्र अनुहार लाउने कोशिष गर्छन्, र मानिसहरुको अगाडि त्यहाँ खडा हुन्छन् र कुनै भजन गाउछन्, र तिनीहरु स्वर्ग जादैछन् भनि सोच्छन्। म धेरै नाउँहरु बोलाउन सक्छु, तर मैले त्यो गर्न पर्ने आवश्यक छैन। यो टेप जताततै जाँदैछ। तर तपाईहरु सबैलाई थाहा छ। एउटा केटा यहाँ धेरै समय भएको छैन, हलीवूडमा, एउटा केटिलाई चुम्बन गर्न खोज्दैनन् किनकि त्यो उसको "धर्म" को विरूद्ध थियो। उसको "धर्म" को विरूद्ध थियो, र रक–एण्ड–रोल चलचित्र बनाउथ्यो र त्यस्ता कुरा गर्थ्यो जुन घिनलाग्दो रूपमा, र त्यस्ता कुराहरु गर्थे। के तपाईलाई लाग्छ कि तपाईले आफ्नो तिस टुक्राको चाँदि लिएर परमेश्वरको अनुग्रहमा योग्यता पाउन सक्नुहुन्छ, यहूदा? त्यसले तपाईको लागि नरकमा एउटा ठाउँ बाहेक अरु केहि किन्न सक्दैन!

147 परमेश्वरको अनुग्रह मोल–तौल गर्न सकिदैन, न त...न त त्यसमा प्रतिभा बनाउन सकिन्छ। यो सार्वभौम अनुग्रह हो! "मेरो हातमा मैले केहि

ल्याउदिन, केवल तपाईको क्रूसमा बाधिन्छु।” नग्न, घाउले भरिएको, म जस्तो छु त्यस्तै नै आउदछु।

म जस्तो छु त्यस्तै, कुनै एउटा बहाना बिना,
तर तपाईको रगत मेरो निम्ति बग्यो,
र तपाईले मलाई आफ्नो नजिक आउनको निम्ति
बोलाउनुहुन्छ,
ओ परमेश्वरको थूमा, म आउदछु!

148 त्यहि नै सबै हो, यो अनुग्रह हो जसले मलाई ल्यायो। अनुग्रहले यो गर्यो। अनुग्रह यस्तो हो, अर्को कुरा जुन मा भन्न चाहन्छु, कहिले काहि अनुग्रह…

149 यी ठूला मण्डलीहरु, तिनीहरुले सोच्छन् तपाई त्यहाँ तल जान सक्नुहुन्छ, तिनीहरुले सोच्छन्, “हामीले शहरकै सबै भन्दा ठूलो मण्डली निर्माण गरेका छौं। हामी संग यहा महिला सहायता समिति छन् जसले गरीबहरुलाई…गरीबहरुलाई लुगा प्रदान गर्छ, र देश बाहिर पठाउछ। हामीले गरीबहरुलाई खुवाउछौ। हामीले *यो* सबै गर्छौं।

पावलले भनेका थिए, “मैले पनि यहि गर्न सक्छु, र त्यो शून्य हुन्छ।”

150 तिनीहरुले भन्छन्, “ठिक छ, हामी, हामीहरु पुरानो संगठन हौ। हामीहरु यहाँ दुई हजार बर्ष देखि छौ। हामीहरु पाँच सय वर्ष पुरानो हौ। जोन वेस्ली, एलेक्जेन्डर क्याम्पबेल, र पुराना समयका यी महान् संस्थापक, तिनीहरुले हाम्रो मण्डली स्थापना गरे। हाल्लेलुयाह!”

151 ठिक छ, येशू ख्रीष्टले यो मण्डली स्थापना गर्नुभयो, पवित्र आत्माको बप्तिष्मा, र तिनीहरुलाई त्यहाँ पेन्टीकोष्ट सम्म जान र माथिबाट शक्ति न आउन्जेल प्रतिक्षा गर्नको निम्ति भन्नुभयो।

152 र तपाई पेन्टीकोष्टको मण्डलीको नै भए तापनि तपाई अझै पनि नबचाईएको हुनसक्छ। पेन्टीकोष्टल मण्डली अरु मण्डली भन्दा कुनै ज्यादा छैन। त्यो सहि हो।

153 यसको कुरा यो हो कि, त्यहाँ केवल एउटा मात्रै मण्डली छ, त्यहि नै मण्डली हो जस्मा तपाई पवित्र आत्माको बप्तिष्माद्वारा जन्मनु हुन्छ, “किनकि एउटै आत्माद्वारा हामी एउटै शरीरमा बप्तिष्मा भएका छौ,” पहिलो

कोरिन्थी १२:१३, त्यो सहि हो, पहिलो—पहिलो १२। अब, हामी त्यस मण्डलीमा बप्तिष्मा भएका छौं।

154 तर मानिसहरुले सोच्छन् कि तिनीहरु यसको लायक हुनसक्छन्। "किन, हामी, म—म विद्यालय गए र मैले *यो* गर्नलाई सिके, र समारोहहरुमा गए र मैले गरे..." त्यसले एउटा पनि अर्थ राख्दैन। तपाईले परमेश्वरको अनुग्रह किन्न सक्नुहुन्न।

155 परमेश्वरको अनुग्रह यस्तै हो। तपाईलाई म एउटा कथा भन्छु, अन्त्यमा। परमेश्वरको अनुग्रह यस्तो हो। एकसमय त्यहाँ एउटा शक्तिशाली राजा थियो, र यस शक्तिशाली राजाको एउटा छोरा थियो र त्यो छोरा उनको एक मात्र छोरा थियो। र एक दिन एउटा हत्याराले त्यस केटालाई मारिदियो। र त्यस राज्यबाट त्यस हत्यारालाई खोज्न टोली नै गए। तिनीहरु अन्ततः त्यस हत्यारालाई भेट्टाए। र जब तिनीहरुले उनलाई भेट्टाए, तिनीहरुले त्यसलाई फर्काएर ल्याए र कैदि बनाए। र जब तिनीहरुले त्यसो गरे, एउटा मुद्दा तयार पारे र फैसला पनि दिईयो। ओ, त्यो भयानक कुरा थियो। त्यसले राजाको छोराको हत्या गरेको थियो, र त्यसले जानेको थियो कि त्यसको नतिजा के आउनेछ भनि।

156 तिनीहरुले त्यसलाई भित्री झ्यालखानामा राखे, तिनीहरुले ढोकाहरु बन्द गरे, तिनीहरुले त्यसमा गद्दा राखिदिए ताकी कसैले पनि...वरपर पहरेदार राखिदिए, किनकि हामीलाई थाहा छ कुन तरिकाको भयानक सजाय यस केटाले पाउनेवाला थियो, किनकि उसले राजाको छोरालाई मारेको थियो, राजकीय, राजाको छोरा। ढोकाको वरपर पहरेदारहरु राखिएको थियो। त्यसलाई भित्री झ्यालखानामा राखिएको थियो। केहि नलगाई केवल एउटा—एउटा सानो कपडा मात्र लगाईएको थियो। र त्यहाँ उनी थिए, त्यस्तो अवस्थामा राखिएको थियो। भोकभोकै, उनलाई खानलाई केहि पनि दिईदैन थियो। उनी त्यस्तो अवस्थामा बसिरहेका थिए।

157 त्यसपछि तिनीहरुले त्यसलाई एउटा मुद्धाको लागि बाहिर ल्याए। उनी दोषी पाईयो र दोषी साबित भए। फैसला दिईयो, कि उनलाई एउटा भयानक सजायको रूपमा मृत्यु दिईनेवाला थियो, उनलाई यातना दिएर तबसम्म मारिन्थ्यो जब सम्म उसको शरीरबाट जीवन जादैन थियो। न्यायाधिशबाट फैसला दिईयो, उनी मर्न पर्ने थियो। र उसले विन्ती गर्यो र करायो, र उसले भन्यो, "म दोषी नै भए तापनि, म दोषी भए तापनि, म माफि चाहन्छि कि

मैले त्यसो गरे। मैले त्यसो कहिल्यै नगरेको भए हुन्थ्यो। मैले त्यसो गरेकोमा म क्षमा चाहन्छु। मैले एकपलमा, रिसको आवेगमा, मैले त्यसो गरे। मैले त्यसो गर्न खोजेको थिईन।"

158 एकदिन राजा त्यस ठाउँमा तल गए, त्यस केटालाई भेट्न, त्यसलाई भन्न, उनीसंग बोल्न र उनको आफ्नै छोरा मारेको बारेमा भन्नलाई गए, एकमात्र छोरा जो उनीसंग थियो। त्यसले त्यो केटालाई मरेको कुरा भन्न लाई गए। उनले भने, "म त्यससंग बोल्नलाई तल गईरहेको छु।"

159 र जब उनी त्यहाँ तल गए, उनले पछाडि कैदखानामा हेरे, त्यो जनावर राख्ने जस्तो कैदखाना। उनले त्यस दुब्लो–पातलो शरीर त्यहाँ पछाडि कुनानिर रुदै बसिरहेको देखे। उनको अनुहार उदास थियो, उनको चिउड़ो पछाडि तिर धसेको थियो, उनको आँखा गाडेको थियो, सबै कुरा उनको आँखामा थियो, र उसको मुख सबै सुक्खा भएको थियो; कुनै पानि थिए, तिर्खाएको थियो। उनको अनुहार निहुराएर रोएर बसिरहेको थियो। राजाले भने, "खडा हू।" उनी त्यसको नजिक आए, र उनले त्यसलाई हेरे। उनले भने, "तैले मेरो छोरालाई किन मारिस्? मेरो छोराले तलाई के गरेको थियो? उसले तलाई के गरेको थियो कि तैले उसलाई मारिस्, भालाले घोपेर तैले उसलाई मारिस्?

160 उनले भने, "केहि गरेको थिएन प्रभु, एउटा काम पनि गरेको थिएन। मेरै आफ्नो दुष्ट्याईले, मेरो कारणले गरे। मैले उसलाई यस कारणले मारे किनकि म उसको डाह गर्थे, र म एउटा आवेगमा र मैले उसलाई मारे।" भन्यो, "अब म तपाईको न्याय अनुसार मर्नेछु, श्रीमान। मैले यो स्वीकार गरेको छु र म यसको लागि मर्न लायक छु। म रोएका एउटा मात्र कारणले हो, कि म अत्यन्त क्षमा चाहन्छु कि मैले त्यस राजकीय व्यक्तिलाई बिना कारण मारे।"

161 राजा आफ्नो खुट्टामा उठे र त्यहाँबाट हिडे, र आफ्नो मेच निर गए, र भने, "सबै दस्तावेज नष्ट गरिदेओ!" तपाईलाई थाहा छ, ती सबै विर्सने समुन्द्रमा फालिदेओ। "सबै सबूतहरु नष्ट गरिदेओ! त्यसलाई धुलाईदोओ, त्यसलाई सफा बनाइदेओ। म यसको लागि एउटा पोशाक पठाउनेछु।"

162 केहि समय पछि, एउटा ठूलो लामो गाडि ढोका समय आयो। जब त्यो आयो, र कैदखानाको कोठासम्म रातो कार्पे बिछयायो। त्यो लामो गाडिको पछाडीपट्टि राजा बसेको थियो, र भन्यो, "आउ, मेरो छोरा, र म संग

दरवारसम्म संगै जाऔ," उनको काँधमा वरपर राजाको पोशाक लगाईदिए। उनले भए, "आजको दिन उप्रान्त तिमी मेरो छोरा हौं।"

163 किनकि उनीसंग दया थियो, त्यो अनुग्रह हो। त्यो व्यक्ति म थिए, त्यो व्यक्ति तपाई हुनुहुन्थ्यो। हामीले परमेश्वर पुत्रलाई हाम्रो पापद्वारा मार्यौ। हामीहरु अन्जान थियो, फोहोरी, घिनलाग्दो, संसारको कैदखानामा थियौ। उहाँको आफ्नै पुत्रको रगतद्वारा परमेश्वरले हामीलाई धुनुभयो, र हामीलाई सफा बनाउनुभयो, उहाँको पवित्र आत्माको पोशाक दिनुभयो। र अब महान् परमेश्वरको रथले एकदिन हामीलाई ढोकामा लिन आउनुहुन्छ, र हामीहरु उहाँसंग बस्नको लागि घर जानेछौ। सबै सबूतहरु नष्ट गरिएको छ, हामीहरु अब न्यायमा पारिनेछैनौ; त्यसलाई जलाईएको छ, उहाँले त्यसलाई क्षमा र कहिल्यै सम्झना नगर्ने समुन्द्रमा फालिदिनुभएको छ। हामीले यो गाउन सक्छौ:

अद्भूत अनुग्रह! कति मिठो ध्वनि,
जसले म जस्तो दरिद्रलाई बचायो!
म हराएको थिए, तर अब म भेट्टाईएको छु,
र अन्धो थिए, तर अब म देख्दछु।

यो अनुग्रह थियो जसले मेरो हृदयलाई भय राख्न सिकायो,
अनुग्रहले मेरो डरलाई कम गरिदियो;
कति मूल्यवान भई त्यो अनुग्रह आयो
जुन घडि मैले पहिलो पटक विश्वास गरे!

164 के यो समय तपाईले आफ्नो समय बनाउन चाहनुहुन्न, पापी मित्रहरु, प्रार्थनाको निम्ति हामीले आफ्नो शिरहरु निहुराउदै गरेको क्षण? यहि नै त्यस घडि हुन दिनुहोस् जुन तपाईले पहिलो पटक विश्वास गरेको होस्। तपाईको मन बनाउनुहोस्, र भन्नुहोस्, "परमप्रभु परमेश्वर, म दोषी छु। म जान्दछु कि म बाच्नको निम्ति अनुग्रह चाहिन्छ। मैले आफैलाई बचाउन सक्दिन। म हराएको छु। म हारिसके। मैले आफैले एउटा पनि कुरा गर्न सक्दिन। म—म—म पूर्ण रूपमा निरिह छु, आशाहिन छु, परमेश्वर बिना, दया बिना, ख्रीष्ट बिना, संसारमा, विमुख छु। के मलाई दया गर्नु हुदैन र मलाई पापको यस कैदखानाबाट आज निकाल्नु हुदैन, ओ प्रभु? र म प्रति दया देखाउनुहोस्, म एक पापी माथि।" के तपाईहरु आफ्नो हातहरु

उचाल्नुहुन्छ, भन्नुहोस्, “परमप्रभु परमेश्वर, म त्यो व्यक्ति हुँ जसलाई तपाईको अनुग्रहको खाँचो छ”? के तपाईहरु आफ्नो हातहरु उठाउएर, भन्नुहुन्छ, “मेरो निम्ति प्रार्थना गरिदिनुहोस्, भाई ब्रन्हाम, म अब विश्वास गर्नेछु?” पछाडि तपाईलाई परमेश्वरले आशिष दिनुभएको होस्, मेरो भाई।

165 कसैले भन्नुहोस्, “भाई ब्रन्हाम, अहिले मलाई सम्भनुहोस्, ओ, भाई, कृपया प्रार्थनामा, सम्भनुहोस्।” परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, महिला। “त्यो प्रार्थना गर्नुहोस्...” परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, भाई। परमेश्वरले तपाईलाई आशिष दिऊन्, बहिनी। परमेश्वरले तपाईलाई आशिष दिऊन्, भाई, तपाई भ्याल निर बस्नुभएको भाईलाई। परमेश्वरले तपाईलाई आशिष दिऊन्, त्यहाँ पछाडि हुनुभएको भाई। परमेश्वरले तपाईलाई आशिष दिऊन्, यहाँको भाई, अर्को। “मलाई सम्भनुहोस् भाई, ब्रन्हाम।” मेरो भाई त्यहाँ, परमेश्वरले तपाईलाई आशिष दिऊन्। हो, यहाँ हुनुभएको अर्को। परमेश्वरले तपाईलाई आशिष दिऊन्, बहिनी। परमेश्वरले तपाईलाई आशिष दिऊन्, भाई। उहाँले तपाईलाई अहिले हेर्नुहुन्छ। साच्चै नै हो। परमेश्वरले तपाईलाई आशिष दिऊन्, जवान भाई। उहाँले देख्नुहुन्छ, जान्नुहुन्छ। परमेश्वरले तपाईलाई आशिष दिऊन्, भाई। परमेश्वरले तपाईलाई आशिष दिऊन्, बहिनी जो भित्तामा बसिरहनु भएको छ। त्यहाँ तल भाईलाई, परमेश्वरले तपाईलाई आशिष दिऊन्। परमेश्वरले तपाईलाई आशिष दिऊन्, भित्ता निर बसिरहनु भएको भाई।

जस्तो म छु, रहित...

के त्यहाँ अर्को हुनुहुन्छ? परमेश्वरले तपाईलाई आशिष दिऊन्। त्यहाँ पछाडि मैले तपाईको हात देख्न सक्छु।

तर त्यो तपाईको रगत मेरो निम्ति बग्यो,

हो, प्रभु। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, बहिनी।

र त्यो...(परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, बहिनी।)...तपाईले मलाई आउनको निम्ति बोलाउनुभयो...(परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, त्यहाँ पछाडि...?...)...तपाई,

प्रार्थना, प्रार्थना गर्नुहोस्, इसाईहरु।

म...(परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्,
जवान महिला।)...म आउछु!

जस्तो मा छु, र प्रतिक्षा नगरी
मेरो प्राणलाई एउटा कालो धब्बाबाट मुक्त गर्नको लागि.
तपाईलाई, जसको रगतले हरेक ठाउँलाई शुद्ध गर्न
सक्नुहुन्छ,
ओ थूमा...(अनुग्रह, ओ, अनुग्रह) म आउछु! म
आउछु!

166 अब, त्यहाँ करिब पन्ध्र या बिस ओटा हातहरु माथि उठेको छ। अब तपाईको शिर झुकाउदै गर्दा, तपाई जसले हातहरु उठाउनुभएको छ तपाईलाई सोध्न जादैछु, म तपाईहरुलाई प्रार्थना गर्दै गर्दा शान्त भएर तपाई आफ्नो खुट्टामा उभिनुहोस्। हामीसंग यहाँ माथि वेदि कोठाहरु छैन। यो केवल, म सक्दिन। तपाईहरु आफ्नो खुट्टामा उभिनुहोस्, तपाईहरु सबै जसले आफ्नो हात उचाल्नुभएको छ, जो आफ्नो निम्ति प्रार्थना गरिदिएको चाहनु हुन्छ। तपाईहरुको अहिले प्रार्थना गर्दै गर्दा उभिनुहोस्। तपाईको आफ्नो खुट्टामा उभिनुहोस्, सबै ठाउँमा।

...मेरो निम्ति बगाउनुभयो,
र त्यो...(त्यो ठिक छ, परमेश्वरले तपाईलाई आशिष
दिउन्...?...)

...म तपाई कहाँ आउदछु,
ओ परमेश्वरको थूमा, म आउदछु!

167 याद गर्नुहोस्, त्यहाँ यस्तो एक दिन हुनसक्नेछ जब अनुग्रह तपाईहरु माझमा बास नगर्न सक्छ, तपाईको लागि अब अझै नरहन सक्छ, त्यो धेरै ढिलो भईसकेको हुनेछ। अहिले यो धेरै ढिलो भईसकेको छैन।

168 ओ परमेश्वर, हाम्रो प्रभु येशू ख्रीष्टको पिता, जसले हाम्रो मुक्तिदातालाई फेरी पनि मृत्युबाट ल्याउनुभयो, र अहिले जिउनुहुन्छ, उहाँ जो सर्वोच्च महिमामा हुनुहुन्छ, ख्रीष्टको पवित्र आत्मा हामीमा पठाउदै हुनुहुन्छ, पापीमा दृढता ल्याउनको निम्ति। परमेश्वर, म यी मानिसहरुको निम्ति प्रार्थना गर्दछु जो आफ्नो खुट्टामा उभिरहेका छन्। प्रभु, यो सत्य हो। तपाईले भन्नुभएको थियो, "जसले मानिसहरुको विचमा मलाई स्वीकार गर्छ, म त्यसलाई मेरो पिता र पवित्र स्वर्गदूतहरुको अगाडि स्वीकार गर्नेछु।" हामी जान्दछु, जब

हामी त्यस महान इन्साफको दिनको विहानीमा खडा हुनेछौ, त्यो कस्तो समय हुनेछ। तिनीहरु अहिले खडा छन्, प्रभु, त्यसैले तिनीहरुको पाप तिनीहरु को अगाडि जानेछन्; केहि मानिसको पापले पछ्याउनेछ। यी मानिसहरु यस बिहानी यसकारणले खडा छन् किनभने तिनीहरुले आफ्नो पाप स्वीकार गरेका छन्। यो जानेर कि तिनीहरुले गल्ति गरेका थिए र तिनीहरुले तपाईलाई आफ्नो मुक्तिदाताको रूपमा स्वीकार्न चाहन्छन्। तपाईले हृदयको नियन्त्रणलाई खोज्नुहुन्छ, र तपाई तिनीहरुको बारेमा सबै कुरा जान्नुहुन्छ।

169 म प्रार्थना गर्छु, पिता, कि तपाईले तिनीहरुको अनुरोधहरु प्रदान गर्नुहुनेछ। बचाउनु हुनेछ। तिनीहरु यस बिहानको सानो संदेशको पदक हुन्, परमेश्वरको अनुग्रहको; हामीले जे सुकै गरेको भए तापनि, अझै पनि झुकाउछ र हामीलाई लिदछ। यसलाई प्रदान गर्नुहोस्, प्रभु। यी हृदयहरुलाई अनुग्रह प्रदान गर्नुहोस्। तिनीहरुले येशूलाई सधै आफ्नो मुक्तिदाताको रूपमा देख्न सकेका होऊन्। तिनीहरुले यो कर्तव्य गरेका छन्। पवित्र आत्माले तिनीहरुलाई खडा हुनको निम्ति भन्नुभएको छ, र तिनीहरुले त्यसो गरेका छन्। पवित्र आत्माले तिनीहरुलाई उठ्नको निम्ति भन्नुभयो। र तिनीहरु, आत्माको आज्ञा पालनमा उठेका छन्।

170 अब, प्रभु, तपाई आफ्नो वचनलाई राख्नुहोस्। तपाईले भन्नुभयो, "पहिले मेरो पिताले नल्याएसम्म कोहि पनि मानिस म कहा आउन सक्दैनन्। र तिनीहरु सबै जसलाई मेरो पिताले मलाई दिनुभएको छ, तिनीहरु म कहा आउनेछन्। तिनीहरु जो मकहाँ आउनेछन्, म तिनीहरुलाई कुनै पनि रितिले त्याग्ने छैन। जसले मेरो वचन सुन्दछ र मलाई पठाउनु हुनेमाथि विश्वास गर्दछ, त्यसमा अनन्त जीवन छ, र त्यो न्यायमा पर्नेछैन तर मृत्युबाट जीवनमा आएको छ।" त्यसैकारणले, प्रभु, यी धर्मशास्त्रहरुको आधारमा, तिनीहरु तपाईको आफ्नै वचनहरु हुन्, प्रभु, जुन हामीले सन्त यूहन्ना ५:२४ मा पढ्दछौ, "जसले मेरो वचन सुन्दछ र मलाई पठाउनु हुनेमाथि विश्वास, गर्दछ!" किन? किनकि यसले विश्वास गरेको छ, उसमा अनुग्रह आएको छ। "त्यो अनन्त जीवनमा आएको छ, र इन्साफमा आउनेछैन (त्यो इन्साफको अगाडि जानेछ) र न्यायमा पर्नेछैन तर मृत्युबाट जीवनमा आएको छ।" ओ परमेश्वर, यसको लागि हामीले तपाईलाई कसरी धन्यवाद दिनसक्छौ!

171 हामी प्रार्थना गर्दछौ कि तपाईले तिनीहरुलाई जीवनद्वारा राख्नुहुनेछ। तिनीहरु, हरेक, बप्तिष्मा भएको होस्, परमप्रभुको नाउँलाई पुकारेर, तिनीहरु पापबाट धोईएर। यो प्रदान गर्नुहोस्, प्रभु।

172 अब म उहाँहरुलाई तपाई सामू प्रस्तूत गर्दछु, तपाईको दासको रूपमा, यो विश्वास गर्दै कि त्यस महान परमेश्वरको स्वर्गदूत जो त्यहाँ तल देखा पर्नुभयो। र, पिता, तपाईलाई यो सबै कहानी थाहा छ, र त्यस महान स्वर्गदूत जो शुक्रबारको बिहानीमा देखा पर्नुभयो, ठिक त्यस सबेरै बिहानको समयमा, र यी वचनहरु बोल्नुभयो, पहाडको टुप्पोबाट तिनओटा इन्द्रेणीको रूपमा आउनुभयो। परमप्रभु परमेश्वर, त्यस परमेश्वर जो ममा त्यहाँ इन्द्रेणीको देखा पर्नुभयो, यी मानिसहरुलाई उहाले बचाउनुभएको होस्, उहाँको अनुग्रहद्वारा, ठिक अहिले। म उहाँहरुलाई तपाईमा दिन्छु, यो अपेक्षाका साथ कि तपाईले आफ्नो वचन राख्नुहुन्छ, र तपाईले राख्नुहुनेछ, र म तिनीहरुलाई त्यस महान दिनमा भेट्नेछु, तिनीहरुको प्राणमा कुनै एउटा दाग र चाउरी बिना। प्रदान गर्नुहोस्। येशूको नाउँमा, म उहाँहरु तपाईलाई दिदछु। आमेन।

173 परमेश्वरले तपाईलाई आशिष दिऊन्। अब तपाईहरु जसै बस्नुहुन्छ, जो कोहि तिनीहरुको नजिक बस्नुहुन्छ जो इसाई हुन्, एक अर्काको हात मिलाउनुहोस्। उहाँहरुलाई भन्नुहोस्, मण्डलीमा उहाँहरुलाई निमन्त्रना दिनुहोस, र अझै, कि तिनीहरुले...ओ, के उहाँ अद्भूत हुनुहुन्न?

अद्भूत अनुग्रह! कति मिठो ध्वनि,
जसले म जस्तो दरिद्रलाई बचायो!
म हराएको थिए, तर अब म भेट्टाईएको छु,
र अन्धो थिए, तर अब म देख्दछु।

अनुग्रह थियो जसले मेरो हृदयलाई भय राख्न सिकायो,
अनुग्रहले मेरो डरलाई कम गरिदियो;
कति मूल्यवान भई त्यो अनुग्रह आयो
जुन घडि मैले पहिलो पटक विश्वास गरे!

के तपाईले विश्वास गर्नुभयो? यदि तपाईले गर्नुभयो भने, तपाई हात उठाउनुहोस्।

ओ, म येशूलाई कति प्रेम गर्छु,
ओ, म येशूलाई कति प्रेम गर्छु,
ओ, म येशूलाई कति प्रेम गर्छु,
किनकि उहाँले पहिले मलाई प्रेम गर्नभयो।

जब हामी त्यहाँ पुग्यौ दश हजार वर्ष,
सूर्य जस्तै चम्किलो;
परमेश्वरको स्तुति गाउनको निम्ति हामीसंग कम दिन
छैन (परमेश्वर धन्यवाद!)
हामीले शुरू गरेको समयको दाजोमा।

174 तपाईले उहाँलाई प्रेम गर्नुहुन्छ? अब, के उहाँ अद्भूत हुनुहुन्न? अब:

जब...

हामीले त्यो फेरी पनि गाउदै गर्दा, तपाईको छेउमा रहेको कसैलाई तपाईले हात मिलाएको म चाहन्छु, साच्चै नै सानो स्वरले भन्नुहोस्, “परमेश्वरले तपाई आशिष दिऊन्, तिर्थयात्री।” साच्चै नै मिठास र पवित्र रूपमा।

जब हामी...(...?...)
...परमेश्वरको स्तुति होस्
त्यसपछि जब हामीले पहिले शुरू गर्यौं।

क्रूसमा, क्रूसमा जब मैले पहिलो पटक ज्योति देखे,
र मेरो हृदयको बोज हट्यो,
त्यहाँनिर मैले विश्वासद्वारा मेरो दृष्टि पाए,
र अहिले म दिनभर खुसी छु!

क्रूसमा, क्रूसमा जब मैले पहिलो पटक ज्योति देखे,
र मेरो हृदयको बोज हट्यो,
त्यहाँनिर मैले विश्वासद्वारा मेरो दृष्टि पाए,
र अहिले म दिनभर खुसी छु!

के तपाई खुसी हुनुहुन्न?

म खुसी कि येशूले मलाई स्वतन्त्र गर्नुभयो,
म खुसी कि येशूले मलाई स्वतन्त्र गर्नुभयो,
ओ, म खुसी कि येशूले मलाई स्वतन्त्र गर्नुभयो,
गाउदै, महिमा, हाल्लेलुयाह, येशूले मलाई स्वतन्त्र गर्नुभयो।

ओ, म खुसी कि येशूले मलाई स्वतन्त्र गर्नुभयो,
ओ, म खुसी कि येशूले मलाई स्वतन्त्र गर्नुभयो,
ओ, म खुसी कि येशूले मलाई स्वतन्त्र गर्नुभयो,
गाउदै, महिमा, हाल्लेलुयाह, येशूले मलाई स्वतन्त्र गर्नुभयो।

175 के तपाईले उहाँलाई प्रेम गर्नुहुँदैन? के उहाँ अद्भूत हुनुहुन्न? ओ, म विचार गर्छु कि उहाँ अद्भूत हुनुहुन्छ। अब, सोच्नुहोस्, कि यो बाईबल उहाँको सत्यता हो, र यो बाईबलले सिकाउछ कि उहाँ हिजो, आज र सधैंभरि एकसमान हुनुहुन्छ। म तपाईहरुलाई केहि सोध्न चाहन्छु। यदि उहाँ हिजो, आज र सधै भरि एक समान हुनुहुन्छ...अपवित्र शब्द "यदि," भनेकोमा परमेश्वरले मलाई क्षमा दिनुभएको होस्, तर उहाँ सधै एकसमान हुनुहुन्छ। तर यदि उहाँ एकै हुनुहुन्छ भने, म यसलाई त्यसरी राख्छु, त्यसो हो भने कस्तो खालको व्यक्ति उहाँ हुनुहुन्छ होला? उहाँ पहिले जस्तो हुनुहुन्थ्यो उहि नै हुनुहुनेछ।

176 अब, त्यहाँ केवल एउटा मात्र कुरा उहामा भिन्न छ यस बिहानी यहाँ र त्यस समय गालिलीमा मानिसहरुको विचमा, त्यो उहाँको आफ्नो शरीरमा हुनुहुन्थ्यो, उहाँको दैहिक शरीर; किनकि त्यो बौरी उठाईएको थियो (तपाई त्यो विश्वास गर्नुहुन्छ?) उच्चमा महामहिमको दाहिने हातमा बस्नुभएको छ, सधैको लागि हाम्रो स्वीकारोक्तिको लागि मध्यस्थकार भएर बस्नुभएको छ। याद गर्नुहोस्, उहाँले हाम्रो निम्ति एउटा पनि काम गर्न सक्नुहुदैन जबसम्म पहिले हामीले उहाँलाई ग्रहण गर्दैनौ र उहाँले गर्नुभएको कुरा विश्वास, र उहाँले गर्नुभएको भन्छौ, किनकि उहाँ मूख्य पूजाहारी हुनुहुन्छ कि... उहाँ नै उच्च पूजाहारी हुनुहुन्छ जसले हाम्रो स्वीकारोक्तिको मध्यस्थता गर्दै हुनुहुन्छ।

177 अब तपाईहरु धेरै जना बाईबल पाठकहरुले भन्नुहुन्छ, त्यसले "स्वीकार" गर्नु। र *स्वीकार* र *कबूल* गर्नु भनेको एउटै शब्द हो। बुझ्नुभयो?

“उच्च पूजाहारी” बनाउनुभयो, हिब्रूको पुस्तक, ३ अध्यायमा, “हाम्रो पाप स्वीकारको मध्यस्थता अहिले गरिरहनु भएको छ।” त्यसैले उहाँले तबसम्म केहि गर्न सक्नुहुन्न जबसम्म हामीले स्वीकार गर्दैनौ कि उहाँले त्यसो गर्नुभयो भनि। हेर्नुहोस्, तपाई यहाँ तल वेदिमा आउनुभयो र रातभरि प्रार्थना गर्नुभयो, त्यसले तपाईलाई कत्ति पनि राम्रो गर्दैन जबसम्म तपाईले विश्वास गर्नुहुदैन कि उहाँले तपाईलाई क्षमा दिनुहुन्छ भनि, त्यपछि तपाई उठ्नुहुन्छ। तब जतिसम्म तपाईको विश्वास छ, त्यहि नै हो जहाँ तपाई... तपाईले *यहाँ* तल एकसमय पापको फोहोरमा जिउदै हुनुहुन्थ्यो। अब, तपाईहरु जो भर्खर विश्वासमा आउनुभएको छ, अब तपाईले विश्वास गर्नुहुन्छ कि तपाई बचाईनुभएको छ, गर्नुहुदैन र? त्यसपछि तपाई *यहाँ* उठाईनुभयो, तपाईले थोरै माथि उठाउनुभयो। त्यसको अर्थ के हो? तपाईको विश्वास, किनकि तपाईले विश्वास गर्नुहुन्छ कि अब तपाई एउटा इसाई हुनुहुन्छ, तपाई ती कुराहरु भन्दा माथि जिउनुहुन्छ अब। बुझ्नुभयो? अब यदि तपाई थोरै माथि उठाईएको चाहनुहुन्छ भने, केवल अझै धेरै विश्वास राख्नुहोस्, किनकि यो असिमित छ, केवल गरिराख्नुहोस्।

178 अँ, ओ, असम्भव पनि वास्तविक बनाईन सकिन्छ। तिनीहरु जसले विश्वास गर्छ तिनीहरुको निम्ति सबै कुरा सम्भव छ। त्यो सहि हो। “यदि तिमीले यस पहाडलाई ‘हटिजा,’ भन्यौ र आफ्नो हृदयमा संका गरेनौ भने, तर तिमीले जे भनेको छौ त्यो हुन्छ भनि विश्वास गर्यौ भने, तिमीले भनेको कुरा तिमीले पाउनेछौ।”

अब येशू ख्रीष्ट मानिसमा वास गर्नुहुन्छ।

179 एकदिन ख्रीष्ट आगोको खामोमा हुनुहुन्थ्यो, त्यो एउटा जुन तपाईले लिएको देख्नुभयो, त्यो यहोवा परमेश्वर हुनुहुन्छ भनि विश्वास गर्छौं। त्यहि नै हो जे स्वर्गदूतले हामीलाई बुझाउन चाहनुहुन्थ्यो। अब, उहाँ त्यससमय पितामा हुनुहुन्थ्यो, उहाँ इस्राएलको पिता हुनुहुन्थ्यो, एउटा जातिको।

180 त्यसपछि उहाँ आउनुभयो र उहाँको मानिसहरु माझमा बस्नुभयो, एउटा ख्रीष्टको रूपमा, पुत्रको रूपमा। के त्यो सहि हो? ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्थ्यो।

181 अब उहाँ ख्रीष्ट हुनुहुन्छ, पवित्र आत्मा, जुन अभिषिक्त हो। *ख्रीष्टको* अर्थ “अभिषिक्त” हो र त्यहि अभिषिक्त मानिसहरु मा हुनुहुन्थ्यो, ख्रीष्ट हामीहरु संग, पवित्र आत्मा। यो ख्रीष्ट हामीहरु संग हो, हामीहरु भित्र हो। के तपाई

त्यो विश्वास गर्नुहुन्छ? केहि क्षणको लागि साच्चै नै शान्त संग भक्तिपूर्ण भई बस्नुहोस्। अब के उहाँ समान हुनुहुन्छ?

182 मलाई लाग्छ केहि समय अगाडि मलाई एउटा कल आएको थियो, र मानिसहरु बस्ने मेच र त्यस्तै अन्य कुराको लागि दौडीरहेका थिए। हामीहरु त्यसबारेमा कुनै मण्डलीको सेवामा पछि कुरा गर्नेछौ। मैले त्यसबेला बिल्लीलाई भनेको थिए, यदि तिनीहरु बिरामीको लागि प्रार्थना गर्दै जादैछन् कि, यदि त्यहाँ तलै धेरै जना छन्, जसले प्रार्थनाको कार्ड दिनलाई बसेका छन्। उसले म गर्छु भनेको थियो। मलाई लाग्छ उसले त्यो गर्यो होला।

183 गत दुई या तिन महिनाको लागि, केहि कुरा भए पछि, सेवकाई यस्तो एउटा स्थानमा पुगेको छ जुन मेरो हातभन्दा थोरै बाहिर गएको छ। तिनीहरुले ती मनको कुरा थाहा पाउने र अन्य कुराहरु देखेका थिए, कसरी उहाँले बोल्नुहुन्थ्यो र मानिसहरुलाई भन्नुहुन्थ्यो, ठिक त्यसरी नै जस्तो हामोर प्रभुले गर्नुभएको थियो जब उहाँ यहाँ पृथ्वीमा हुनुहुन्थ्यो। मलाई लाग्छ, तपाईहरु सबैले यो देख्नुभएको छ। कति जनाले यो कहिल्यै पनि देख्नुभएको छैन या यसले काम गरेको कहिल्यै देख्नुभएको छैन? तपाईहरुको हातहरु हेरौ, जसले कहिल्यै देख्नुभएको छैन। ओ! यसले काम गरेको कहिल्यै देख्नुभएको छैन। ठिक छ, त्यहाँ एउटा समूह नै हुनुहुन्छ जसले यो कहिल्यै देख्नुभएको छैन, मलाई लाग्छ उहाँ अन्जानहरु हुनुहुन्छ। मलाई थाहा छैन मानिसहरु कहाँबाट आउनुभयो।

184 यो अन्तरसाम्प्रदायिक मण्डली हो। हामीहरु संगठित मण्डलीको विरूद्ध छैनौ, तर हामी—हामी उनीहरुको पक्षमा पनि छैनौ। हामीहरु केवल उहाँहरुलाई आफ्नै बाटो जान दिन्छौ। हामीहरु मानिसहरुलाई लिने कुरामा विश्वास गर्छौं...यदि उहाँहरु संगठित मण्डलीमा जान चाहनुहुन्छ भने, त्यो ठिकै छ, यदि उहाँहरु इसाई जीवन नै जिउनुहुन्छ भने। हामीहरु केवल—केवल एउटा प्राण बचाउने स्थान हो यहाँ। तिनीहरुको लागि यहि नै मेरो सेवकाई हो।

185 अब, तर म विश्वास गर्छु कि बाईबल ले यो सिकाउछ, हिब्रू १३:८, कि येशू ख्रीष्ट हिजो, आज, र सधैंभरि एकसमान हुनुहुन्छ। के तपाई त्यो विश्वास गर्नुहुन्छ? ठिक छ, यदि उहाँ एक समान हुनुहुन्छ भने...अब तपाईहरु सबैजना साच्चै नै शान्त भएर बसिरहनुभएको बेला, म तपाईहरुको माझमा ठिक मेरो हृदयबाट कुरा गर्न चाहन्छु, र त्यसपछि हामीमा चंगाई

सेवा हुनेछ। मा तपाईहरुलाई केहि कुरा सोध्न चाहन्छु। यदि उहाँ हिजो, आज र सधैभरि एकसमान हुनुहुन्छ भने, त्यसो भएर कसरी उहाँले... एउटा मात्र तरिका जुनबाट उहाँले तिनीहरुलाई भन्न सक्नुहुन्छ, यदि उहाँ आत्मा हुनुहुन्छ भने, उहाँले त्यसरी नै व्यवहार गर्नुहुनेछ जस्तो उहाँले हिजो गर्नुभएको थियो। के त्यो सहि हो? उहाँले उहि तरिकामा व्यवहार गर्नुहुनेछ जस्तो उहाँले हिजो गर्नुभएको थियो। उहाँले हिजो कस्तो व्यवहार गर्नुभएको थियो?

186 के उहाँ अन्य मानिसहरु भन्दा फरक हुनुहुन्छ? उहाँ केवल एउटा मानिस हुनुहुन्छ, मानिस जस्तो देखिनुहुन्छ। उहाँ एउटा मानिस हुनुहुन्थ्यो। उहाँ जन्मनुभएको थियो, उहाँ एउटा मानिस हुनुहुन्थ्यो। उहाँसंग शरीर र रगत थियो। उहाँले दुःख भोग्नुभयो, उहाँले विलाप गर्नुभयो, उहाँ परिक्षाहरुबाट भएर जानुभयो। उहाँ एउटा मानिस हुनुहुन्थ्यो। त्यो सहि हो, हो कि होइन?

187 तर के कुराले उहाँलाई परमेश्वर बनायो? किनकि उहाँमा परमेश्वरको आत्मा हुनुहुन्थ्यो। उहाँ अभिषेक भएको मसिह हुनुहुन्थ्यो। र तिनीहरुले कसरी थाहा पाए कि उहाँ मसिह हुनुहुन्थ्यो भनि? मोसाले भएको थियो, "परमप्रभु तिमीहरुका परमेश्वरले म जस्तै एउटा अगमवक्ता खडा गर्नुहुनेछ। र यो हुन आउनेछ कि जसले त्यस अगमवक्ताको कुरा सुन्दैन त्यो मानिसहरुको विचबाट छोडिनेछ।" अब, उहाँ एउटा अगमवक्ता हुनुहुन्थ्यो। त्यसो भए के इस्राएलले एउटा अगमवक्तालाई पर्खिरहेका थिए? तिनीहरु त्यसो गर्न पर्नेथियो, यदि तिनीहरुले मसिहलाई पर्खिरहेका थिए भने। र मसिह एउटा अगमवक्ता हुनुहुने थियो।

188 अब एक सेकेन्डको लागि यसबाट भएर जाऔ, की सेकेन्डको लागि, र ध्यान दिएर सुनूहोस्। अब, तपाईको मन परमेश्वरमा राख्नुहोस्, किनकि हामी जान्दैनौ कि परमेश्वरले के गर्न सक्नुहुन्छ, थाहा छैन उहाँले मलाई के गर्नको निम्ति भन्नुहुन्छ।

189 मलाई थाहा कि हामीसंग मण्डलीमा अगामवाणीको वरदान छ। हाम्रो भाई नेभिल, उहाँले मानिसहरुमा अगामवाणी बोल्नुहुन्छ, जुन महान् हो। हामीहरु त्यसलाई कदर गर्छौ। हामीले पुरै समय यसको बारेमा कुरा गरिरहेका थियौ। हामीसंग यहा कोहि कोहि हुनुहुन्छ जसले अन्यभाषाहरुमा बोनुहुन्छ। हामीहरु यो विश्वास गर्दैनौ कि पवित्र आत्मा पाउनको लागि

मानिसलले अन्यभाषामा बोल्नुपर्छ भनेर। यस्तो कुराको लागि त्यहाँ कुनै धर्मशास्त्रमा वचन छैन। तर हामी विश्वास गर्छौ कि त्यहाँ पवित्र आत्माको वरदान छ जुन अन्यभाषामा बोल्नु हो, हाम्रो मण्डलीमा यो वरदान छ। तर हामीले त्यसलाई...तर हामी त्यसैको–पछि मात्रै लाग्दैनौ। हामी विश्वास गर्छौ कि यो परमेश्वरको आवाज हो। हामीहरु तब बोल्छौ जब पवित्र आत्मा बोल्नुहुन्छ, र हामीहरुले त्यसलाई केवल तिनपटक आउन दिन्छौ। र यो...मैले प्रचार गरिरहेको बेलामा हुनसक्दैन या ठिक क्रममा हुनुपर्छ, किनकि अगमवक्ताको आत्मा अगमवक्तालाई दिईएको हुन्छ। बुझ्नुभयो? यो बाईबलमा सहि भएर आउनु पर्छ। कसैले पनि भन्न सक्दैन कि त्यहाँ पवित्र आत्माको वरदान भन्ने जस्तो कुराहरु छैन र अन्य भाषा चाहि बोल्छ। हामी त्यो जान्दछौ। बाईबलले त्यो सिकाउछ, र हामी त्यसमा विस्वास गर्छौं। र परमेश्वरलाई धन्यवाद होस् कि हामीसंग यो मण्डलीमा यहाँ छ। हामीसंग अगामवाणीको वारदाहरु छ, तिनीहरु पहिला जाँच गरिनु पर्छ र हेर्नु पर्छ त्यो सहि हो या होइन, र त्यसपछि अगामवाणीको वरदान।

190 त्यसपछि त्यहाँ एउटा अगमवक्ता हुन्छ। अब, त्यो, अब एउटा कार्यमा आउछ।

191 ती वरदानहरु, अन्यभाषाहरुमा बोल्ने, र अन्यभाषाको उल्था गर्ने, र ज्ञान, र विवेक, र मनको कुरा जान्ने, र त्यस्तै अन्य। तिनीहरु सबै वरदानहरु हुन्।

192 तर त्यसपछि त्यहाँ पाँच ओटा कार्यलय छ। पहिल्लो प्रेरित, अगमवक्ताहरु, शिक्षकहरु, प्रचारक, र पाष्टरहरु। त्यो परमेश्वरले नियुक्तहरु भएको कार्यलयहरु हुन्। मानिसहरुले त्यसलाई थाम्नुहोस्, बुझ्नुभयो। तिनीहरु होइनन्, हुनसक्दैनन्...तपाईले त्यसको चाहना गर्नसक्नुहुदैन, तपाईले त्यसको लागि प्रार्थना गर्नसक्नुहुदैन, त्यो सार्वभौम रूपमा दिईन्छ, तपाई त्यसको निम्ति जन्मनु हुन्छ।

193 एउटा अगमवक्ता अगमवक्ता हुनसक्दैन यदि कसैले उसमा माथि हात राख्छ र उसलाई एउटा अगमवक्ता बनाउछ। एउटा अगमवक्ता उसको आमाको गर्भदेखि नै जन्मन्छ, त्यो एउटा अगमवक्ता हो, बुझ्नुभयो, त्यसैले उ सधै अगमवक्ता नै रहन्छ। बुझ्नुभयो?

194 परमेश्वरले यर्मियालाई भन्नुभयो, "त आफ्नो आमाको गर्भमा हुनभन्दा अगाडि नै," भन्नुभयो, "मैले तँलाई चिनेको थिए र पवित्र गरे र जातिहरुको

निम्ति तँलाई अगमवक्ता नियुक्त गरे।" त्यो सहि हो। बुभ्नुभयो? मोसा, उनी जन्मनु भन्दा पहिले, उनी उपयुक्त बालक थिए। उनी परमप्रभुको अगमवक्ता थिए। ती सबै आउदै गरेको थियो। ख्रीष्ट परमेश्वरको पुत्र, अदनको बगैँचा देखिनै।त्यो सहि हो। बुभ्नुभयो, वरदान र बोलावट पश्चताप बिना नै हुँदछ।

195 तर वरदानहरु शरीरलाई दिईदछ। अब हामी यो चिन्दछौ, हामीले यी सबै वरदानहरुलाई चिन्दछौ।

196 अब हेरौ येशू हाम्रो माभमा के हुनुहुन्थ्यो, उहाँ त्यस पुरानो समय के हुनुहुन्थ्यो त्यो हेर्नेछौ। हामीले हेर्नेछौ कहिले उहाँले आफ्नो सेवकाई पहिले शुरू गर्नुभयो...अब, ध्यान दिएर सुन्नुहोस्, अन्जान व्यक्ति। जब उहाँले आफ्नो सेवकाई पहिलो पटक शुरू गर्नुभयो, सन्त यूहन्नामा, पहिलो अध्याय, हामीले पाउछौ कि उहाँको बप्तिष्मा पछि, उहाँ आउनुभए पछि...उहाँ जन्मनुभयो र तिस वर्षको हुनुभयो, उहाँ यूहन्नाबाट बप्तिष्मा हुनुभयो। पवित्र आत्मा ढुकुर जस्तै गरि तल आउनुभयो र उहाँमा तल आउनुभयो, र एउटा आवाज आयो र भन्यो, "यिनी मेरा प्रिय पुत्र हुन् जसमा..." वास्तविक सक्कल ग्रिकले यसरी भन्दछ, "जसमा वास गर्नमा प्रसन्न छु।" भन्नुभयो, "जसमा म अति प्रसन्न छु, जसमा—जसमा वास गर्नमा प्रसन्न छु।" तर, हेर्नुहोस्, त्यो हामीबाट थोरै पछाडिको जस्तो सुनिन्छ, र क्रियाभन्दा अगाडि विशेषण छ, तर वास्तवमा यो, "जसमा वास गर्नमा प्रसन्न छु।" किनकि, ख्रीष्ट, परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो, संसारलाई आफैसंग मिलापमा ल्याउदै हुनुहुन्थ्यो। हामीलाई त्यो थाहा छ।

197 अब, तुरुन्तै उहाँ चालिस दिनसम्म उजाडस्थानमा जानुभयो, र दुष्टबाट परिक्षामा पारिनुभयो। त्यसपछि उहाँ आफ्नो सेवकाईसंगै आउनुभयो, विरामीहरुलाई प्रार्थना गर्न शुरू गर्न थाल्नुभयो।

198 र केहि समय पछि, त्यहाँ सिमोन पत्रुसको नाउँ भएको एउटा मान्छे आयो, एउटा बुढो माभि, अशिक्षित, आफ्नो नाउँ समेत लेख्न सक्दैन थिए। आन्द्रियासले यस मानिसको बारेमा उनलाई भनेको थिएँ जसलाई आन्द्रियास मसिह भनि विश्वास गरेका थिए। "वाहियात!"

199 उहाँ कहाँ आए। र जसै उनी येशूको उपस्थितिमा आए, येशूले भन्नुभयो, "तिम्रो नाउँ सिमोन हो, र तिमी योनासको पुत्र हौ।" केहि कुरा भएको उनले थाहा पाए। उनले थाहा पाए कि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ। र उनलाई राज्यको चावीहरु दिन, मण्डलीको शिर हुन दिन उहाँ प्रसन्न हुनुभयो।

200 त्यहाँ एउटा मानिस उभेर बसेका थिए, जसको नाउँ फिलिप थियो। फिलिपले त्यो देख्यो, र उसले सोच्यो, "अद्भूत! मैले एउटा मान्छे चिन्दछु जो एउटा बाईबलको विद्वान हुनुहुन्छ, जो पहाडको वरपर लगभग पन्ध्र मिल टाढा तिर बस्छ। म त्यहाँ गएर उनलाई भन्नेछु। उसको नाउँ नथानिएल थियो।"

201 उनी कुदेर त्यहि दिन तुरुन्तै त्यहाँ गए। अर्को बिहान उनी त्यहाँ पुगे, हुनसक्छ दिन शुरू हुनेबेला होला। माथि गए र ढोका ढकढक्याए। र श्रीमती नथानिएलले भने, "अँ, उनी बाहिर त्यहाँ बारीमा छन्, फिलिप।" उनको मित्र, उनी त्यहाँ गए, र उनी त्यहाँ घुडा टेकेर प्रार्थना गरिरहेका थिए। जसै उनी सकेर आफ्नो खुट्टामा उभिए, फिलिपले भन्छ, "आउँ, हेर मैले कसलाई भेट्टाए! नासरतको येशू, योसेफको पुत्र।"

202 अब यो धार्मिक, महान् विद्वानले भन्छ, "के त्यहाँ कुनै राम्रो कुरा नासरतबाट आउन सक्छ?" उनले उनलाई पद दिए, राम्रो कुरा हो, उनले भने, "घरमा बसेर आलोचना गर्न छोड्देउ, यसको बारेमा कुरा गरेर नबस। केवल आऊ, आफै हेर। आऊ, हेर! आऊ, हेर यदि केहि कुरा नासरतबात राम्रो आउछ कि।"

203 "तिमीले भन्न खोजेको मसिह हो? किन, मसिह आउथे, उनी तल आउछन्, र तल त्यहाँबाट...स्वर्गको गलियारहरु तल झर्छ, उनी ठिक राजखानदान दरवार आउछन्। उनी हाम्रो महान् संस्थामा आउछन्।" तिनीहरुले अझै पनि त्यहि सोच्छन्, तपाईले बुझ्नुभयो, उहाँ तिनीहरुको संस्थामा आउनुपर्दछ। "उहाँ ठिक हाम्रो संस्थामा आउनुहुनेछ, त्यहाँ दरवारको छतमा हिड्नेछन्। र उहाँ त्यहाको बाहिरी भागमा जानुहुनेछ र ठिक त्यहाँ सिंहासनमा आउनुहिनेछ, र पवित्रको पनि महा पवित्रस्थान सम्म जानुहुनेछ, र भन्नुहुन्छ, 'म मसिह हुँ।'" मसिह कहिल्यै पनि त्यस तरिकामा आउनुहुनेछैन। मसिह त्यहाँ आउनुहुन्छ जहाँ उहाँ चाहनुहुन्छ। उहाँ सार्वभौम हुनुहुन्छ, उहाँलाई जे खुसी लाग्छ उहाँले त्यहि गर्नुहुन्छ।

उनले भने, "ठिक छ," उनले भने, "आऊ र हेर! आऊ, तिमी आफैले हेर।"

204 यहि उभिएर यो नभन, "म त्यो पवित्र भनौदा चिजलाई विश्वास गर्दिन।" केवल आऊ, हेर यहि त्यहाँ केहि कुरा छ कि।

205 त्यसैले उनी, सडक पार, मैले उनीहरु कुरा गरिरहेको सुन्न सक्छु। आउनुहोस्, के सुन्न चाहनुहुन्छ केको वारेमा तिनीहरुले बोलिरहेका? आउनुहोस् सुनम र हेरम तिनीहरुले के भनेका थिए। म विश्वास गर्छु, त्यस सडकको पार गएर, तपाईलाई थाहा छ, फिलिपले भन्यो, “तिमीलाई थाहा छ नथानिएल, मलाई थाहा छ कि तिमी बाईबल विद्यार्थी हौँ, त्यसैले म तिमीलाई केहि कुरा सोध्न चाहन्छु। हामीहरुले मसिहलाई कुरिरहेका छौ, होइन र?”

206 “ओ, हो, हामीहरु यस पुस्ताको अन्तिम दिनहरुमा आईरहेका छौ र यो, म विश्वास गर्छु कि यस पुस्ताले मसिह देख्नेछ।” अब सुन्नुहोस्। “ओ, तर हामी यहाँ छौ, हामी एउटा राष्ट्र पनि छैनौ, हामीहरु सबै मानिसहरु छरपष्ट छौ। हामीले कसरी? यी सबै!” परमेश्वर त्यस घडिमा आउनुहुन्छ जुन बेला तपाईले सोचेको हुदैन। त्यहि नै समयमा चाहि उहाँ त्यहाँ आउनुहुन्छ।

207 उनले भने, “तर, एक मिनेट पर्ख, यो मसिह कस्तो खालको व्यक्ति हुनेछ?”

“ओ, मोसा, हाम्रो शिक्षकले भनेका थिए कि उहाँ एउटा अगमवक्ता हुनुहुनेछ।”

208 “म तिमीलाई यस नासरतको येशूको बारेमा भन्नेछु। तिमीलाई याद छ त्यो बुढो अशिक्षित माझि जसको बाट तिमीले त्यस समय माछा किनेर ल्याएको थियौ, त्यसब्बात किनेको थियो, र त्यसले रसिदमा हस्ताक्षर पनि गर्न सक्दैन थियो, धेरै पढेको पनि छैन नि?”

209 “हो! ओ, ओ, हो, अ–ह। योनास र योनासको छोराहरु। हो, मैले योनासबाट पनि ल्याएको थिए।”

210 “अँ, अब, तिमीलाई थाहा छ के? पत्रुस त्यहाँ आएको थियो…” या सिमोन भन्थ्यो, त्यो समयमा उनको नाउँ सिमोन थियो। उनले भने, “उहाँको सभामा सिमोन आएको थियो। र उनी त्यहाँ आउन पाएको छैन… तिमीलाई याद छ कसरी सिमोनले हामीलाई भन्ने गर्थ्यो कि उनको बुबाले भन्ने गर्थ्यो कि ‘धोकामा नपर, किनकि मसिह आउनुभन्दा अगाडि त्यहाँ धेरै झुटा अगमवक्ताहरु आउनेछन्।’ र त्यो सत्य हो। ‘धेरै झुटा संदेशहरु आउनेछ।’ तर भन्यो, ‘तिमीले थाहा पाउनेछौ जब साचो संदेश आउनेछ,

किनकि, याद गर, हामी यहूदीले विश्वास गर्छौं कि मसिह एउटा अगमवक्ता हुनेछ।' हामीहरुले हाम्रो अगमवक्ताहरुलाई विश्वास गर्छौं।"

211 अहिले एउटा यहूदीलाई सोध्नुहोस्। इस्राएलले, जब तिनीहरुले ठिक त्यहाँ बाईबल टिपे, इरान र अन्य ठाउँबाट आउदै गर्दा, तिनीहरुले यो कुरा पढे। तिनीहरुले भने, "यदि त्यो येशू मसिह थियो भने, उसले अगमवक्ताले जस्तो चिन्ह गरेका हामीलाई देखाओस्, हामी विश्वास गर्नेछौ।" हो, श्रीमान्। तिनीहरुलाई थाहा छ कि अगमवक्ताहरु सत्यनिष्ठ हुन्छन्।

212 त्यसैले नथानिएलले निश्चित रूपमा भने होला, "ओ, म विश्वास गर्छु कि मसिह एउटा अगमवक्ता हुनेछ, किनकि मोसाले भनेका थिए, 'परमप्रभु हाम्रो परमेश्वरले एउटा अगमवक्ता खडा गर्नुहुनेछ।'"

213 "ठिक छ, जब उनले त्यो देखे, कि सिमोन जसको बारेमा तिमी कुरा गर्दै थियौ, उनले भने, 'तिम्रो नाउँ सिमोन हो, र तिमी योनासको पुत्र हौ।' उहाँले उनलाई चिन्नु मात्रै भएन, तर उहाँले उनको त्यस धार्मिक बुढो फरिसी बाबालाई पनि चिन्नुभयो।"

"अ! म त्यो विश्वास गर्न सक्दिन। तिमी त्यस गहिराईको अन्त्यमा पुगेको छौ।"

214 उनले भने, "ओ, होइन, म पुगेको छैन! तिमी आऊ, आफै पत्ता लगाउ। आऊ, हेर! आऊ!" त्यस सडकबाट गएर त्यहाँ पुगे।

215 अन्ततः उनी त्यस उपस्थितिसम्म पुगे जहाँ येशू हुनुहुन्थ्यो, हुन सक्छ दर्शको माझमा कतै उभिरहेको थियो होला। येशू वरपर हेर्दै त्यहाँ उभिरहनुभएको थियो। केहि समय पछि उहाँले बाहिर हेर्नुभयो, र उहाँले त्यहाँ नथानिएल उभिरहेको देख्नुभयो, उहाँले भन्नुभयो, "एकजना पक्का इस्राएलीलाई हेर, जसमा कुनै छल छैन!" त्यसले उनीबाट हठ निकालीदियो। त्यसले पालबाट हावा निकालिदियो। "एकजना पक्का इस्राएलीलाई हेर, जसमा कुनै छल छैन!"

216 "त्यो परमेश्वर हुनुहुन्छ," उनले भने। "रब्बी," यसको अर्थ हो *शिक्षक,* "रब्बी, तपाईले मलाई कहिले चिन्नुभयो? मैले तपाईलाई पहिले कहिल्यै भेटेको छैन, यस सभामा म एउटा नौलो मानिस हुँ, म यहाँ पहिले कहिल्यै आएको छैन। तपाईले मलाई कसरी चिन्न सक्नुहुन्छ?"

217 उहाँले भन्नुभयो, “फिलिपले तिमीलाई बोलाउन भन्दा पहिले, जब तिमी रुखको तल बसिरहेका थियौ, मैले तिमीलाई देखेको थिए।”

218 त्यो हिजोको येशू हुनुहुन्थ्यो। के त्यो सहि हो? यदि उहाँ समान हुनुहुन्छ भने, उहाँ आज पनि उहि नै हुनुहुन्छ। आउनुहोस् अर्को जातिको मानिसहरुलाई लिऔ। त्यहाँ मानिसहरुको जाति थियो…

219 त्यहाँ केवल तिनओटा जातिका मानिसहरु थिए, र त्यो हाम, शेम र येपेतका मानिसहरु थिए। बुझ्नुभयो? त्यहि नै हो। त्यहाँ नै हो जहाँ पेन्टिकोष्ट, जहाँ सुसमाचार यहूदीकोमा गयो, त्यसपछि सामरीहरु र त्यसपछि अन्यजातिहरु। देख्नुभयो, हाम, शेम, र येपेतका मानिसहरु, यी—यी तिन जातिहरु हुन्। अब, त्यहाँ दुईटा जातिहरु छन् जसले मसिहलाई हेरिरहेका छन्; हामी अन्यजातिहरु होइनौ। हामीसंग हाम्रो पछाडि एउटा कुरा छ, हामीहरु अविश्वासीहरु थियौ, मूर्तिहरुको पूजा गर्थ्यौं; तर हाम र शेमले पुज्दैन—पुज्दैनथियो।

220 अब त्यहाँ अर्को एउटा छ अहिले, अर्को जाति सामरीहरु थियो, जो आधा यहूदी र आधा अन्यजाति थियो, जुन कोराको पापको विवाहको कारणले भएको थियो, र तिनीहरु टाढा पुगे। र तिनीहरुले परमेश्वरमा विश्वास गर्थे, तिनीहरुले एउटा मसिहलाई खोजिरहेका थिए। त्यसैले येशू जानुभयो, तिनीहरुको अगाडि आफैलाई प्रस्तूत गर्दै। उहाँ यहूदीहरु कहाँ आउनुभयो, उहाँको आफ्नैहरुको माझमा, तर उहाँ सामरीयाबाट भएर जान पर्ने थियो। सन्त यूहन्ना, तपाईले कहिले त्यो पढ्नुभएको छ? र उहाँ सामरीयाबाट भएर जान पर्ने थियो। त्यसैले उहाँ सिखारको शहरमा आउनुभयो, त्यसैले उहाँले आफ्नो चेलाहरुलाई केहि खाना किन्नको लागि पठाउनुभएको थियो। र जब तिनीहरु गएका थिए…

221 यदि तपाई त्यहाँ भईदिएको भए, यो मनोरम थियो, एउटा कुवा, त्यहाँ शहरको पम्प थियो, जस्तै, जहाँ तिनीहरुले पानी आउन दिन्थ्यो। तपाईलाई थाहा छ, एउटा स्त्री आईन् र एउटा डोरी लिईन् र बाल्टीलाई तल हालिन्, पानि लिईन्, र तिनीहरु शिरमा हालिन्। र अब अपमानित स्त्री, खराब स्त्री, तिनीहरु असल स्त्रीहरुसंग आउन सक्दैनन्। ती दिनहरुमा तिनीहरुको कुनै सम्बन्ध नै हुने गर्दैन थियो। एउटा स्त्री खराब छिन् भने, उनी आफ्नै संगत मा बस्थिन्। आज त्यस्तो छैन; तिनीहरु सबै संगै हुन्छन्, तर तिनीहरु केवल…तर तिनीहरु, यो ठिक त्यस्तै अण्डाको बीचको भाग

टिपेको जस्तै हो, तपाईले त्यो सबै रातो–बत्ति बनाईदिनु हुन्छ, बुझ्नुभयो। त्यसैले त्यसपछि, तिनीहरु, त्यसैले यो भर्यो...

222 खराब इज्जत भएको स्त्री त्यहाँ आउथे, करिब एघार–तिस या पौने बाह्रमा, दिनको यस समय तिर आउथे। उनी त्यहाँ बाल्टीमा पानि लिनको लागि हिड्दै आईन्। र उनले...राखिन्...उनले त्यहाँ पुरानो कुँडा र भाडा राखेको म देख्न सक्छु त्यसलाई तल कुवामा झारिन्, एक बाल्टी पानि लिनको लागि। र त्यहि समय तिर उनले त्यसलाई माथि ल्याउन थालिन्, त्यसैबेला कसैले उनलाई यसो भनेको उनले सुनिन्, "स्त्री, मलाई पिउनलाई पानी देउ।" र उनले त्यहाँ हेरिन् त्यो एउटा यहूदीलाई देखिन्। अब, तिनीहरुको बीचमा कुनै सम्बन्ध हुने गर्दैन थियो।

223 विच–उमेर को एउटा मानिस, उहा करिब तिस वर्षको थियो। तर बाईबलले भन्छ कि उहाँ पचास वर्षको देखिन्थ्यो, तपाईलाई त्यो थाहा छ। तिनीहरुले भन्थे, "तिमीले भन्छौ तिमीले अब्राहाम लाई देख्यौ, र तिमी पचासवर्ष पनि नागेको छैनौ।" उहाँ केवल तिस वर्षको हुनुहुन्थ्यो। बुझ्नुभयो? भन्यो...मलाई लाग्छ उहाँको सेवकाईले थोरै त्यस्तो देखिने उहाँलाई बनायो। त्यसैले उसले तिनीहरुले भन्थ्यो, "तिमीले भन्छौ कि तिमीले अब्राहामलाई देखेको छौ, अब हामीलाई थाहा छ कि तिमी भित्र शैतान छ।"

224 उहाँले भन्नुभयो, "अब्राहाम हुनुभन्दा अगाडि, म छदै छु।" हेर्नुहोस्, उहाँ अब्राहामको परमेश्वर हुनुहुन्थ्यो। निश्चय नै, उहाँ हुनुहुन्थ्यो। उहाँले भन्नुभयो, "अब्राहाम हुनुभन्दा अगाडि, म छदै छु।" निश्चय नै।

225 र अब, उहाँ त्यहाँ कुवा निर बसीरहनुभएको छ, उहाँले भन्नुभयो, "स्त्री, मेरो निम्ति पिउनको लागि पानी ल्याऊ।"

226 उनले भनिन्, "यो प्रथागत छैन। हामीहरु यहाँ अलग छौ।" जस्तो तिनीहरुले दक्षिणमा गर्ने गर्छन्, काला जाति र गोराहरुमा, बुझ्नुभयो। उनले भनिन्, "हामीमा भिन्नता छ यहाँ। तपाईले मलाई सोध्नको लागि प्रथागत छैन, तपाई (एक यहूदी) मलाई माग्नु हुन्छ (एउटा समरी स्त्रीलाई) केहि, कुराको लागि। हामीहरु एकअर्कामा कुनै सरोकार नै छैन।" उनी थोरै व्यश्या स्त्री थिईन्, तपाईलाई छ। त्यसैले, सम्भवतः एउटा राम्रो सानी स्त्री। र उनी त्यहाँ उभिरहेकी थिईन्, हुनसक्छ उनको घुमेको केश उनको मुहारसम्म झरिरहेको थियो, तपाईलाई थाहा छ, र उनी रातभरी बाहिर नै

थिईन् होला। र—र त्यसैले उनले भनिन्, र उनले भनिन्, “तपाईले मलाई माग्नको निम्ति यो प्रथागत छैन, म जस्तो एउटा सामरी स्त्रीसंग।”

227 उहाँले भन्नुभयो, “स्त्री, तिमीसंग बोल्नेलाई यदि तिमीले चिनेको भए, र तिमी को संग बोल्दैछौ भन्ने तिमीले जानेको भए, तिमीले म संग पिउनको निम्ति माग्ने थियौ।” त्यो हिजोको मसिह हुनुहुन्थ्यो, बुझ्नुभयो। “तिमीले मलाई पानी माग्ने थियौ, तिमीलाई म त्यो पानी दिनेथिए जुन तिमीले यहाँ लिना आउने थिएनौ।”

228 “किन,” उनले भनिन्, “कुवा गहिरो छ, र पानी तान्नको लागि तपाईसंग केहि पनि छैन, कसरी तपाईले मलाई कुनै पानी दिनसक्नुहुन्छ र?” भनिन्, “हाम्रो पूर्खा याकूब!” बुझ्नुभयो, उनी सामरी थिईन्, तर उनले पनि याकूबलाई आफ्नो पिता पूर्खा भनि बोलाउथिन्। “हाम्रो पिता, याकूबले यो कुवाबाट पिएका थिए, उनको गाईबस्तुले, उनको परिवारले पिएका थिए। र तैपनि तपाई भन्नुहुन्छ कि तपाईसंग यो भन्दापनि उत्तम पानी छ?” भनिन्, “तपाई भन्नुहुन्छ ‘पुज्ने,’ तपाई एउटा यहूदी भएर, तपाई भन्नुहुन्छ ‘यारूशालेम।’ हामीले यस पहाडमा पुज्छौ भन्छौ।”

229 उहाले भन्नुभयो, “स्त्री, समय आउदैछ, र अहिले नै समय हो, जब सच्चा आराधकले परमेश्वरलाई आत्मामा आराधना गर्नेछन्, ‘किनकि परमेश्वर आत्मा हुनुहुन्छ।” बुझ्नुभयो? “पिताले त्यसो गरेको चाहनुहुन्छ।”

उहाँले के गर्दै हुनुहुन्थ्यो? उहाँ उनी संग बोल्दै हुनुहुन्थ्यो, उनको आत्मासंग सम्पर्क गर्न। बुझ्नुभयो? अब, याद गर्नुहोस्, ती सामरीहरु को अगाडि, उहाँ मसिह हुनुपर्थ्यो। र सिधै उहाँले उनमा समस्यामा भेट्नुभयो। कति जनालाई थाहा छ त्यो के थियो? निश्चय नै। उनी आफ्नो छैठौ श्रीमानसंग बसिरहेकी थिईन्।

त्यसैले, तपाईले देख्नुहुन्छ, यो गलत हो जब तपाई संग जिउदै श्रीमान छ, र—र त्यस्तो अवस्था छ, र बाहिर गएर। र कुनै कारणले गर्दा, स्त्रीलाई आफुबाट छुटाउछ, र उनलाई विवाह गर्छ, र फेरी अर्को स्त्रीलाई विवाह गर्छ, अर्को लाई विवाह गर्छ, फेरी अर्कोलाई विवाह गर्छ, तपाईले त्यो गर्नुहुदैन। त्यसैले उहाँले भन्नुभयो, उनी...

त्यसपछि उनले, मलाई लाग्छ उनी तिनीहरुसंग विवाह पनि नगरीकन बसेकि हुनुपर्छ। उनी ती मध्ये कोहिसंग पनि कहिल्यै विवाह नभएकी हुनसक्छे। उनी ती मध्ये कोहिसंग पनि कहिल्यै विवाह नगरेकी हुनसक्छे।

त्यसैले उनले यी सबै दुष्ट कुराहरु भनिन्, तपाईलाई थाहा छ, उनले यी सबै दुष्ट कामहरु गरिन्।

त्यसैले उहाँ त्यहाँ उभिरहनु भएको बेला, उनलाई *त्यसरी* हेरिरहेनुभएको थियो, उहाँले भन्नुभयो, "जाऊ, र मलाई पिउनको लागि पानी ल्याऊ।" र उनले भनिन्..."तर तिमीसंग बोल्नेलाई यदि तिमीले चिनेको भए, तिमीले मलाई पिउनको लागि माग्ने थियौ। म तिमीलाई पानी ल्याउनेछु जसको लागि लिन तिमी यसरी आईराख्ने छैनौ...म तिमीलाई पानी दिनेछु, जुन तिमी पिउनको लागि यहाँ आउदैनौ।" त्यसपछि उहाँले भन्नुभयो, "जाऊ, गएर आफ्नो पतिलाई लिएर यहाँ आऊ।"

उनले भनिन्, "महोदय, मेरो कुनै पति छैन।"

"ओ," उहाँले भन्नुभयो, "तिमीले ठिकै भनेको छौ। तिम्रो पाँच जना श्रीमानहरु छन्, र जोसंग तिमी अहिले बसिरहेको छौ त्यो तिम्रो पति होइन। यसमा तिमीले ठिक भनेको छौ।?" उनी, त्यस स्त्रीले त्यो सुनिन्... अब जब...

जब उहाँले त्यसो गरेको यहूदीहरुले देखे तिनीहरुले उहाँले के भन्न थाले? के तिनीहरुले उहाँ नै मसिह भनेर चिने? अँहँ। उहाँ को हुनुहुन्छ भनि तिनीहरुले भन्थे? "बालजिबुल, एउटा भाग्य बताउनेवाल," भन्थे, "त्यो शक्ति बालजिल को हो।" र तिनीहरुले परमेश्वरको आत्मालाई, जसले त्यो सबै भनिरहनुभएको थियो, उहाँलाई "अशुद्ध कुरा।" भन्दै थिए।

उहाँले भन्नुभयो, "तिमीहरुले मेरो विरुद्धमा बोलेको छौ, म तिमीहरुलाई क्षमा दिनेछु। तर एक दिन पवित्र आत्मा आउनुहुनेछ, यहि कार्य गर्नको लागि; र तिमीहरुले उहाँको विरुद्धमा एकै शब्द मात्रै बोल, त्यो तिमीहरुलाई कहिल्यै पनि क्षमा हुनेछैन।"

230 त्यसैले तपाईले देख्नुहुन्छ आज हामी कुन ठाउँमा छौ, यदि यो आजको दिन भएको भए। "उहाँको विरुद्धमा एउटा मात्रै शब्द, त्यो कहिल्यै पनि क्षमा हुनेछैन, न त यो संसारमा न त आउने संसारमा।" त्यसैले तपैले देख्नुहुन्छ यो पुस्ताले के गरेको छ। अब यसको बारेमा सोच्नुहोस्। बलियो संग सोच्नुहोस्। यो पवित्र शब्दलाई तौल्नुहोस्।

231 अब, यहूदीहरुले भनेका थिए, "यो मान्छेले यी कार्य बालजिबुलद्वारा गर्दछ। यस मानिस एउटा दुष्ट हो, भाग्य बताउनेवाला हो।" हामी जान्दछौ

कि जोखाना बताउने दुष्ट हो। त्यसैले तिनीहरुले उहाँलाई, “यो मानिस भाग्य बताउने” हो भने।

232 त्यसैले उहाँलाई भाग्य बताउने भने तापनि उहाँले तिनीहरुलाई क्षमा दिनुभयो। तर उहाँ मर्नुभएपछि र पवित्र आत्मा फर्केर आउनुभए पछि, तब यो फरक थियो। बुझ्नुभयो? र त्यो अन्यजातिको पुस्ताको लागि हो। अब ध्यान दिनुहोस्।

अब, यहूदी—यहूदीहरुले देखिसकेका थिए, यसलाई दण्डित गरेका थिए।

233 सामरीहरुले यसलाई स्वीकार गरे, र उनले भनिन्, “महोदय, म जान्दछु कि तपाई एउटा अगमवक्ता हुनुहुन्छ।” तिमीले यसले के गर्नेछौ, सामरी? “म जान्दछु कि तपाई एउटा अगमवक्ता हुनुहुन्छ। हामी जान्दछौ जब मसिह आउनुहुनेछ, उहाँले हामीलाई यी कुराहरु भन्नुहुनेछ।” बुझ्नुभयो, तिनीहरुले मसिहरुलाई जानेका थिए, कि उहाँ को हुनुहुनेछ भनि। भनिन्, “हामी जान्दछौ कि जब मसिह, जसलाई ख्रीष्ट भनिन्छ, जब उहाँ आउनुहुनेछ उहाले हामीलाई यी थोकहरु भन्नुहुनेछ। तर तपाई को हुनुहुन्छ? के तपाई उहाँको अगमवक्ता हुनुहुन्छ?”

उहाँले भन्नुभयो, “म उहि हुँ। म उहि हुँ।”

234 र यसै माथी! अब सुन्नुहोस्। यसैमा, उनले आफ्नो पानीको भाडा छोडिन् र शहर तिर गईन्, र शहर तिर गएर मानिसहरुलाई भनिन्, भनिन्, “आऊ, हेर त्यस मानिसलाई जसले मैले गरेका कामहरु भनिदिएका छन्! के यहि नै त्यो मसिह होइनन् र?” र बाईबलले भनेको छ कि शहरका सबैले उहाँमा विश्वास गरे किनकि त्यस स्त्रीले यो भनेका छन्, कि उहाँले तिनीहरुलाई भन्नुभयो, ‘किनकि उहाँ मसिह हुनुहुन्थ्यो।

235 अब, यदि त्यो हिजोको मसिह चिन्ह थियो भने, र उहाँ हिजो, आज र सधै भरी एकै समान हुनुहुन्छ, र यो आज पनि त्यहि नै चिन्ह हुनेछ। के यो सहि हो? कति जना यो कुरामा सहमत हुनुहुन्छ? निश्चय नै, हो, यो त्यहि नै हो। ठिक छ।

236 अब, के यो कुनै अलग मानिस हुनेछ? होइन। उहाँले प्रेम गर्नुभयो, उहाँ कराउनुभयो, उहाँ रुनुभयो, उहाँ सुत्नुभयो, उहाँ उजाडस्थानमा जानुभयो, माछा मार्न जानुभयो, सामान्य मान्छेले गर्ने जस्तै उहाँले पनि गर्नुभयो। उहाँ

केवल एउटा मानिस हुनुहुन्थ्यो, बुझ्नुभयो, तरै पनि उहाँ एउटा अभिषिक्त महिस हुनुहुन्थ्यो।

237 अब, हामीले बाईबलमा याद गर्नसक्छौ, त्यस समयको बारेमा हामीलाई यसले भन्दछ, जहाँ हामी धेरै पदहरुमा पाउदछौ र प्रमाण हुन्छ कि बाईबलले त्यहाँ यो हुनेछ भनि दाबी गर्दछ, "एउटा दिन हुनेछ त्यो न त रात न त दिन हुनेछ," केवल एउटा निराशाजनक दिन, संस्थाहरु र मण्डली, र बच्नको लागि प्रशस्त, "तर साँझको समयमा त्यहाँ उज्यालो हुनेछ।" कतिजनाले यो कुरा कहिल्यै पढ्नुभएको छ? निश्चय नै। बुझ्नुभयो?

238 अब, अर्को शब्दमा भन्दा, सूर्य पूर्वमा उडाएर पश्चिममा अस्ताउछ। त्यहि नै सूर्य जुन पूर्वमा उदाउछ, त्यो पश्चिममा अस्ताउछ। ठिक छ, जब परमेश्वरको पुत्र, एस–ओ–एन पूर्वमा उदाउनुभयो, पूर्वीय मानिसहरुमा आउनुभयो। सव्यताले यात्रा गर्यो, सूर्यसंगै यात्रा गर्यो, र हामी अहिले पश्चिमी तटमा छौ। यदि तपाई पारी तिर जानुभयो, तपाई चिन तर्फ जानुहुन्छ, फेरी फर्केर पूर्व तिर। त्यसैले त्यहि पुत्र जो पूर्वमा चम्किनुभएको थियो अहिले पश्चिममा चम्कदै हुनुहुन्छ, उहि पवित्र आत्माको बप्तिष्मा सहित, उहि चिन्ह, उहि आश्चर्य कार्यहरु, र उहि मसिह सहित चम्कदै छ। के यो सहि हो? "रातको समयमा उज्यालो हुनेछ, तिमीले महिमाको मार्ग निश्चयनै पाउनेछौ।" त्यो सहि हो।

239 हामी रातको समयमा छौ, साँझको उज्यालोमा। सूर्य अस्ताउदै छ। मसिह हाम्रो माझमा हुनुहुन्छ। परमेश्वरको पुत्र, पवित्र आत्माको रुपमा हुनुहुन्छ, हाम्रो माझमा। के तपाईले त्यो विश्वास गर्नुहुन्छ? [सभाले भन्छ, "आमेन।"—सम्पा।] म उहाँको दास हुँ भनि के तपाई विश्वास गर्नुहुन्छ? ["आमेन।"] जे मैले तपाईलाई भनि रहेको छु त्यो सत्य हो भनि के तपाई विश्वास गर्नुहुन्छ? ["आमेन।"] हिजो बिहानको स्वर्गदूतको कहानी के तपाई विश्वास गर्नुहुन्छ, अस्ति बिहानको कुरा? ["आमेन।"] के तपाई यो विश्वास गर्नुहुन्छ? ["आमेन।"] त्यसो हो भने स्वर्गको परमेश्वर, मेरो सामू त्यो इन्द्रेणीको रूपमा देखा पर्नुहुने परमेश्वरलाई बोल्न दिनुहोस्। र शरीरलाई उहाँमा समर्पित हुन दिनुहोस्, मेरो प्राण, आत्मा, र समझ, उहाँको महिमामा समर्पित भएको होस्। जब मैले त्यो अन्तिम लोखर्के लाई खोजिरहेको थिए, र जानेको थिए कि त्यो अन्तिम हुनेछ। त्यो ठिक

त्यसबेला दस बज्नको लागि तिन मिनेट भएको थियो, र मैले भनेको थिए कि त्यो दस बजेसम्ममा हुनेछ।

तपाई जान्नुहुन्छ, उहाँले भन्नुभयो, “तैले जे चाहन्छस् त्यो भन्। यो त्यस्तै नै हुनेछ।” उहाँ कहिल्यै पनि असफल हुनुभएको छैन, जे केहि पनि माग्नुहोस्। “केवलतैलेले के चाहन्छस् सो भन्।”

तर आठौ पटक जब त्यो गरियो, त्यो एउटा सानी महिला गरिएको थियो। मलाई लाग्छ उहाँ त्यहाँ पछाडि बसिरहनुभएको छ अहिले। भाई राईट यहाँ बसिरहनु भएको म देख्न सक्छु। हेटी राईट, जब उहाँले आफ्नो दुई ओटा बच्चाहरुको लागि...उहाँ त्यहा हुनुहुन्छ, ठिक अहिले त्यहाँ निर हुनुहुन्छ। उहाँको दुइटा बच्चाहरुको लागि मुक्ति पाउनको लागि, (त्यहि होइन त?) जो यसको कडा विरुद्धमा थिए। मैले भने, “म तपाईको बच्चाहरु तपाईलाई दिदछु, येशू ख्रीष्टको नाउँमा।” तिनीहरु ठिक उहाँको काँखमा लडे।

240 एड डल्टन, ब्याप्टिष्ट यहाँ बसिरहनु भएको छ, जो तल केन्टकिबाट हुनुहुन्छ, यहाँ बसिरहनुभएको छ। तपाईको कतिजना बच्चाहरु हुनुहुन्छ, एड? बाह्र जना बच्चाहरु। ठिक यहाँ उभिरहनुभएको छ, उहाँले आफ्नो बच्चाहरुको लागि माग्नुभयो। म भवनबाट बाहिर निस्के। एड म कहाँ फेरी आउनुभयो; मैले भने, “एड।”

पवित्र आत्मा ममा हुनुहुन्थ्यो, मैले भने, “उसलाई यो देऊ। उसलाई देऊ।”

241 मैले भने, “म तिम्रो बच्चाहरु तिमीलाई दिदछु।” तिनीहरु सबैजना, बचाईए र बप्तिष्मा भए। त्यहाँ उहाँको किशोरी छोरी घरमा बसिरहेकी थिईन्, पर्खिदै, कराउदै, उहा यहाँ माथि गएको दिन देखि उनी पनि बाचिन्। यस ब्याप्टिष्ट भाई जो तलबाट...ओ, ओ, जब उहाँ बोल्नुहुन्छ त्यो कति अद्भूत छ!

242 म अब उहाँलाई सोध्दै छु, उहाँको महिमाको लागि, आफैलाई देखाउन, कि उहाँ ख्रीष्ट हुनुहुन्छ, जुन म बोलिरहेको छु त्यो सत्य हो।

243 अब, अविश्वासी—अविश्वासीको उम्किने ठाउँ नहोला। म चाहन्छु कि मानिसहरु जो यहाँ हुनुहुन्छ, जो बिमार र खाचोमा हुनुहुन्छ, जसलाई परमेश्वरको खाचो छ, जसलाई मैले चिन्दिन, अन्जानहरु जो हाम्रो द्वारा भित्र हुनुहुन्छ, मानिसहरु जसलाई म चिन्दिन, जो यहाँ हुनुहुन्छ, र जसलाई

परमेश्वरको खाचो छ, तपाईहरुले आफ्नो हातहरु उठाउनुहोस्। सबै तिर मानिसहरु हुनुहुन्छ। त्यो ठिक छ, मलाई लाग्छ सामान्य रूपमा सबै तिर हुनुहुन्छ। मानिसहरु जो मैले चिन्दिन। यदि मैले कसैलाई बोलाए, जसलाई म चिन्छु र तपाईले मलाई चिन्नुहुन्छ, र—र हामी एकअर्कालाई राम्ररी चिन्छौ, तपाईहरुले केहि पनि नभन्नुहोस्, केवल शान्त रहनुहोस्। यदि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ, जो उहाँ हुनुहुन्छ नै, र मेरो संदेश सहि छ, र त्यो स्वर्गदूत...

244 जब त्यो दस बज्नको लागि तिन मिनेट बाकि थियो, मैले भने, “ओ परमेश्वर, जो केहि समय अगाडि मेरो सामू त्यस इन्द्रेणीमा देखा पर्नुभएको थियो, यो तिन मिनेट बाकि थियो। मैले कुनै लोखर्के देखिन। यो तिन मिनेट बाकि थियो, तपाईले मलाई एउटा ल्याउनु हुनेछ।” र परमेश्वर जो मेरो न्यायकर्ता हुनुहुन्छ, म मेरो हात बाईबलमा राखेर सत्यनिष्ठ रुपमा भन्दछु। कसम खाने कुरामा म विश्वास गर्दिन, बाईबलले त्यसो भन्दैन; बाईबलले त्यसो नगर्नको निम्ति भन्छ। तर परमेश्वर मेरो न्यायकर्ता हुनुहुन्छ, एउटा लोखर्के ठिक रुखको तलबाट दौडेर आयो र ठिक त्यहाँनिर बस्यो। उहाँले यो कहिल्यै गर्नबाट असफल हुनु भएन; उहाले कहिल्यै त्यसो गर्नुभएन। धेरै जना यहाँ उपस्थित हुनुहुन्छ जसलाई यी कुराहरु थाहा छ। मलाई थाहा छ कि उहाँ, त्यहि परमेश्वर हुनुहुन्छ यहाँ।

245 त्यहाँ प्रार्थनाको कार्ड दिईएको छ। म त्यो चाहदिन। हामी त्यसको लागि प्रार्थना केहि मिनेटमा गर्नेछौ, तिनीहरु पंक्तिमा आउनेछन्। म यो चाहदिन कि मानिसहरु जो—जो यहाँ, या जहाँकहिँ।

246 म अन्जान मानिसहरु आएको चाहन्छु। मलाई नचिन्ने मानसिहरु आएको चाहन्छु। म तपाईहरुले यो जानेको चाहन्छु, तपाईहरु गएर चिन्तन गरेको र प्रार्थना गरेको चाहन्छु, र यसो भन्नुभएको होस्, “परमेश्वर, त्यस मानिसले मलाई चिन्दैन।”

247 र एकदिन एउटा सानी महिला भिडहरुमा भएर आईन्। उनीसंग रगतको समस्या थियो। र उनले भनिन्...

248 जब तिनीहरु सबैले भन्दै थियो, “उहाँ यहाँ हुनुहुन्छ! उहाँलाई हेर्नुस्! त्यो गालिली त्यहाँ छ,” र त्यस्तै भन्दै थिए। ती सबै रब्बीहरु र ती सबै त्यहाँ उभिरहेका थिए, भन्दै थिए, “रब्बी, हामीहरु तपाईबाट एउटा चिन्ह चाहन्छौ,” र त्यस्तै कुराहरु भन्दै थिए।

249 यस सानी महिलाले भनिन्, "उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनि म विश्वास गर्छु। र म विश्वास गर्छु यदि मैले उहाँको पोशाकको छेउ मात्रै पनि छुन पाए, म निको पारिनेछु।" तपाईहरु कतिलाई त्यो थाहा छ? उनले उहाँलाई छोईन्।

250 उहाँले महसुस गर्नुभएन; तर उहाँ रोकिनुभयो र फर्कनुभयो र भन्नुभयो, "कसले मलाई छोयो? कसैले मलाई छोयो।" सबै जना चुपचाप भए। भन्नुभयो, "कसैले मलाई छोयो।" भन्नुभयो, "कसले मलाई छोयो?"

251 र उहाँले चारैतिर तबसम्म हेर्नुभयो जबसम्म उहाँले त्यो भेट्टाउनुभएन। उनले आफैलाई लुकाउन सकिनन्। यसलाई पाउन सकिएन। देख्नुभयो र भन्नुभयो, "तिम्रो विश्वासले तिमीलाई बचाएको छ।" भन्नुभयो, उनलाई भन्नुभयो, उनको रगतको समस्याबात बचाईयो...निष्ठावान, किनकि उनले विश्वास गरेकि थिईन्, र उनको विश्वासले उहाँको वस्त्र छोईन्। के तपाईले त्यो विश्वास गर्नुहुन्छ? ठिक छ।

252 अब, आज उहाँ उच्च पूजाहारी हुनुहुन्छ जो परमेश्वरको दाहिने हातमा बस्नुभएको छ, हाम्रो पाप स्वीकारको मध्यस्ताकार बन्नुभएको छ? के बाईबलले यो भन्छ कि उहाँ उच्च पूजाहारी हुनुहुन्छ जसलाई हाम्रो दुर्वलताको भावहरुले छुन सकिन्छ? के त्यो सहि हो? ठिक छ, यदि तपाई विमार हुनुहुन्छ, तपाई प्रार्थना गर्न थाल्नुहोस्, भन्नुहोस्, "परमप्रभु परमेश्वर, मैले भर्खरै एउटा संदेश सुनेको छु। म—म यस मानिसलाई चिन्दिन। म—म यहाँ पवित्रस्थानमा छु। म यहाँ आउदिन, यो मेरो घरेलु मण्डली होइन। म अर्कै ठाउँबाट हुँ। म यस शहरभन्दा बाहिरबाट हुँ, म अर्कै ठाउँबाट आएको हुँ। म यो मानिसलाई चिन्दिन। तर उहाँले गर्नुभएको छ, यसलाई यति सकारात्मक देखाएको छ कि यो तपाई नै हुनुहुन्छ, र भनको छ कि तपाई उहाँमा देखा पर्नुभएको छ, कि उनको संदेश सहि छ, र तपाईले यी कुराहरु कसरी गर्नुहुन्छ देखाउनुभएको छ। अब, म यस मानिसलाईचिन्दिन, तर म तपाईलाई चिन्दछु। त्यसैले यदि उहाँले आफैलाई तपाईमा समर्पित गर्नुभएको छ भने, र तपाईले उहाँको शरीरलाई आफ्नो वचन बोल्नको निम्ति प्रयोग गरिरहनु भएको छ भने, उहाँलाई म संग बोल्न दिनुहोस्। तपाईको वस्त्र मलाई छुन दिनुहोस्, प्रभु।" र हेर्नुहोस् यदि उहाँले यो गर्नुहुन्छ या गर्नुहुन्न! हेर्नुहोस् यदि उहाँ परमेश्वर हुनुहुन्छ या हुनुहुन्न।

253 यदि उहाँ अझै परमेश्वर हुनुहुन्छ, उहाँले मेरो ओठहरु त्यहि वचन बोल्नको निम्ति प्रयोग गर्नु हुन्छ जुन उहाँले गर्नुहुनेछ, किनकि उहाँको ओठ छैन तर तपाईको र मेरो छ। उहाँ संग आँखा छैन तर हाम्रो छ। त्यसैले उहाँ केवल तल आउनुहुन्छ र उहाँको मण्डलीलाई हाम्रो शरीरबाट चलाउनुहुन्छ। के तपाई त्यो विश्वास गर्नुहुन्छ? आफैलाई चलाउनुहुन्छ! त्यहि नै हो जुन उहाँले भन्नुभएको छ। “मैले गरेका कार्यहरु, तिमीहरुले पनि गर्नेछौ।” के त्यो सहि हो? “उहि कार्य तिमीहरुले पनि गर्नेछौ।” त्यहि नै कार्य हो जुन उहाँले गर्नुभएको थियो, यो साबित गर्नको लागि कि उहाँ मसिह हुनुहुन्छ। अब, यदि उहा मसिह हुनुहुन्छ, र उहाँ हुनुहुन्छ, त्यसो हो भने, त्यो सत्य भएको हुनाले, तब उहाँले उहि कार्य ठिक अहिले पनि गर्नुहुन्छ, उहाँको, मण्डलीद्वारा, जुन कुरा उहाँले त्यसबेलामा पनि गर्नुभएको थियो। त्यसले यो प्रमाणित गर्छ कि यो सत्य, तपाईको सबै सम्प्रदायको बावजूद पनि साबित गर्छ। ओ, हाल्लेलुयाह!

254 सानो वृद्ध भाई किड र बहिनी किड यहाँ बसिरहनुभएको छ, दुवैजना, र उहाँहरु अस्सी वर्षको हुनुहुन्छ, म जन्मनु भन्दा पहिले देखि प्रचार गरिरहनु भएको थियो। यहाँ उहाँ कुनै विहानीमा लेटिरहनुभएको थियो, मर्ने अवस्थामा, क्यान्सरको कारणले, लगभग दुई वर्ष पहिले, उहाँको प्रोस्टेटको माध्यमले काटीरहेको थियो; त्यहाँ माथि ओहाईओ मा। उहाँ मेरो धेरै प्रिय मित्र रहनुभएको छ। बहिनी किडले मलाई बोलाउनुभयो, भन्नुभयो, “बिल्ली, तपाईलाई चाडो गरेको राम्रो। उहाँ मार्दै हुनुहुन्छ, ठिक अहिले मर्ने अवस्थामा हुनुहुन्छ।” र बिल्ली र मलाई त्यो पुरानो कार चलाउन मन पर्थ्यो, त्यसमा चढ्न मन पर्थ्यो।

255 जब म त्यहाँ कोठामा पुगे, जसै म त्यहाँ पुगे, पवित्र आत्माले मलाई बोल्नुभयो, “परमप्रभु यसो भन्नुहुन्छ।”

256 त्यहाँ उहाँ उभिरहनुभएको थियो, परमेश्वरको महिमाको एउटा साक्षी, यहाँसम्म कि उहाँको चिकित्सक पनि सबै आश मार्नुभएको थियो। यो केवल, उहाँ परमेश्वर हुनुहुन्छ। के मैले त्यो गर्नसक्छु? होइन, श्रीमान! मेरो शब्दहरु कुनै मानिसभन्दा ठूलो छैन। तर त्यो त परमप्रभु यसो भन्नुहुन्छ हो! आमेन।

257 वर्षौ पहिले, केन्टकीको पहाडहरुमा, एउटा सानो पुरानो परमेश्वरको मण्डली, या तिनीहरु मध्ये कोहि थिए, पहाड पट्टि तर र माथि जम्मा हुन्थे,

त्यहि कुराबाट मकै पिटेर निकाल्ने गर्नुहुन्थ्यो, त्यस वृद्धा आमा किडसंग, ती बालबच्चाहरुलाई खुवाउनको लागि; आफ्नो पतिलाई बारीमा पठाउनको लागि भाडामा त्यो पखाल्नुहुन्थ्यो।

258 र अब यहाँ उहाँहरु आफ्नो अस्सी औ सालमा आज यहाँ बसिरहनुभएको छ, परमेश्वरको सुसमाचारमा रमाईरहनु भएको छ, आईतबारको बिहान सयौ माईल टाडाबाट आउनुहुन्छ, हरेक आईतबार म यहाँ प्रचार गर्छु, उहाँहरुले सुन्न पाउनुहुन्छ कि भनि। निश्चय नै, हामीहरु उहाँहरुलाई निमन्त्रणा पठाउछौ, उहाँहरु आउन चाहनुहुन्छ। उहाँहरु सानो वृद्धा हृदयहरुलाई आशिष दिनुहोस्। त्यो सहि हो। म चाहन्छु कि यहाँ हुनुभएको हरेक व्यक्तिले यस बिहान हात मिलाउनु भएको होस्, यदि तिनीहरुले सक्छन् भने, उनीहरुलाई आशिष दिनुहोस्।

अब प्रार्थना गर्नुहोस्।

259 ओ, म जानेर कति खुसी छु कि उहाँ परमेश्वर हुनुहुन्छ। कति राम्रो भाव! तपाई भन्नुहुन्छ, "तपाई के को लागि प्रतिक्षा गरिरहनु भएको छ, भाई ब्रन्हाम?" म उहाँको लागि पर्खिरहेको छु। यो एउटा...म प्रचार गर्दै आईरहेको छु। यो अर्कै किसिमको अभिषेक हो।

260 र यदि उहाँ आउनुहुन्छ र यो गर्नुहुन्छ, यहाँ भएका कति जना जो विमार हुनुहुन्छ, उहाँलाई चंगाईकर्ताको रूपमा स्वीकार गर्नुहुन्छ? केवल आफ्नो हातहरु उठाउनुहोस्, सबै बिमार मानिसहरु, यदि उहाले—उहाँले यो गर्नुहुन्छ भनि विश्वास गर्नुहुन्छ भने। तपाईहरुको हातहरु उठाउनुहोस्, सबै जना हो बिमार हुनुहुन्छ, जसले मसिह, ख्रीष्ट लाई मानिसहरुको माझमा बोलिरहनुभएको देख्नसक्नुहुन्छ।

261 प्रार्थना गर्नुहोस्। विश्वास गर्नुहोस्। म घरको यस तर्फिलाई समर्पित गर्दछु। मैले धेरै प्रार्थनाहरु पाएको छु। मैले अभिषेक भएको देख्न सक्छु।

262 हेर्नुहोस्। कतिजनाले त्यो सुन्नुभएको छ, त्यो आगोको खामो त्यहाँ, जुन विज्ञानले त्यहाँ वाशिंटन डिसी मा टाँगिएको छ? तपाईलाई यो थाहा छ। यहाँ निर यसको तस्बिर, ठिक यहानिर, त्यहि आगोको खामो जसले मोसालाई अगुवाई गर्यो। जब कि विज्ञानले पनि भएको थियो, "कुनै दिन यो टेन–सेन्ट–स्टोरको अल्मारीमा हुनेछ। केवल एउटा मात्रै अलौकिक कुरा जुन फोटोग्राफ भयो।"

263 त्यहि नै स्वर्गदूत ठिक अहिले यहाँ पुल्पिटमा हुनुहुन्छ। यसलाई खोज्नुहोस्। म तपाईलाई विश्वास गर्नको निम्ति चुनौती दिदछु। तपाई बाहिरको व्यक्तिहरु, तपाई विश्वास गर्नुहोस्।

264 अब मैले केवल हेर्न पर्नेछ यो कहाँ गईरहेको म देख्छु। उहाँको उपस्थितिमा निष्ठावान हुनुहोस् सबै जना, त्यो अद्भूत।

265 म एउटा मान्छेलाई देख्वदछु। यहाँ हुनुहुन्छ। उहाँ मेरो बाँयानिर बसिरहनुभएको छ, ठिक यहाँ पछाडि कुरा निर। उहाँ पिनासको समस्या र पेटको समस्याले ग्रसित हुनुहुन्छ। तपाई आफ्नो पूरा हृदयले विश्वास गर्नुहुन्छ। तपाई एउटा अन्जान व्यक्ति हो मेरो लागि। उहाँ श्रीमान वेल्स हुनुहुन्छ। त्यहि नै तपाईको नाउँ हो श्रीमान वेल्स। तपाई यहाँबाट आउनुभएको होइन। तपाईको ठाउँको नाउँलाई अरोरा, इलिनोईस भनिन्छ। त्यो सत्य हो। के यो सत्य हो? म तपाईको लागि अन्जान व्यक्ति हुँ। यदि त्यो कुरा सत्य हो भने आफ्नो हात उठाउनुहोस्। तपाईको खुट्टामा उभिनुहोस्। येशू ख्रीष्टले तपाईलाई निको पार्नुहुन्छ।

तपाई अहिले विश्वास गर्नुहुन्छ? "यदि तपाईले विश्वास गर्नसक्नुहुन्छ भने।"

266 अब, त्यहाँ, एक जना, जसलाई मैले मेरो जीवनमा कहिल्यै देखेको छैन, र हामीहरुको अगाडि पूर्ण रूपमा अन्जान हुनुहुन्छ। उहाँ अर्को राज्यबाट हुनुहुन्छ। र पवित्र आत्मा, अब, आत्माले जे पनि उहाँलाई भनेको छ, म तब सम्म थाहा पाउदिन जबसम्म त्यो टेपमा रहदैन। यो अभिषेक हो जुन तपाईमा आउदछ। तर मानिसले जान्दछ।

267 जे तपाईलाई भनिएको छ त्यो सत्य हो। के त्यो सहि हो, श्रीमान? हो। हामीहरु अन्जान हौ। त्यहाँ, उहाँलाई आफ्नै साक्षी हुन दिऔं।

यो कसले गर्यो? मसिह, ख्रीष्ट।

268 यहाँ निर एकजना महिला हुनुहुन्छ ठिक यहाँ पछाडि, मानिसहरुको विचमा, ठिक यहाँनिर। तपाई माथिको त्यस उज्यालोलाई देख्नुभएको छ? उहाँ छालाको रोगले ग्रसित हुनुहुन्छ। श्रीमती पिट्मन, तपाई ओवेन्सबोरोबात आउनुभएको हो। यदि तपाई एउटा अन्जान हुनुहुन्छ भने, आफ्नो हात उचालेर हल्लाउनुहोस्। के ती कुराहरु साँचो हो? तपाईको हात हल्लाउनुहोस्। परमेश्वरले तपाईलाई निको पार्नुभएको छ। मैले यस महिलालाई कहिल्यै पनि देखेको छैन, तरै पनि, केवल दर्शनमा देखे।

269 ताकी तपाईले यो जान्न सक्नुभएको होस्, ठिक तपाईभन्दा माथि एउटा एलिस नाउँ भएको महिला हुनुहुन्छ, श्रीमती एलिस, एउटा जवान महिला। उहाँमा महिला रोगको समस्या छ। उहाँ पनि अन्जान नै हुनुहुन्छ। यदि त्यो सत्य हो भने, आफ्नो हात उचालेर हल्लौनुहोस्। के उहाँ तपाईको आमा हुनुहुन्छ जो तपाईको छेउमा बस्नुभएको छ त्यहाँ? यो एउटा महिला त्यहाँ बसिरहनुभएको छ, डरले ग्रसित हुनुहुन्छ, एउटा जटिल खालको डर उहामा छ। यदि त्यो सहि हो भने, तपाईको हात उचाल्नुहोस्, महिला। ठिक छ। डर गईसकेको छ। तपाई घर जान सक्नुहुन्छ, निको हुनुहुन्छ। म तपाईलाई विश्वास गर्नको निम्ति चुनौती दिन्छु।

270 टाडा पछाडि, कुनातिर, धेरै पछाडि, एउटा पुरुष मीनेसोटाबाट हुनुहुन्छ, जो पछाडि ढाडको समस्या सहित हुनुहुन्छ। तपाईको नाउँ श्रीमान कार्सोन हो। तपाईको ठाउँबाट उभिनुहोस्। तपाईको ढाडको समस्या हराएको छ। येशू ख्रीष्टले तपाईलाई निको पार्नुहुन्छ।

271 ठिक धेरै पछाडि यहाँ, एउटा महिला ग्रसित हुनुहुन्छ। उहाँ यो शहरभन्दा बाहिरबाट हुनुहुन्छ। उहाँ ब्लु आईल्याण्ड भन्ने ठाउँबाट हुनुहुन्छ। उहाँमा मुटुको समस्या छ। त्यो ठिक सिकागोको नजिक छ। श्रीमती ब्रेडन, उठ्नुहोस्, तपाईको चंगाई ग्रहण गर्नुहोस्। घर जानुहोस् र निको हुनुहोस्, येशू ख्रीष्टको नाउँमा।

272 के तपाई विश्वास गर्दै हुनुहुन्छ? यो भागपट्टि के छ? तपाईलाई थाहा छ त्यो मसिह हुनुहुन्छ? कसरी एउटा मान्छेले जान्दछ?

273 यी मानिसहरु जसलाई बोलाईएको छ, र जान्दछ कि मैले तपाईको बारेमा केहि अनि जान्दिन भनेर, तपाईहरुको हात उठाउनुहोस्, तपाई मानिसहरु जसलाई वरपर बोलाईएको छ। हेर्नुहोस् त्यहाँ?

274 त्यहाँ मेरो पछाडि कोहि हुनुहुन्छ, प्रार्थना गर्दै हुनुहुन्छ, पछाडि, कोठाबाहिर। उहाँ जवान मानिस हुनुहुन्छ, जवान, आफ्नो भाई या बहिनीको लागि प्रार्थना गर्दै हुनुहुन्छ हो कन्सासमा छ, र क्यान्सर भएको छ । ढोका निर अगाडि आउनुहोस्। परमेश्वरमा विश्वास राख्नुहोस्। तपाई विश्वास गर्नुहुन्छ?

275 एल्मर, त्यो तपाईसंग केहि सम्बन्ध भएको व्यक्ति हो। म तपाईको बाबालाई त्यहाँ बसिरहेको देख्नसक्छु, उहाँको पत्नी। उच्च रक्तसंचार भएको। यदि तपाई विश्वास गर्नुहुन्छ भने, परमेश्वरले तपाईलाई निको

पार्नुहुनेछ। मलाई थाहा छैन। त्यो सहि हो। होइन र? तपाई आफ्नो पूरा हृदयले विश्वास गर्नुहुन्छ।

276 तपाई विश्वास गर्नुहुन्छ? के तपाई विश्वास गर्नुहुन्छ कि येशू ख्रीष्ट नै मसिह हुनुहुन्छ? के उहाँको उपस्थिति यहाँ छ भनि तपाई विश्वास गर्नुहुन्छ? याद गर्नुहोस्, जब एउटा स्त्रीले येशूको वस्त्र छोईन्, उहाँ कमजोर हुनुभयो। सद्गुण, शक्ति उहाँबाट गयो। म लगभग जानेबेला भयो। के तपाई विश्वास गर्नुहुन्छ?

त्यसो भए केहि क्षणको लागि हाम्रो शिरहरु निहुराऔ।

277 ओ येशू, परमेश्वरको मसिह, तपाई धेरै नजिक हुनुहुन्छ। मानिसहरु सचेत छन् कि तपाईनै परमेश्वरको पुत्र हुनुहुन्छ, कि तपाई अहिले यहाँ हुनुहुन्छ। तपाईको महान् चिन्हहरु र आश्चर्य कामहरु प्रमाणित भएको छ। तिनीहरुलाई आशिष दिनुहोस्, पिता। तिनीहरुलाई आशिष दिनुहोस्, म प्रार्थना गर्दछु। तिनीहरुले ठिक अहिले विश्वास गर्न सकेका होउन्, तिनीहरुको पूर्ण हृदयले, कि तपाई, मसिह, नै हुनुहुन्छ जो यहाँ उभिरहनु भएको छ। अरु कसैले त्यो गर्न सक्दैन। त्यो मानवीय रुपमा असम्भव छ, प्रभु। चमत्कार, मसिहको शक्ति हेर्नको लागि सानो, यो जस्तो नम्र ठाउँमा आउनुपर्दछ, किनभने तपाईले यो प्रतिज्ञा गर्नुभएको थियो, प्रभु। किनभने, तपाईको अनुग्रहले यहाँ हामी अनुग्रह दिनलाई आएको छ। किनभने यो गर्ने तपाईको प्रतिज्ञा थियो, तपाईले यो गर्नुभएको छ। हामी देख्छौ कि तपाईले आफ्नो मानिसहरुलाई छोड्नुहुन्न।

278 अब, पिता परमेश्वर, तिनीहरु जो संग प्रार्थनाको कार्ड छ, जो प्रार्थनाको पंक्तिमा आएका छन्, विश्वास गर्नको लागि तिनीहरुमा विश्वास रहेको होस्। ओ सर्वशक्तिमान परमेश्वर, जब हातहरु तिनीहरु माथी राखिन्छन्, तिनीहरु यहाँ जान सकेका होउन्, रमाउदै, कराउदै परमेश्वरको प्रशंसा गर्दै, कि तिनीहरु निको भएका छन्। प्रदान गर्नुहोस्, प्रभु।

279 र यिनीहरु जो बचेका छन्, यो जान्न सकेका होऊन् कि परमेश्वरसंग त्यहाँ कुनै गुप्तका कुराहरु छैनन्। परमेश्वरले हृदयका सबै लुकिएका कुराहरु खोल्नुहुन्छ; हाम्रो सोचमा भएका सबै विचारहरु उहाले जान्नुहुन्छ। यसलाई प्रदान गर्नुहोस्, पिता। हामीहरु यसलाई येशूको नाउँमा माग्दछौ। आमेन।

280 अब, तपाईहरु जससंग प्रार्थनाको कार्ड छ, त्यहाँ श्रोताहरु माझमा, तपाई मानिसहरु जो मण्डलीको चारैतिर हुनुहुन्छ, यहाँ चारैतिर हुनुहुन्छ,

जससंग प्रार्थनाको कार्ड छ, तपाईहरु विश्वास गर्नुहुन्छ? आफ्नो हातहरु उचाल्नुहोस्। र विश्वास गर्नुहोस् कि एउटा मान्छेले यो गर्न सक्दैन। त्यो परमेश्वरबाट आउनु पर्दछ। तपाई विश्वास गर्नुहुन्छ कि यो परमेश्वरको एउटा प्रतिज्ञा हो, जुन उहाँले गर्नेछु भनि भन्नुभएको थियो? [सभाले भन्छ, "आमेन।"—सम्पा।] ठिक छ। त्यसो भए तपाई जान्नुहुन्छ कि यहाँ कोहि मेरो पछाडि हुनुहुन्छ।

281 म यो वचन पूर्ण रूपमा परमेश्वरको अगाडि लिदछु। मानिसहरु जसको अगाडि यो बोलियो, जो कोहि उहाहरु हुनुहुन्छ, म उहाँहरुलाई चिन्दिन, र उहाँहरुले मलाई चिन्नुहुदैन। उहाँहरु अन्जान मानिसहरु हुनुहुन्छ जो आजै मण्डलीमा आउनुभयो यहाँ, उहाँहरु जहाँ कहिँ हुनुहुन्थ्यो।

282 मैले केहि दर्शनहरु देखेको छु यस मण्डली भित्र हुनुभएको मानिसहरुको निम्ति, तर त्यसलाई एक्कै छोडिदिनुहोस्, हो, तिनीहरुलाई यतिकै छोडिदिनुहोस्।

283 ती मानिसहरु जसलाई बोलाईयो, तपाई जो कोहि हुनुहुन्थ्यो, कि अरुहरुले देख्न सकून् कि तपाई अन्जान हुनुहुन्छ, आफ्नो हात उचाल्नुहोस्। हेर्नुहोस्? सबै जना, सबैजना अन्जान हुनुहुन्छ।

284 केहि कुराले मलाई केवल चलाईरहेको छ। म मेरो अगाडि एउटा कालो वर्णको महिलालाई देख्दैछु, हरेक समय देखिरहेको छु, जसमा गठिया रोग भएको छ र उच्च रक्तसंचार भएको छ। हो। तपाई हामीहरुको माझमा एउटा अन्जान हुनुहुन्छ। तपाई मेम्फिसबाट हुनुहुन्छ, श्रीमती साल्स। त्यो तपाईको नाउँ हो। तपाई यहाँ पहिलो पटक आउनुभएको हो। तपाई प्रभुमा विश्वास गर्नुहुन्छ, पूर्ण हृदयले? त्यसो हो भने तपाई घर जान सक्नुहुन्छ र उद्धार पाउन सक्नुहुन्छ, निको हुनुभएको छ। उहाँको निम्ति परमेश्वरले लिनुहुन्छ।

285 तपाईको पूर्ण हृदयले विश्वास गर्नुहोस्, सबैजना। तपाईको हातहरु अब उचाल्नुहोस्, सबै जना। तपाईको पूर्ण हृदयले विश्वास गर्नुहोस्। तपाईको हात एकअर्कामा राख्नुहोस्।

यहाँ आउनुहोस्, भाई नेभिल। यहाँ आउनुहोस्, प्रार्थना गरिदिनुहोस्।

286 हाम्रो शिरहरु झुकाईरहदा, भाई नेभिलले प्रार्थना गर्नुहुनेछ।

**_अनुग्रहको संदेश_** NEP61-0827

(The Message Of Grace)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा आईतबार विहानमा, अगस्ट २७, १९६१ मा ब्रन्हाम टेबरनेकल, जेफरसनभिल, इन्डीयाना, संयुक्त राज्य अमेरिकामा दिईएको हो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट-छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2023 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:



Voice Of God Recordings

P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.

www.branham.org